# परिच्छेद–एक

# शोध अध्ययनको परिचय

## १.१ भूमिका

विश्वमा राजनीतिक सिद्धान्तका दुई प्रमुख दृष्टिकोणहरु छन्, ति हुन्–पूर्वीय र पाश्चात्य । पूर्वीय राजनीतिक दृष्टिकोण अन्तर्गत वेद, रामायण, महाभारत, तथा स्मृतिहरुमा प्रतिपादित ऋषि महर्षिहरुको चिन्तनलाई लिईन्छ भने पाश्चात्य राजनीतिक दृष्टिकोण अन्तर्गत प्रचीन ग्रीकका दार्शनिकहरुः सुकरात, प्लेटो, अरस्तु, तथा अन्य कैयौं विचारकहरुको चिन्तन मननबाट प्रारम्भ भएको राजनीतिक दर्शनलाई लिईन्छ । राजनीतिशास्त्र अंग्रजीको Politcal Science को नेपाली रुपान्तरण हो । Politcs शब्द ग्रीक भाषाको Police र Politia शब्दबाट उत्पत्ति भएको हो । Police को अर्थ हो नगर र Politia को अर्थ हो राजनीति । प्रचीनकालमा राजनीतिशास्त्रलाई नागरिकशास्त्र भनिन्थ्यो । त्यसबेला ग्रीकमा स–साना नगरराज्यहरु थिए । तिनै नगरराज्यहरुको अध्ययन गराउने शास्त्र भएकाले यसलाई नागरिकशास्त्र भनिएको हो । पछि यसलाई राजनीतिशास्त्र भन्न थालियो । वास्तवमा नागरिकशास्त्र भन्नाले नागरिकहरुको जीवनपद्धति, रहनसहन आदि कुराहरुसँग बढी गाँसिएको हुन्छ भने राजनीतिशास्त्रले नागरिकहरुको बारेमा मात्र अध्ययन नगरी समष्टिगत रुपमा राज्य र सरकारका बारेमा अध्ययन प्रस्तुत गर्दछ । अतः नागरिकशास्त्रको परिमार्जित एवं विस्तृत स्वरुप नै राजनीतिशास्त्र हो । मानिस एउटा सामाजिक प्राणी हो । समाजमा नरहने कि त पशु कि त ईश्वर नै हुन्छ । यसरी मानिसले मानिस भएर बाँच्नका लागि समाजमा बस्नु पर्दछ । यस्ता समाजमा बस्ने अर्थात् सामाजिक मानिसको बारेमा व्यापक अध्ययन प्रस्तुत गर्ने शास्त्र नै राजनीतिशास्त्र हो ।

मानिसले चाहे पनि नचाहे पनि यदि कुनै यस्तो विषय छ जसले उसलाई प्रत्यक्ष वा परोक्ष रुपले सधैं प्रभाव पारिरहन्छ भने त्यो हो-राजनीति । इतिहास पल्टाएर हेर्ने हो भने राजनीतिको नाममा मनुष्यले सामान्जस्य र उग्र संघर्ष दुवै व्यहोर्नु परेको उदाहरण यत्र तत्र पाईन्छ । यो यति व्यापक, सर्वकालिक र सर्वदेशिक छ कि कसैले यसलाई गुरु विज्ञान (Master Science) अथवा विज्ञानहरुकी महारानी (Queen of the Science) भन्दछन् भने कसैले यसलाई शक्तिशाली सुविधा प्राप्त वर्गको 'फोहोर व्यापार' (Durty Business) भन्दछन् । तर राजनीतिलाई विज्ञानहरुकी महारानी अथवा फोहोर व्यापार जे भने पनि मनुष्य जीवन यसबाट

कुनै रुपमा पनि अछुतो रहन भने सक्दैन । मानव जीवनसंग सम्बन्धित सम्पूर्ण नीति निर्माण र कार्यान्वयन यही राजनीतिको सरोकारको विषय हो । प्रकारान्तरमा भन्ने हो भने हाम्रो जीवनको चारैतिर राजनीतिक उपस्थिति र प्रभाव हुन्छ । त्यसैले राजनीतिशास्त्र त्यो शास्त्र हो जसले मानव जीवनको राजनीतिक पक्षको क्रमबद्ध अध्ययन गर्दछ । समाजमा अव्यवस्था हुने भएकाले त्यसलाई व्यवस्थित गर्ने शास्त्र नै राजनीतिशास्त्र हो । राजनीतिशास्त्रले राज्य र सरकारका विविध पक्षका साथ साथै शक्ति, सत्ता, निर्णय निर्माण, सामाजिक प्रकृया र द्वन्द्व समाधान जस्ता विषयका बारेमा समेत अध्ययन गर्दछ । हरेक समाजले सामाजिक मुल्य र मान्यतामा समय सापेक्ष रुपमा परिवर्तन गर्ने क्रममा राजनीतिमा पनि परिवर्तत गरेको हन्छ । हामीले विश्व इतिहारबाट यो शिक्षा लिएका छौं की समयको परिवर्तन सगै विभिन्न जातीय तथा राजनीतिक समाजमा विभिन्न समुदायका बीच प्रतिस्पर्धा हुँदा अस्थिरता, अराजकता र उपद्रव सृजना हुन पुग्छ । तिनिहरुलाई समाधान गर्ने क्रममा कुनै एक दर्शनको जन्म हुन्छ । यस्ता दर्शनहरु बीच प्रतिस्पर्धा चल्दा विपरित दुई दर्शनको सघर्षमा कुनै एक दर्शनले अर्को दर्शनलाई स्वीकार्दैन वा निषेध गर्न खोज्दछ भने त्यति बेला बिद्रोह हुन्छ । राजनीति मानव अस्तित्वका निम्ति अनिवार्य तत्व मानिन्छ । मानव मानव बीचको सम्बन्ध उसको समाज, राज्य र सरकारको, विकास, स्वरुप एवं त्यसप्रति उनीहरुको आवद्धता, झुकाव, सम्बन्ध आदि लगायत मानवीय शान्ति र प्रगति सम्बन्धी सबै घटना र तथ्यहरुलाई नै राजनीति भनिन्छ । मानव जीवनलाई सुव्यवस्थित, सुस्थीर र सहज बनाउँदै उसको सभ्यताको जगेर्ना र प्रवर्द्धन गर्नका लागि पनि राजनीति नकार्न नसकिने तथ्य हो । मानव कल्याणकै खातिर समयका क्रममा हरसभ्यता र युगको मूल्य मान्यता, अभिवृद्धिमा विख्यात चिन्तक, दार्शनिक र वैज्ञानिकहरुले आदर्शपरक, यथार्थपरक र अनुभवपरक आदि रुपमा चिन्तन गर्दै आएका छन् । प्राचिन कालमा आदर्श राज्यसँग यसलाई जोडियो । मध्यकालमा राज्यलाई स्वायत्त र सक्षम बनाउन यसको व्याख्या गरिएको थियो । आधुनिक समयमा मानवीय जीवनका विविध संकट मोचन र उसको सभ्यताको विकास र प्रवर्द्धनमा यसको चिन्तनलाई केन्द्रित गरिएको छ ।

## १.२ समस्याको कथन

संसारमा एक दशकअघिसम्म शान्तिपूर्ण क्षेत्र, सगरमाथाको देश र ईमान्दार नेपालीको वासस्थानको रुपमा चिनिएको हाम्रो देशमा २०५२ फागुन १ गतेदेखि शसस्त्र द्वन्द्व सुरु भई अहिलेको अवस्थामा आईपुग्दा गृहयुद्धमा फँसेको, मानवअधिकार हननमा अग्रणी, अशान्त,

भ्रष्टाचार र कुशासनले गाँजेको, राजपरिवारको समेत सुरक्षा नभएको (जुन २००१ मा श्री ५ बीरेन्द्रको वंशविनास भएको थियो), सत्ता संघर्षमा लिप्त राजनीतिक चरित्र भएको अचम्मलाग्दो (Strange) देश भनेर चिनिन भयो । यसरी संसारमा नेपालको पहिचान बदलिनुका पछाडि विभिन्न कारणहरु विद्यमान भए पनि यसको प्रतिविम्बचाहिँ हिंसात्मक विद्रोह/शसस्त्र द्वन्द्वमार्फत् भएको हो । द्वन्द्वका कारण दश हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ भने करिब हजारको संख्यामा वेपत्ता पारिएका छन् । सयौं मानिस अङ्गभङ्ग भएका छन्, भने ४०–५० हजार व्यक्ति आन्तरिक रुपमा विस्थापित हुन पुगे । हजारौं बालबालिका टुहुरा भए भने हजारौं महिलाहरु विधवा भए । थप हजारौं मानिस विदेश पलायन भए । विकास निर्माणका संरचनाहरुको क्षति भयो भने विकासका पूर्वाधारहरु तहसनहस बन्न पुगे । बाल मनोविज्ञानमा हिंसाले प्रतिकूल प्रभाव पारेको देखिन्छ । द्वन्द्वपीडित नेपालीहरुमा डर, त्रास, असहायपन, नैराश्यता, आक्रोश, आवेस र बदलाको भावना विकास भएको छ । समुदाय र समाजलाई बाँधेर राख्ने सामाजिक सम्बन्धहरु क्षतविक्षत भएका छन्, समाज टुक्रिएको छ, समुदाय विखण्डित र निराश भएको छ । भाइचाराको सम्बन्ध शत्रुतामा परिणत भएको छ ।

२०५२/११/०१ देखि तत्कालिन ने.क.पा. (माओवादी)द्वारा शुरु भएको सशस्त्र विद्रोह/द्वन्द्व (हिंसात्मक संघर्ष) २०६२/०८/०५ गतेको विस्तृत शान्ति सम्झौता सम्पन्न हुँदासम्म चलिरहेको थियो । यसले नेपाली राजनीतिमा सकारात्मक र नकारात्मक दुवै खालका प्रभावहरु पारेको छ । समय समयमा युद्ध विराम र वार्ताहरु गर्दै युद्ध विराम भंग गरिए । तत्कालिन विद्रोही ने.क.पा. माओवादी र आन्दोलनरत संसदवादी ७ राजनीतिक दलहरुका बीच मिति २०६२/०८/०७ मा सम्पन्न १२ बुँदे सम्झौताको परिणाम स्वरुप भएको २०६२/०६३ को शान्तिपूर्ण जनआन्दोलन भाग–२ को माध्यमबाट विघटित प्रतिनिधि सभाको पुनःस्थापना भयो र ७ दलको सरकार गठन भै विद्रोही ने.क.पा. (माओवादी)संग वार्ताका माध्यमबाट समस्य समाधान गर्ने सन्दर्भमा शान्तिपूर्ण मार्ग अवलम्वन गरी विस्तृत शान्ति सम्झौता सम्पन्न भै द्वन्द्व व्यवस्थापन गरी त्यसको रुपान्तरणको प्रकृया अगाडि बढाईयो र युद्ध विरामपछि नेपाली जनताले केही मात्रमा भए पनि शान्तिको महशुस गर्ने मौका पाउन पुगे । द्वन्द्व व्यवस्थापन गरेर मात्र हुँदैन त्यसको रुपान्तरणका प्रकृयाहरु अपनाई समाधान पनि तुरुन्तै गरिनु पर्दछ नत्र भने त्यसको परिणाम नकारात्मक नहोला भन्न सकिँदैन । त्यसैले समयमै सरकारले जतिसक्दो उक्त कार्यको थालनी गर्नु पर्दछ ।

११ वर्षे सशसत्र द्वन्द्व कालिन समयमा नेपालका प्राय सबै जिल्लाहरु हिंसाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित भए । तर हालसम्म माओवादी सशस्त्र विद्रोह/द्वन्द्व र त्यसको व्यवस्थापन तथा रुपान्तरणका सम्बन्धमा भएका प्रयासहरुलाई समेटी व्यवस्थित रुपमा कुनै खोज तथा अनुसन्धान भै त्यसको यथार्थता बाहिर ल्याउने प्रयास कहीं कतै र कसैबाट भए गरिएको पाईदैन । तत्कालिन ७ राजनीतिक दल र ने.क.पा. माओवादी बीच विस्तृत शान्ति सम्झौता त भयो तर त्यसको भावना र मर्म अनुसार दीर्घकालिन र दीगो शान्ति कायम गर्ने दीशामा न त तत्कालिन सरकार र विद्रोही पक्ष नै गम्भीर तथा संवेदनशील हुन सके जुन कार्य बल्ल हालैका दिनहरुमा आएर जव भयो राती तव बुढी ताती भने झै दलहरुले केही गर्छन कि भन्ने आभाससम्म देखिन थालेको छ । तत्कालिन समयमा संबिधान सभालाई प्रमुख प्राथमिकता दिईयो भने संबिधानसभाको निर्वाचन पश्चात नयाँ सरकार गठनका लागि प्राथमिकता दिईयो । हालसम्म पनि संबिधान निर्माण प्रकृयालाई प्रमुख प्राथमिकता नदिई केवल सरकार गिराउने र बनाउने खेलमा सबै दलहरु लागिपरेको देख्न पाईन्छ । सहमतीय राजनीतिलाई छोडेर बहुमतीय राजनीतिको खेलमा तीन ठुला राजनीतिक दल भनाउँदाहरु लगिपरेका छन । तत्कालिन विद्रोही पार्टीका जनसेनालाई क्यान्टोनमेन्टमा राख्ने काम मात्र गरिएको छ तर उनीहरुलाई विस्तृत शान्ति सम्झौतले परिकल्पना गरेको समायोजन र व्यवस्थापनमा ढिलाई गरिएको छ । यहाँसम्म कि आजको समयसम्म पनि सो कार्यलाई राजनीतिक खिंचातानीका कारण तिब्रताका साथ अगाडि नबढाई बल्ल आएर विस्तृशान्ति सम्झौता सम्पन्न भएको पाचौं वर्ष पछि मात्र धिमा गतिमा भएपनि राजनैतिक पार्टीहरुको घैंटामा घाम लागे जस्तो छ र माओवादी सेना तथा लडाकुहरुको पुनः वर्गिकरण एवं द्वन्द्व कालमा कब्जा गरिएका घर जग्गाहरु फिर्ता गर्ने भनी दलहरु त्यस तर्फ लागेको पाईन्छ ।

संक्रमणकालिन न्यायका संयन्त्रहरुको निर्माण गरी विगत द्वन्द्वका समयमा गरिएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरु अभिलेखिकरण गर्ने र दोषी पहिचान गरी पीडितलाई न्याय र दोषीलाई अर्थात् पीडकलाई जीम्मेवार बनाई सजायको भागिदार बनाउने कार्यको थालनी नै गरिएको छैन र त्यसो गर्ने कुराको लक्षण समेत देखिएको छैन । जसका कारण देशमा दण्डहीनताको संस्कृति मौलाई रहेको पाईन्छ । द्वन्द्व पीडित नागरिकहरुले न्याय नपाएको खण्डमा ती नागरिकहरु संगठित हुन गै पुनः अर्को द्वन्द्वको शुरुवात नहोला भन्न सकिंदैन । पीडितहरुलाई न्याय दिन र उनीहरुलाई आवस्यक राहत तथा क्षतिपूर्ति/परिपूरण समेत उपलब्ध गराउनका लागि वास्तविक पीडितको तथ्यांक यकिन हुनु आवश्यक हुन्छ ।

२०५१ सालमा तत्कालिन संयुक्त जनमोर्चाद्वारा प्रस्तुत गरिएका ४० बुँदे माग प्रति तत्कालिन सरकारबाट कुनै किसिमको सम्बोधन हुन नसक्दाको परिणाम स्वरुप देशले ११ वर्षे सशस्त्र द्वन्द्वको भुमरी भेल्नु पऱ्यो । नेपाली दाजु भाइहरुका बीच काटाकाट र मारामारको स्थिति आईलाग्यो । द्वन्द्व पीडितहरुलाई न्याय नदिने हो भने शान्ति प्रकृयाले दीगो रुप लिन सक्दैन र निकट भविष्यमा नै अर्को स्वरुपको द्वन्द्व शुत्रपात नहोला भन्न सकिन्न । राहत र क्षतिपूर्तिको लोभमा १–१ लाख रकम उपलब्ध गराएर सरकार पन्छिन मिल्दैन । न्यायलाई पैसा र रुपैंयामा विक्री गर्न सकिदैन र मिल्दैन पनि । दीगो शान्ति स्थापनाका लागि र समाजमा मेलमिलापको वातावरणा सृजना गर्नका लागि विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संबिधानले व्यवस्था गरेको **सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता सम्बन्धी आयोगको** स्थापना हालसम्म पनि गरिएको छैन । त्यसको गठन तुरुन्त गरी कार्यको थालनी गर्नु पर्ने आवस्यकता देखिन्छ । सम्झौता पत्रमा उल्लेखित प्रतिबद्धताहरु पूर्णरुपमा पालना गरिएका छैनन । शान्ति प्रक्रियामा नै अवरोध उत्पन्न भएको देखिन्छ । सेना समायोजनको विषय पनि टुंगोमा पुग्न सकेको छैन । साथै संबिधान निर्माण प्रकृया समेत अवरुद्ध भएको छ । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन र दीगो शान्ति कायम गर्नका लागि सरोकारवालाहरु सबै नागरिक समाज, पत्रकार तथा पेसा र व्यवसायका आम नागरिकहरुले आ-आफ्नो तह र तप्काबाट भूमिका निर्वाह गर्दै सरकार तथा संबिधानसभामा प्रतिनिधित्व गर्ने दलहरुलाई दवाव सृजना गर्नु पर्ने अवस्था देखिन्छ । यस अध्ययनबाट निम्न लिखित कुराहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको उत्पत्ति के कति कारणले हुन गयो ?
२. माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको विकास र विस्तार के कसरी हुन गयो ?
३. नेपालमा ११ वर्षे माओवादी सशस्त्र विद्रोह/द्वन्द्व व्यवस्थापन एवं रुपान्तरणका लागि के कस्ता प्रयासहरु गरिए र त्यसबाट नेपाली राजनीतिमा के कस्ता प्रभावहरु परे ?

## १.३ अध्ययनका उद्देश्यहरु

यस अध्ययनले नेपालमा विगत २०५१ सालदेअि चलेको ११ वर्षे माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले के कति एवं कस्तो क्षति पुग्न गयो ? खोजी गरी त्यसका साथै विगत समयमा भएको ११ वर्षे सशस्त्र द्वन्द्वको कारण, विकास र विस्तार एवं त्यसको व्यवस्थापनका लागि गरिएका प्रयासहरु र त्यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा खोजी गरिएकोछ ।

साथै उक्त कालमा राज्य पक्ष र गैर राज्य पक्षबाट वेपत्ता पारिएका र हत्या गरिएका व्यक्तिहरुको तथ्याङ्कको खोजी गरी द्वन्द्वको प्रभावको स्थितिको यथार्थ चित्रण अर्थात द्वन्द्वको पनर्श्वचित्र प्रस्तुत गर्ने प्रयास गरिएको छ । यस अध्ययनका उद्देश्यहरुलाई निम्न दुई भागमा राखेर हेर्न सकिन्छ :

**क) सामान्य उद्देश्य**

१. नेपालमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको प्रभाव अर्थात् द्वन्द्वको पार्श्वचित्र तयार पार्ने कोशिस गरिएको छ ।

२. नेपालमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको उत्पत्ति, विकास र विस्तार हुनाको कारणहरुको खोजी गर्ने प्रयाश गरिएको छ ।

**ख) विशिष्ट उद्देश्यहरु**

१. नेपालमा हालसम्म भएका सशस्त्र विद्रोह/द्वन्द्व एवं ऐतिहासिक जनआन्दोलनहरुको खोजी गर्ने जमर्को गरिएको छ ।

२. नेपालमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्व व्यवस्थापन र रुपान्तरणका लागि भए गरिएका प्रयासहरुको खोजी गरी त्यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा खोजी गरिएको छ ।

## १.४ अनुसन्धान विधि

प्रस्तुत अध्ययनमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्व र त्यसको व्यवस्थापनबाट नेपाली राजनीतिमा पर्न गएको प्रभाव एवं राजनीतिक परिवर्तन जस्ता विषयहरु समावेस भएको यो विवरणात्मक ढाँचाको छ । साथै माओवादी सशस्त्र विद्रोह र नेपाली राजनीतिमा यसको प्रभावका बारेमा पनि अध्ययन गरिने हुँदा र माओवादी सशस्त्र द्वन्द्व व्यवस्थापन गर्नका लागि के कस्ता शान्ति प्रक्रियाहरु भए गरिए, माओवादी किन एवं कसरी रुपान्तरित हुँदै आए भन्ने पक्षको समेत व्याख्या पनि यस अध्ययनमा गरिनु पर्ने भएकाले यो अनुसन्धान विश्लेषणात्मक ढाँचाको पनि भएकोछ । साथै यस अध्ययनमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले नेपाली राजनीतिमा पारेको प्रभवका बारेमा र माओवादी सशस्त्र विद्रोह/द्वन्द्व व्यवस्थापन तथा त्यसको रुपान्तरण पछि के कस्तो राजनैतिक परिवर्तन भयो भनी त्यसको समेत अध्ययन गरिएकाले यसमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्व अघिको राजनैतिक अवस्था र माओवादी सशस्त्र विद्रोह/द्वन्द्व व्यवस्थापन तथा त्यसको रुपान्तरण पछि नेपाली राजनितिमा के कस्तो प्रभाव

पाऱ्यो त्यसको बारेमा समेत खोजी गरिने भएकाले यो तुलनात्मक विधिमा समेत आधारित रहेको छ । अध्ययनका लागि चाहिने आवश्यक सामाग्री, सुचना तथा तथ्याङ्कहरु सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुबाट प्रकाशित एवं अप्रकाशित अभिलेखमा आधारित हुने भएकाले यो अध्ययन मुख्यतः द्वितीय स्रोतमा आधारित अनुसन्धान हो ।

## १.५ पूर्व साहित्यको समीक्षा

नेपालमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्व व्यवस्थापानका सम्बन्धमा द्वन्द्वविद् डा. विष्णुराज उपेतीको पुस्तक **'नेपालमा माओवादी सशस्त्र द्वन्द्व कारण, असर र समाधानका प्रयासहरु'** (२०६१) भृकुटी एकेडेमिक पब्लिकेसन्स् नामक पुस्तक महत्वपूर्ण मान्न सकिन्छ । उक्त पुस्तकमा उहाँले नेपालमा सशस्त्र द्वन्द्वका कारणहरु, सशस्त्र द्वन्द्वको प्रभाव, नेपालमा भएको सशस्त्र द्वन्द्व रुपान्तरण र शान्तिका प्रयासहरुका बारेमा प्रकाश पार्नु भएको छ तर उहाँको उक्त कृतिमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनाका लागि २०६१ सालसम्म भए गरिएका प्रयासहरुलाई मात्र समेटिएको छ त्यसपछि भए गरिएका प्रयासहरुलाई र सो विद्रोहले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा भने उक्त पुस्तकमा समेट्न सकिएको छैन । उक्त पुस्तक २०६१ सालमा नै प्रकाशित भएकाले पनि सो सम्भव हुन सक्ने अवस्था रहेन । त्यसैगरी उहाँबाट नै लिखित **'द्वन्द्व व्यवस्थापन'** (२०६२) भृकुटी एकेडेमिक पब्लिकेसन्स् नामक अर्को पुस्तक महत्वपूर्ण मान्न सकिन्छ । उक्त पुस्तकमा उहाँले द्वन्द्व व्यवस्थापनका बारेमा सैद्धान्तिक रुपले व्याख्या गर्नु भएको छ तर नेपालम भएको माओवादी सशस्त्र विद्रोहको व्यवस्थापन र त्यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा व्याख्या र विश्लेषण गर्न सक्नु भएको छैन, त्यसैले सो पुस्तक पनि अधुरो छ ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित **'मानव अधिकार शान्तिमाला'** (२०६२) नामक पुस्तकमा द्वन्द्वको परिभाषा, द्वन्द्व सृजना हुनाका कारण, हिंसात्मक द्वन्द्वका कारण, स्वरुप, र परिणाम, शान्तिवार्ता र सम्झौता तथा शान्तिका बारेमा समेत प्रकाश पारिएको पाईन्छ तापनि उक्त पुस्तकमा केवल सैद्धान्तिक पक्षको मात्र व्याख्या र विश्लेषण गरिएको छ तर नेपालको माओवादी हिंसा अन्त्यका लागि भएका शान्ति प्रकृयाका बारेमा भए गरिएका प्रयासहरुको व्यवहारिक पक्षहरुलाई भने केलाउन सकेको पाईदैन । त्यसै गरी उक्त पुस्तकमा माओवादी विद्रोह र त्यसको व्यवस्थापनबाट नेपाली राजनीतिमा परेको प्रभावका बारेमा समेत व्याख्या र विश्लेषण गर्न सकेको पाईदैन । त्यसैले सो

पुस्तक पनि अधुरो छ । त्यसैगरी सोही संस्थाद्वारा नै प्रकाशित **मानव अधिकार स्थिति सूचक, वर्ष १८, अङ्क २ , द्वन्द्वपीडित पाश्वचित्र,** नामक पुस्तकमा द्वन्द्वको कारणबाट के कति नागरिकहरुको ज्यान गयो, के कति व्यक्ति वेपत्ता भए र के कतिजना अपाङ्ग हुन पुगे भन्ने कुराको बारेमा प्रकाश त पारिएको छ तर त्यसले नेपालमा भएको शान्ति प्रकृयाका बारेमा भए गरिएका प्रयासहरुको व्यवहारिक पक्षहरुलाई भने केलाउन सकेको पाईदैन । त्यसै गरी उक्त पुस्तकमा माओवादी विद्रोह र त्यसको व्यवस्थापनबाट नेपाली राजनीतिमा परेको प्रभावका बारेमा समेत व्याख्या र विश्लेषण गर्न सकेको पाईदैन । त्यसैले उक्त पुस्तक पनि अपुरो र अधुरो मान्नु पर्दछ ।

रेडक्रसको अन्तराष्ट्रिय समिति (आई. सी.आर.सी.) नामक संस्था द्वारा मिति २०६३ साल फाल्गुन ३ गतेको गोरखा पत्रमा **बेपत्ता भएकाबारे जान्न पाउनुः एक अधिकार** शीर्षकमा प्रकाशित **सशस्त्र सङ्घर्षका क्रममा बेपत्ता व्यक्तिहरुको नाम सूची** नामक समाचारमा केवल वेपत्ता भएका व्यक्तिहरुलाई मात्र जोड दिईएको छ तर अन्य कुराका बारेमा केहि पनि खोज तलास गरिएको छैन बरु त्यसमा द्वन्द्वको क्रममा मारिएका व्यक्तिलाई समेत वेपत्ता सूचीमा राखिएको पाईन्छ । त्यसैले त्यो पनि त्रुटीपूर्ण छ । त्यसैगरी उक्त संस्थाद्वारा फेरी २०६६ सालमा एउटा पुस्तिका प्रकाशन गरेको थियो । त्यो पुस्तिका **नेपालमा बेपत्ता भएका व्यक्तिहरु,** बेपत्ता भएकाबारे जान्न पाउनुः एक अधिकार नामक थियो । **पुस्तकको जिल्लागत नामावली सूचीमा** पनि केवल वेपत्ता भएका व्यक्तिहरुलाई मात्र जोड दिईएको छ तर अन्य कुराका बारेमा केहि पनि खोजी गरिएको छैन र उक्त पुस्तिकामा पनि द्वन्द्वको क्रममा मारिएका व्यक्तिलाई समेत वेपत्ता सूचीमा राखिएको पाईन्छ । त्यसैले त्यो पनि अपूर्ण एवं त्रुटिपूर्ण छ ।

सोम बहादुर नेपालीद्वारा त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग, अनुसन्धान समिति, पोखरामा "**नेपालमा संकटकलको राजनैतिक द्वन्द्वः एक अध्ययन** ( २०५९-२०६१)" नामक विषयमा शोधकार्य गर्नु भएको पाईन्छ । तर उहाँले सो कृतिमा केवल द्वन्द्वको सैद्धान्तिक पक्षको मात्र व्याख्या र विश्लेषण गर्नु भएको छ साथै उहाँले नेपालको संकटकालिन अवधिको मात्र अध्ययन गरेको पाईन्छ । अर्थात् २०५९ सालदेखि २०६१ सालसम्मको अवधिको मात्र अध्ययन गर्नु भएको छ त्यस कारण उक्त अध्ययन अपूर्ण छ । माओवादी विद्रोहको व्यवस्थापन र त्यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा समेत कुनै किसिमले उल्लेख गर्न सक्नु भएको छैन । त्यस कारण उक्त शोधकार्य पनि अधुरो नै छ ।

त्यसैगरी हरिराज पोखेलद्वारा त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग, अनुसन्धान समिति, पोखरामा "**नेपालमा संक्टकालको राजनैतिक अवस्था एक अध्ययन** (२०६०)" नामक विषयमा शोधकार्य गर्नु भएको पाईन्छ । तर उहाँले सो कृतिमा केवल देशमा संकटकालको घोषणा भएपछि अर्थात् २०५८।०८।१९ देखि २०६० सालसम्मको अवधिको मात्र अध्ययन गर्नु भएको छ । उहाँले माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको व्यवस्थापन र यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा कुनै किसिमले उल्लेख गर्न सक्नु भएको छैन । त्यस कारण उक्त शोधकार्य पनि अधुरो नै छ ।

लोकनाथ पराजुलीद्वारा त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग, अनुसन्धान समिति, पोखरामा **शाही शासन कालमा बन्दीप्रत्यक्षीकरणको अवस्था, पोखरा र बाग्लुङको तुलनात्मक अध्ययन** (२०६४)" नामक विषयमा शोधकार्य गर्नु भएको पाईन्छ । तर उहाँले सो कृतिमा केवल देशमा संकटकालको घोषणा भएपछि अर्थात् २०५८।०८।१९ देखि पोखरा र बाग्लुङमा परेका बन्दीप्रत्यक्षीकरणका रिटहरुको मात्र तुलनात्मक रुपले अध्ययन गर्नु भएको छ तर उहाँले माओवादी विद्रोहको व्यवस्थापन र त्यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा कुनै किसिमले उल्लेख गर्न सक्नु भएको छैन । त्यस कारण उक्त शोधकार्य पनि अधुरो नै छ ।

त्यसै गरी गोविन्दराज गौतमद्वारा त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग, अनुसन्धान समिति, पोखरामा **नेपालको राजनीतिमा संकटकालः संबैधानिक व्यवस्था र मानव अधिकारको स्थिति एक विश्लेषण, बाग्लुमा गरिएको अन्वेषण** (२०६०) नामक विषयमा शोधकार्य गर्नु भएको पाईन्छ । उक्त शोधकार्यले माओवादी विद्रोहको व्यवस्थापन र यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा समेत कुनै किसिमले उल्लेख गर्न सक्नु भएको छैन । त्यस कारण उक्त शोधकार्य पनि अधुरो नै छ ।

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभागद्वारा प्रकाशित जर्नल अफ पोलिटिकल साइन्स, भोलम ५,६ मा राजनीतिशास्त्र शिक्षण विभागका उप–प्राध्यापक श्री उमानाथ बराल ज्युले "**नेपालको राजनीतिक द्वन्द्व र यसको व्यवस्थापन**" नामक शीर्षकमा लेख लेख्नु भएको पाईन्छ । उक्त लेखमा उहाँले माओवादी विद्रोहको अर्थात् नेपालको राजनीतिक इतिहासमा भएका केही सशस्त्र विद्रोह/द्वन्द्वको बारेमा उल्लेख गर्दै माओवादी विद्रोह र यसको व्यवस्थापनका बारेमा समेत प्रकाश पार्नु भएकाले उक्त लेख महत्वपूर्ण मान्न सकिन्छ ।

कुन्द दीक्षितद्वारा लिखित **लडाइँमा जनता** नेपालको युद्धका चित्रहरु २०५२–२०६३, नेपालय प्रा.लि. कालिकास्थान:सन् २००८ पुस्तकमा केवल युद्धकालिन समयका फोटोहरुलाई बढी जोड दिएर प्रकाशन गरिएको छ तर माओवादी विद्रोह र त्यसको व्यवस्थापनले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा केही पनि उल्लेख गरिएको छैन त्यसैले त्यो पनि अधुरो नै छ ।

नेपालको माओवादी सशस्त्र द्वन्द्वका बारेमा थुप्रै देशी एवं विदेशी विद्वानहरुले कलम चलाएको पाईन्छ तापनि पूर्ण रुपमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको व्यवस्थापनका लागि द्वन्द्वको शुरुवातदेखि त्यसको अन्त्यका लागि गरिएको विस्तृत शान्ति सम्झौता सम्पन्न गर्ने समयसम्म भए गरिएका प्रयासहरुलाई समेटी हालसम्म कसैले पनि कलम चलाएको पाईदैन त्यसैले प्रस्तुत शोध अध्ययन यस क्षेत्रमा एक मौलिक खोज अनुसन्धान भएको देखिन्छ ।

## १.६ अध्ययनको महत्व

नेकपा माओवादीद्वारा संचालित ११ वर्षे सशस्त्र विद्रोह/जनयुद्ध अर्थात् हिंसात्मक द्वन्द्वका कारण हजारौं नागरिकहरुको ज्यान गएको छ भने सयौंको संख्यामा बेपत्ता पारिएका छन् । सयौं नागरिक अङ्गभङ्ग भएका छन भने हजारौंको सख्यामा विस्थापित भई आन्तरिक शरणार्थीको जीवन जीउन बाध्य बनाईए । कयौंलाई घर परिवार बिहीन बनाईयो । हजारौं महिलाहरुलाई विधवा बनाईयो भने हजारौं बालबालिकाहरुलाई अभिभावक बिहीन तुल्याईयो । नेपालमा चलेको ११ वर्षे सशस्त्र द्वन्द्वको उत्पत्ति हुनाका कारणहरुको खोजी गरी त्यसको व्यवस्थापनका लागि भए गरिएको शान्तिपूर्ण प्रयासहरुलाई समेत खोजी गरिनुका साथै त्यसको विश्लेषणात्मक रुपले अध्ययन गरिएकाले यस अध्ययनले नेपालको राजनैतिक इतिहासमा भएका सशसत्र विद्रोह/द्वन्द्वको बारेमा चासो राख्ने, थप अध्ययन अनुसन्धान गर्ने, स्वदेसी तथा विदेसी अध्ययन अनुसन्धानकर्ता, विद्यार्थी, प्राध्यापक, नागरिक समाजका अगुवा, पत्रकार, राजनीतिक नेता तथा कार्यकर्ता समेतलाई थोरै मात्रमा भए पनि सहयोग पुऱ्याउने छ । त्यसैले पनि यसको महत्व रहेको छ । माओवादी सशस्त्र द्वन्द्वको व्यवस्थापन तथा शान्तिपूर्ण रुपान्तरणको प्रयासहरुलाई हालसम्म पूर्ण रुपमा समेटी कुनै पनि किसिमको अध्ययन र अनुसन्धान भएको पाईदैन । द्वन्द्वबाट प्रभावित भएका नागरिकहरुको न त राज्यसंग नै यकिन र आधिकारिक तथ्यांक छ, न त तत्कालिन विद्रोही पार्टीसंग नै । त्यसै गरी अन्य सरकारी तथा गैर सरकारी संघ संस्था वा निकायहरुसंग पनि यकिन तथ्यांक रहे भएको पाईदैन । नेपाल सरकार, इन्सेक,

रेडक्रसका लागि अन्तराष्ट्रिय समिति, राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्च आयुक्तको कार्यालय जस्ता संस्थाहरुले पनि एकै किसिमको तथ्यांक बाहिर ल्याउन सकेको अवस्था देखिँदैन । समग्रमा हेर्दा ती तथ्यांकहरु एक आपसमा बाझिने खालका र विवादास्पद रहेको पाईन्छ । ती सबै तथ्यांकहरुलाई एकै ठाउँमा समेटी त्यसको विश्लेषण गर्ने प्रयास पनि यस अध्ययनमा गरिएकाले यसको महत्व झन बढी छ भन्न सकिन्छ । त्यस कारण यस अध्ययनले द्वन्द्वका सम्बन्धमा चासो राख्ने जो कोहीलाई सहयोग पुऱ्याउने नै छ भन्ने आशा तथा विश्वास लिईएको छ ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत विषयको अध्ययन नेपालको शसस्त्र द्वन्द्वसंगमात्र सिमित छ । अर्थात प्रस्तुत विषयको अध्ययन नेपालको राजनीतिक इतिहासमा भएका हिंसात्मक (सशसत्र विद्रोह) युद्धका घटनाहरुलाई खोज्ने प्रयास गर्नुका साथै मुख्यतयाः तत्कालिन ने.क.पा. माओवादीद्वारा २०५२।११।०१ गतेदेखि शुरु गरेको सशस्त्र विद्रोह/द्वन्द्व (जनयुद्ध) औपचारिक रुपले २०६३।०८।०५ गतेको विस्तृत शान्ति सम्झौता भई द्वन्द्वको टुंगो लागी तत्पश्चात २०६४।१२।२८ गते सम्पन्न संबिधानसभाको निर्वाचनको परिणाम र त्यसको पहिलो बैठक मिति २०६४।०२।१५ गते बसी देशमा गणतन्त्रको घोषणा भएको समयसम्म सीमित रहेको छ । समथै यसमा २०५२।११।०१ गतेदेखि २०६३।०८।०५ गतेसम्मको समयावधिभित्र हत्या गरिएका र वेपत्ता बनाईएका व्यक्तिहरुका बारेमा बाहिर आएका विभिन्न फरक फरक तथ्यांकहरुलाई एकिकृत गरी विश्लेषण गर्ने कार्य पनि प्रस्तुत अध्ययनमा गरिएको छ ।

## १.८ अध्ययनको संगठन

यस अध्ययनलाई निम्नानुसारका परिच्छेदहरुमा विभाजन गरी प्रस्तुत गरिएको छ :

क) शुरुमा प्रारम्भिक खण्ड रहेको छ । यस खण्डमा सिफारिसपत्र, स्वीकृतिपत्र, अध्ययनसार, मेरो भन्नु र विषय सूची रहेको छ ।

ख) **परिच्छेद–१** मा शोधपत्रको परिचय खण्ड रहेको छ । यस परिच्छेदमा भूमिका, समस्याको कथन, अध्ययनका उद्देश्यहरु, अध्ययन विधि, पूर्व साहित्यहरुको समिक्षा, अध्ययनको महत्व, अध्ययनको सीमा, र अध्ययनको संगठन रहेको छ ।

ग) **परिच्छेद–२** मा अध्ययनको सैद्धान्तिक अवधारणाका बारेमा चर्चा गरिएको छ । यस परिच्छेदमा द्वन्द्वको अर्थ एवं परिभाषा, द्वन्द्वको अवधारणगत संरचना, द्वन्द्वका कारणहरु, द्वन्द्वका प्रकारहरु, समाज र द्वन्द्वको सम्बन्ध, द्वन्द्व समाधान र द्वन्द्व व्यवस्थापनमा भिन्नता, द्वन्द्व रुपान्तरणको सिद्धान्तका साथै द्वन्द्वात्मक भौतिकवाद, साम्यवाद र माओवाद समेतको अध्ययनमा यो संगठन सीमित रहेको छ ।

घ) **परिच्छेद–३** मा नेपालको राजनैतिक इतिहासमा भएका सशस्त्र विद्रोह/द्वन्द्वहरुको ईतिहास खोतल्ने प्रयास गरिएको छ । साथै विशेषतः माओवादी सशस्त्र विद्रोह/द्वन्द्वलाई प्राथमिकताका साथ अध्ययनको विषय बनाउने प्रयास रहेको छ । वर्तमान अवस्थाका बारेमा प्रकाश पार्ने कोशिस गरिएको छ । अर्थात यस परिच्छेदमा विशेषतः नेपालको राजनीतिक इतिहासमा भएका हिंसात्मक घटनाहरु, सशस्त्र विद्रोह, द्वन्द्व, कलह, झगडा, लडाइँ, संघर्ष, युद्ध अदिको बारेमा चचा गर्नुका साथै जंग बहादुर कुँवरले गरेका पर्व, लखन थापाको विद्रोह,नेपाली कांग्रेसको विद्रोह, डा. के.आई. सिंहको विद्रोह, भीमदत्त पन्तको विद्रोह, २०२८ सालको झापा काण्ड, २०४२ सालको वम काण्ड तथा नेपाली कांग्रेसको सत्याग्रह आन्दोलन, २०४६ सालको राष्ट्रिय जनआन्दोलन, २०५२ सालदेखि माओवादीले शुरु गरेको सशस्त्र विद्रोह/द्वन्द्व अर्थात् जनयुद्ध तथा २०६२/०६३ सालको दोश्रो राष्ट्रिय जनआन्दोलनका बारेमा प्रकाश पार्ने कोशिस गरिएको छ ।

ङ) **परिच्छेद–४** मा तथ्यहरुको प्रस्तुतीकरण र विश्लषण गरिएको छ । यस परिच्छेदमा नेपालको राजनीतिक इतिहासमा २०५२ सालदेखि ने.क.पा.( माओवादीले शुरु गरेको सशस्त्र विद्रोह/द्वन्द्व र त्यसका सकारात्मक तथा नकारात्मक पक्षहरु एवं त्यसले नेपाली राजनीतिमा पारेको प्रभावका बारेमा प्रकाश पार्ने कोशिस गरिएको छ । साथै अझ बढी प्रभावलाई बुझ्न नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संबिधान, २०६३ का बीचमा तुलनात्मक रुपले अध्ययन गरिएको छ ।

च)	**परिच्छेद–५** यस अध्यायमा अध्ययनको निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ । यस परिच्छेदमा नेपालको राजनीतिक इतिहासमा २०५२ सालदेखि ने.क.पा.(माओवादीले शुरु गरेको सशस्त्र विद्रोह/द्वन्द्व र त्यसको व्यवस्थपन पश्चात् नेपाली राजनीतिमा त्यसले पारेको प्रभावका बारेमा देखिएका वा उत्पन्न भएका विविध पक्षहरुलाई समेटी निष्कर्ष एवं सुझावहरु प्रस्तुत गर्ने कोशिस गरिएको छ ।

# परिच्छेद–दुई

# सशस्त्र विद्रोह/द्वन्द्व सम्बन्धी सैद्धान्तिक अवधारणा

## २.१ सशस्त्र विद्रोह/द्वन्द्वको सामान्य परिचय

### २.१.१ अर्थ एवं परिभाषा

सामान्यतः सशस्त्र विद्रोह/द्वन्द्व भनेको हातहतियार सहित गरिएको संघर्ष वा लडाइँ, युद्ध तथा संघर्ष भन्ने बुझिन्छ । यसमा दुई वा दुई भन्दा बढी पक्ष हुन्छन् । उनीहरुका बीचमा कुनै विषयलाई लिएर कुरा नमिलेका कारण विवाद उत्पन्न भएको हुन्छ र यस्तो स्थिति पैदा हुन जान्छ ।

**सशस्त्र विद्रोहः** "कसैले हातहतियार प्रयोग गरी नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गर्ने वा नेपाल राज्यको सत्ता पल्टाउने वा नेपाल राज्यको कार्य संचालनमा बाधा विरोध उत्पन्न गर्ने उद्देश्यले गरिने कार्य" **सशस्त्र प्रहरी बल ऐन, २०५८ को दफा २–ट ।**

**सशस्त्रः** "हातहतियार भएको, हातहतियारले सजिसजाउ, हतियारधारी" **नेपाली शब्दसागर : ( सोपपत्तिक कोश) बसन्त कुमार शर्म्मा 'नेपाल' चौंथो पुनर्मुद्रण, भाभा पुस्तक भण्डार चावेल, काठमाण्डौ** पृष्ठः१२९९ ।

**सशस्त्रः** "शस्त्र सहित; साथमा हातहतियारले युक्त भएको; परस्पर विरोधी तत्व" **नेपाली वृहत् शब्दकोष, नेपाल राजकीय पज्ञा–प्रतिष्ठान, कमलादी काठमाण्डौ पुनर्मुद्रण २०५०,** पृष्ठ १३२२ ।

**विद्रोहः** "राज्य वा सरकारको कार्य संचालनमा बाधा पु¥याउने वा राज्यलाई विफल पार्ने उद्देश्यले गरिएको ठूलो उपद्रव; विप्लव, क्रान्ति, शासनसत्ता वा सरकारलाई पल्टाउनेकाम, ठूलो विरोध; कडा शत्रुता, भनावैरी; झैं–झगडा, रिस; आवेश; द्वेष; तीव्र इर्ष्या" ऐ. ऐ. पृष्ठः१२२१ ।

**विद्रोहः** "विप्लव; अवज्ञाको मनसायबाट हुने विरोध; प्रतिकूल असर पार्ने उपद्रव" **नेपाली कानूनी शब्दकोषःडा. शङ्कर कुमार श्रेष्ठ, पैरवी प्रकाशन,छैठौं संस्करण२०६६,** पृष्ठः ३६२ ।

**विद्रोहः** "झगडा, तकरार,द्वेष,वैरभाव, रिस" **संक्षिप्त नेपाली कोश, संपादक रामचन्द्र ढुंगाना, साझा प्रकाशक, पाचौं संस्करण२०५७,** पृष्ठः४८३ ।

'**संघर्षः** "दुई वा त्यसभन्दा बढी व्यक्ति, दल वा शक्तिका बीचमा हुने स्पर्धा; टक्कर, कुनै विकट परिस्थितिबाट बच्न वा मौलिक हकको संरक्षणका निम्ति गरिने सामूहिक विद्रोहको प्रयास"

**नेपाली वृहत् शब्दकोष,नेपाल राजकीय पज्ञा–प्रतिष्ठान, कमलादी काठमाण्डौ पुनर्मुद्रण २०५०,** पृष्ठ १२८७।

**युद्धः** "परस्परविरोधी दुई दलका बीचमा एकले अर्कालाई दमन गर्ने, हराउने, मार्ने आदि उद्देश्यले गरिने आक्रमण; लडाई; सङ्ग्राम; जुद्दे; कटक" ऐ. ऐ. पृष्ठः१११० ।

**युद्धः** "लडाई, जुद्ध, संग्राम,कटक,आक्रमण, जाइलाग्ने काम"**नेपाली शब्दसागर : (सोपपत्तिक कोश) बसन्त कुमार शर्म्मा 'नेपाल' चौंथो पुनर्मुद्रण, भाभा पुस्तक भण्डार चावेल, काठमाण्डौः** पृष्ठ १२९९ ।

**द्वन्द्वः** "दुई व्यक्तिका बीचको झगडा ; द्वन्द्वयुद्ध; मल्लयुद्ध; कुस्ताकुस्ती ,कलह; संघर्ष; उत्पात" **नेपाली वृहत् शब्दकोष,नेपाल राजकीय पज्ञा–प्रतिष्ठान, कमलादी काठमाण्डौ पुनर्मुद्रण २०५०,** पृष्ठ ६७७ ।

**कलहः** "पक्ष विपक्षका बीचमा कुनै कुरा वा विषयमा हुने भनाभन; परस्परको भनावैरी; बाझाबाझ उत्पात" ऐ. ऐ. पृष्ठः २११ ।

**झगडाः** "दुई वा दुई भन्दा बढी व्यक्तिका बीच परस्परको शत्रुतापूर्ण भनाभन; कलह; कचिङ्गल; राडो; भनावैरी" ऐ. ऐ. पृष्ठः ५१२ ।

**लडाइँ** : "दुई विरोधी दल वा पक्ष, खासगरी सशस्त्र सैनिकहरु लड्ने र एक अर्कालाई मारपिट गर्ने काम; संग्राम; युद्ध; रण; लडन्त । झगडा; टकरार, कुटाकुट; मारमुङ्ग्री" ऐ. ऐ. पृष्ठः ११६२ ।

यसरी सशस्त्र विद्रोह वा द्वन्द्व, कलह, झगडा, लडाइँ, संघर्ष, युद्ध जे भने पनि समान्य पर्यायबाची शब्दका रुपमा प्रयोग गर्ने गरेको पाईन्छ र यसमा दुई वा सो भन्दा बढी पक्ष एवं पार्टी र सरकारका बीच वा अर्को कुनै पक्ष वा दलसंग हुने गरेको संघर्षलाई नै बुझिन्छ । तै पनि विशेषतः सशस्त्र विद्रोह भनेको राज्यका विरुद्धमा संचालित गरिएको हुन्छ, जसमा राज्यप्रतिरोध हो र यसमा राज्यसत्ताका विरुद्धमा गरिएको विरोध हो जुन राज्य व्यवस्थाका विरुद्धमा परिलक्षित हुन्छ र राज्य व्यवस्था नै परिवर्तन गर्ने लक्ष्य र उद्देश्यबाट यो अभिप्रेरित भई शुरु गरिएको हुन्छ । सामान्यतया यसमा हातहतियार सहित राज्य व्यवस्थाका विरुद्धमा संघर्ष शुरु भएको हुन्छ र यो विद्रोह मौजुदा राज्य व्यवस्था अर्थात् राज्यसत्ताको परिवर्तनका लागि नै गरिन्छ ।

"केही वर्षदेखिको नेपालमा सर्वाधिक चलनचल्तीको शब्द हो–द्वन्द्व । सशस्त्र द्वन्द्व शुरु हुनु अगाडिसम्म सीमित मात्रामा मात्र प्रयोग हुने यो शब्द अहिले ब्यापक भएको छ । त्यसै

कारण नै द्वन्द्व शब्द माओवादी विद्रोहको पर्यायवाची शब्दको रुपमा प्रयोग भएको छ । तर द्वन्द्वको अर्थ सशस्त्र युद्धमा मात्र सीमित राख्नु हुँदैन । सशस्त्र युद्ध त द्वन्द्वको एउटा हिंसात्मक रुप मात्र हो । यथार्थमा के हो त द्वन्द्व ? द्वन्द्व भनेको व्यक्तिहरु वा समुहहरुबीचमा हुने सांसकृतिक, सामाजिक, राजनैतिक र आर्थिक स्वार्थ तथा दृष्टिकोण र बुझाईमा देखिएको भिन्नताका कारण सृजित अवस्था हो । कार्लमार्क्सका अनुसार–**द्वन्द्व** समाजमा निहित शक्ति र श्रोतमाथि नियन्त्रण गरेको सम्पन्न वर्ग र श्रोत र सक्तिमाथि पहंच नभएको विपन्न वर्गबीचको शक्ति र श्रोत आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो भनेका छन् । यही वर्गीय अवधारणमा उनले विश्वव्यापी सिद्धान्तकै प्रतिपादन समेत गरेका छन् । सामाजशास्त्री र द्वन्द्वविदहरु द्वन्द्वलाई परिभाषित गर्दै भन्दछन्–द्वन्द्व यस्तो अवस्था हो, जहाँ व्यक्ति वा समुहहरु आपसमा बाझिने वा अमिल्दा उद्देश्यहरु, मुल्य, मान्यता र चाखबाट निर्देशित भई सोही अनुरुप आचरण गर्दछन्, जुन अर्को पक्षलाई वा व्यक्तिलाई मान्य हुँदैन । द्वन्द्व सिर्जना हुने कारणहरुमा मानिसको मनस्थितिमा विकास हुने शङ्का उपशङ्का, अविश्वास तथा श्रोत र शक्तिको पहुँच र नियन्त्रणको बढ्दो महत्वकाङ्क्षा र अत्याचार रहेका हुन्छन् । त्यसकारण द्वन्द्व समाजको अभिन्न अङ्ग हो र यो समाज रहेसम्म रहिरहन्छ, मानिसहरु रहेसम्म रहिरहन्छ" । तर । द्वन्द्वको अवस्था र स्वरुप भने फरक हुने गर्दछ" नेपालमा माओवादी **सशस्त्र द्वन्द्व** कारण, असर र समाधानका पयासहरु :डा. बिष्णुराज उप्रेती, भृकुटी एकेडेमिक पब्लिकेसन्स्, काठमाण्डौ २०६१: पृष्ठ, १७–१८ ।

"सबै प्रकारका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक र बैचारिक विभेदहरु नै द्वन्द्वको उत्पत्ति, विकास र विस्तारका आधारभूत कारणहरु हन्, द्वन्द्व विज्ञानको स्थापित मान्यता पनि यसैमा आधारित छ । यसमा केही व्यक्तिहरुको महत्वाकाङ्क्षा थपिंदा द्वन्द्व भड्किन पुग्छ । व्यक्तिभित्र पनि विभिन्न सोंच र बिचारहरु सिर्जना भएका हुन्छन् र यसले नै मानिसको विकास र समाजको रुपान्तरणमा सहयोग पुऱ्याएको हुन्छ । यही बिचार र सोंचका कारण समाजमा द्वन्द्व उत्पन्न हन्छ । त्यसैले द्वन्द्वको अहिंसात्मक स्वरुप पनि हुन्छ । हामीले समाजमा देख्ने गरेका स्वस्थ प्रतिस्पर्धा, नैतिक अडान, अहिंसात्मक आन्दोलन पनि द्वन्द्वकै रुप हुन, जुन समाज विकासको लागि अपरिहार्य छन् । त्यसैले नै द्वन्द्वविद्हरु द्वन्द्वलाई सधैं खराब मात्र नमानी समाज विकास र व्यक्तिको जीवनलाई व्यवस्थित गर्ने अवसरको रुपमा समेत हेर्दछन् । यसरी स्वच्छ र अहिंसात्मक द्वन्द्वले सिर्जनशीलताको पनि विकास गर्दछ" ऐ.ऐ. पृष्ठ, १८ ।

"बोलिचालिको भाषामा मनमुटाव, वैरभाव, झगडा, दुश्मनी, हिंसा आदिलाई द्वन्द्व भनिन्छ । अहिले विस्तृत रुपमा द्वन्द्वलाई परिभाषित गर्दा द्वन्द्व भनेको व्यक्ति वा समूहहरुबीच देखिने आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक बुझाई, दृष्टिकोण वा स्वार्थमा देखिने भिन्नताको कारण सृजित मनोदशात्मक अवस्था हो । छोटकरीमा भन्नु पर्दा शक्ति र प्रभावको लागि व्यक्तिहरु वा शक्ति केन्द्रहरुबीच रहेको भिन्नताको प्रतिविम्ब नै द्वन्द्व हो । व्यक्तिहरुका हेराई, दृष्टिकोण र बिचार बाझिन गई एउटै कुरामा सहमती नहुन सक्छ । यसरी परिस्थितिवश एउटाको बिचारमा अर्काको सहमती नभई असहमती जन्मनु र बैचारिक भिन्नता सृजना हुनु नै द्वन्द्व हो । अर्को अर्थमा हेर्ने हो भने, समाजमा द्वन्द्वलाई माया, ममता, प्रेम, स्नेह, सहयोग, सद्भाव, मेलमिलाप र शान्तिको विपरित रुपमा लिईन्छ, किनभने द्वन्द्व भन्नासाथ हाम्रो आङ्गै सिरिङ् हुन्छ र मष्तिष्कमा एकदमै नराम्रो तस्वीर तयार हुन्छ । कुनै पनि कुरालाई नकारात्मक रुपले सोंच्नासाथ त्यसको रुप नै फेरिन जान्छ । तसर्थ द्वन्द्वलाई हामी घृणा गर्छौं, यो हामी सबैको सामूहिक सोचाई हो । तर, वास्तविकता यस्तो मात्र होईन द्वन्द्व नकारात्मक विषय मात्र होईन कहिलेकाहीं यो सकारात्मक पनि हुन्छ । किनभने, सामाजिक विकास, व्यक्तित्व विकास, समुदायको सकारात्मक पक्ष र आत्मबल बढाउन सही, सक्षम, गतिशील र अग्रगामी नेतृत्व चयन गर्न, विकास कार्यमा भए गरेका काम पारदर्शी बनाउन द्वन्द्व आवश्यक छ । **'मानवअधिकार शान्ति *शिक्षामाला'* :२०६६:पृष्ठः ९६:**मानव अधिकार र सामाजिक न्यायका निम्ति अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

"सारांशमा द्वन्द्वको परिभाषा गर्नु पर्दा द्वन्द्व भनेको मुल्य, मान्यता, बुझाई, विश्वास र अवधारणामा रहेको भिन्नताका कारण सृजना हुने मनोवैज्ञानिक अवस्था हो, जुन विभिन्न स्वरुपहरु जस्तै असहमती, क्रोध, गाली गलौज, मुद्दा मामिला, कुटपिट र युद्धको रुपमा समेत समाजमा देखा पर्दछ ऐ. ऐ. पृष्ठः९६९७ ।

## २.१.२. समाजवादी/साम्यवादी आन्दोलनको एतिहासिक विकास

मार्क्सवाद एउटा दर्शन हो । दर्शन शब्द अंग्रेजीको Philosophy शब्दको नेपाली रुपान्तरण हो । Philosophy शब्द Greek भाषाको Philos र Sophia बाट आएको हो, जसको अर्थ हुन्छ, बुझ्ने दृष्टिकोण । दर्शनको अर्थ सिद्धान्त वा बिचार पनि हुन्छ । बिचार भोतिकवादी र आदर्शवादी गरी दुई किसिमको हुन्छ । राजनीतिशास्त्रमा राजनीतिक सिद्धान्तलाई राजनीतिक दर्शन पनि भन्न सकिन्छ । दर्शन भनेको मानिसको भित्री आँखा हो । सिद्धान्त शब्द अंग्रेजीको

Theory शब्दको नेपाली रुपान्तरण हो । Theory शब्द Greek को Theoria बाट आएको हो, जसको अर्थ हुन्छ, बुझ्ने दृष्टिकोण । सिद्धान्त भनेको बिचार हो । बिचार भोतिकवादी र आदर्शवादी गरी दुई किसिमको हुन्छ । राजनीतिशास्त्रमा राजनीतिक सिद्धान्तलाई राजनीतिक दर्शन पनि भन्न सकिन्छ । दर्शन भनेको मानिसका भित्री आँखा हो । यसका आधारमा उसले हरेक वस्तुलाई बुझ्ने, हेर्ने एवं जाँच्ने गर्दछ । यो वर्गीय समाजमा वर्गीय किसिमको हुन्छ । सिद्धान्त आदर्शपरक वा आदर्शवादी र यथार्थपरक वा यथार्थवादी गरी दुई किसिमका हुन्छन् । यथार्थपरक सिद्धान्तलाई भौतिकवादी सिद्धान्त पनि भनिन्छ ।

आदर्शवादीले ईश्वर एवं परमात्ममा विश्वास गर्दछ र विचारबाट वस्तुको सिर्जना हुने कुरालाई प्राथमिकता दिन्छ भने भौतिकवादीले ईश्वर एवं परमात्ममा विश्वास नगरी वस्तुबाट विचारको सिर्जना हुने कुरालाई प्राथमिकता दिन्छ । यी दुवै सिद्धान्त द्वन्द्ववादमा आधारित छन् । प्रथम हेगेलको आदर्शवादी द्वन्द्ववाद र दोश्रो कार्ल मार्क्सको भौतिकवादी द्वन्द्ववादमा आधारित रहेका छन् । त्यसैले भनिन्छ हेगेलको सिद्धान्तलाई आदर्शवादी सिद्धान्त र कार्ल मार्क्सको द्धिान्तलाई भौतिकवादी सिद्धान्त भनिन्छ । द्वन्द्वात्मक आदर्शवादी सिद्धान्त भनेको ईश्वरमा र परमात्ममा विश्वास गरी विचारलाई प्रधान मान्दै विचारले वस्तुको सृजना हुन्छ भन्ने मान्यता राख्दछ भने द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त भनेको ईश्वरमा विश्वास नराखी वस्तुलाई प्रधान मानी वस्तुले विचारको सृजना गर्ने कुरामा विश्वास राख्दछ । त्यसैले द्वन्द्वात्मक भौतिकवाद भनेको यो ब्रम्हाण्ड वा सारा जगत तथा संसार पदार्थवाट बनेको छ र पदार्थ नै पहिलो हो, ईश्वर छैन र विचार वा परमात्माबाट जगत् वा संसार बनेको होईन भन्ने भान्यता हो ।

विश्वमा प्रचलनमा रहेका राजनीतिक दर्शन वा मान्यतालाई वर्तमान परिपेच्क्षमा निम्न दुई भागमा हेर्न सकिन्छ : (क) पाश्चात्य उदारवादी प्रजातन्त्र (ख) समाजवादी प्रजातन्त्र । उदारवादी प्रजातन्त्र पूँजीवादी मूलुकमा रहेको पाईन्छ । उनीहरु समाजवादी प्रजातन्त्रलाई प्रजातान्त्रिक शासन व्यवस्था मान्दैनन् । समाजवादी प्रजातन्त्र साम्यवादी मूलुकमा रहेको पाईन्छ । उनीहरु उदारवादी प्रजातन्त्रलाई प्रजातान्त्रिक शासन व्यवस्था मान्दैनन् । उदारवादी प्रजातान्त्रिक व्यवस्थाले वाक् तथा प्रकाशन स्वन्त्रता, व्यक्तिले स्वतन्त्र रुपमा कुनै आर्थिक कारोवार गरी आर्जन र उपभोग गर्न पाउने, दलहरु खोल्न पाउने र स्वेच्छाले निर्वाचनमा मतदान गर्न पाउनु पर्ने कुराको वकालत गर्दछ । समाजवादी प्रजातान्त्रिक व्यवस्थाले उत्पादन तथा वितरणा साधनहरुमा सार्वजनिक स्वामित्व, सम्पत्तिको समान वितरण तथा सर्वहारावर्गको अधिनायकत्वलाई जोड दिन्छ । त्यसैले भन्न सकिन्छ उदारवादी प्रजातान्त्रिक व्यवस्थाले

राजनैतिक समानतालाई जोड दिन्छ भने समाजवादी प्रजातान्त्रिक व्यवस्थाले आर्थिक समानतालाई । समाजवादी प्रजातान्त्रिक व्यवस्थाको प्रतिपादन कार्ल मार्क्स र फ्रेडरिक एन्जेल्सको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तमा आधारित छ ।

समाजशास्त्रीय दृष्टिकोणमा मानव समाजको विकास विभिन्न चार चरणहरु पार गरि समाजवादी युगमा आउने विचार कार्ल मार्क्स र फ्रेडरिक एन्जेल्सको रहेकोछ । जसमा आदिम साम्यवाद, दास युग, सामन्ती युग र पूँजीवादी युग पर्दछन् । ती युगको अन्त्यपछि साम्यवादी युग आउने कुराको विश्वास उनीहरुको रहेकोछ । आदिम साम्यवादमा बहेक बाँधक बाँकी सबै युगमा समाजमा दुई वर्ग रहने कुरा उनीहरुको रहेको छ । जस्तै दास युगमा मालिक र दास, सामन्ती युगमा जमिन्दार र कृषक तथा पूँजीवादी युगमा पूँजीपती र श्रमिक । दास युगमा मालिकले दासलाई, सामन्ती युगमा जमिन्दारले कृषकलाई तथा पूँजीवादी युगमा पूँजीपतीले श्रमिकलाई शोषण गर्दछन् भन्ने मान्यता उनिहरुको रहेकोछ । पूँजीवादी युगमा पूँजीपती र मजदूरका बीच आपसी मनमुटाव पैदा भै द्वन्द्वको सृजना हुन्छ । द्वन्द्व विकसित भएर युद्धमा परिणत भै अन्त्यमा मजदूर तथा श्रमिक वर्ग जो शोषित वर्गका रुपले चिनिन्छ, त्यसले वर्गसंघर्ष जित्दछ र शासनसत्ता मजदूर वर्गको अधिनायकत्मा चल्दछ तव साम्यवादको स्थापना हुन जान्छ । समाजवादी अर्थात् साम्यवादी विचारको औपचारिक रुपले विकास र प्रयोग कार्ल मार्क्स र फ्रेडरिक एन्जेल्सले सन् १८४८मा कम्युनिष्ट पार्टीको घोषणपत्र जारी गरेबाट भएको पाईन्छ । जुन घोषणपत्र घोषित रुपमा नै मजदूर वर्गको पहिलो संगठन 'कम्युनिष्ट लिग'को राजनैतिक कार्यक्रम थियो र पछिल्लो अवधिमा त्यो विश्व कम्युनिष्ट आन्दोलन कै कार्यक्रम बन्न पुग्यो । समाजवाद भनेको त्यस्तो सामाजिक व्यवस्था हो जुन समाजमा उत्पादन शक्तिमाथि समाजको सामूहिक स्वामित्व रहेको हुन्छ र वितरण व्यवस्था पनि आवश्यकता अनुसार गरिन्छ । उक्त घोषणापत्रले आजसम्मको मानव समाजको विकासको इतिहासलाई 'वर्गसंघर्षको इतिहास' भन्दै समाज विकासको वैज्ञानिक एवं तथ्यमूलक चिरफार समेत गरेको छ । उक्त घोषणापत्रको प्रकाशन प्रश्चात् समाजवादी/साम्यवादी बिचार शोषण, वर्गविहीन तथा समतामुखी समाज व्यवथाको आधारभूत सिद्धान्त त बन्यो नै साथै शोषणमुखी वर्गीय पूँजीवादी समाज व्यवस्था विरुद्ध लड्ने एउटा बलियो हतियार समेत बन्न पुग्यो । फ्रेडरिक एन्जेल्सले 'परिवार, निजी सम्पत्ति र राज्य' नामक पुस्तकमा आदिम साम्यवादका वारेमा उल्लेख गर्दै यौन स्वच्छन्दताका कारण आमाकै नामबाट वंश चल्ने, व्यक्तिगत विवाह र निजी उत्तराधिकार प्रथा नरहेको कुराको समेत उल्लेख गरेका छन् ।

सामाज्यवादी हस्तक्षेपका विरुद्ध चिनियाँ जनतामा विकसित भएको राष्ट्रियताको जागरणले एशियामा कम्युनिष्ट आन्दोलनको पृष्ठभूमि तयार हुँदै गएको थियो । चीनमा मार्क्सवादको प्रभाव बढ्दै जानुमा रुसी क्रान्ति नै मुख्य कारण बन्न गएको पाईन्छ । साथै भियतनाम, कोरिया, मंगोलिया, इन्डोनेसिया, भारत, फिलिपिन्स, श्रीलंका, मलेसिया, वर्मा, कम्वोडिया आदि देशहरुमा समेत  कम्युनिष्ट पार्टीको स्थापना भैसकेको थियो । त्यसपछि अन्त्यमा सबैभन्दा कान्छो कम्युनिष्ट पार्टीको रुपमा नेपालमा स्थापना भएको पाइन्छ ।

यसरी हेर्दा मार्क्स साम्यवादीहरुले खुला रुपमा शोषक वर्ग विरुद्ध लडी विजयश्री हस्तगत गर्नुपर्ने कुरामा  जोड दिन्छन् । कार्ल मार्क्सको दास क्यापिटल नामक ग्रन्थमा उनले अतिरिक्त मुल्यको सिद्धान्त बारे प्रकाश पारेका छन् । रुसमा लेलिनको नेतृत्वमासोसियल डेमोक्रेटिक लेवर पार्टी गठन गरिएको थियो । सन् १९१२ मा उक्त पार्टीलाई वोल्सेविक नामाकरण गरियो उक्त पार्टीको मुखपत्रको प्रकाशन समेत गर्न थालियो । सन् १९१७ मा लेलिनको नेतृत्वमा क्रान्ति शुरु भयो र क्रान्तिको सफलतासँगै उनी शासनाध्यक्षको पदमा बस्न पुगे । उक्त क्रान्तिलाई वोल्सेभिक क्रान्ति भन्छि । लेलिन मार्क्सवादमा अलि फरक मत राख्ने समाजवादी नेता थिए । उनका अनुसार क्रान्ति हुनका लागि पूँजीवाद औद्योगिक चरणमा पुग्न जरुरी छैन । चाहे सामन्ती अवस्था होस्, चाहे पूँजीवाद जहिले पनि क्रान्ति गर्न सकिन्छ । मार्क्स समाजवादी क्रान्ति विशेष गरेर पूँजीवादको उन्नयनमा देखिने अन्तद्वन्द्वद्वारा सिर्जिन्छ भन्छन तर लेलिन साम्यवादी राजनीतिक दलको टडकारो प्रहारद्वारा हरेक अवस्थामा क्रान्ति गर्न सकिने विश्वास गर्दछन् । उनले आफ्नो क्रान्ति सिद्धान्त तत्कालिन रुसी संरचनाको आधारमा तय गरेका थिए । उनको समयमा रुस कृषिमा आधारित देश थियो । लेलिनले **राज्य र क्रान्ति** नामक पुस्तकमा क्रान्तिका बारेमा माकर्सवाद भन्दा फरक दृष्टिकोण राखेका छन् । उनका अनुसार मजदूर लगायत सबै सर्वहारा समूहलाई पूँजीवादी शासनव्यवस्था विरुद्ध सीधा प्रहार गर्नु साम्यवादी दलको कार्य हो । दलभित्र नेतृत्व, अनुशासन, आक्रमणकारी स्वभाव तथा राजनीतिक संगठन सबल हुनु पर्दछ । चिनिया कम्युनिष्ट पार्टीका नेता माओले मार्क्सवाद–लेलिनवादका सिद्धान्तलाई स्वीकार्दै तथा समय–समयमा तिनमा आफ्नो विश्वास व्यक्त गर्दै ती सिद्धान्तलाई कार्यान्वयन गर्ने सन्दर्भमा अवर्णनीय भिन्नता प्रस्तुत गरे । उनले मार्क्सवाद–लेलिनवादलाई आत्मसात् गरी त्यसको प्रतिरक्षा तथा विकास गरेर मार्क्सवाद–लेलिनवादलाई अझ उचाईमा पुऱ्याउने काम गरे । सन् १९२७ मा प्रकाशित **रिपोर्ट अफ एन इन्भेस्टिगेशन इनटु द पिज्यान्ट मुभमेन्ट इन हुमन**मा उनले किसान वर्गलाई सर्वहारा वर्गको अग्रपङ्क्तिमा राख्नुपर्ने कुरामा जोड

दिएका छन् । माओले युद्ध तथा सामरिक शक्तिलाई ठूलो महत्व दिए । उनको विचारमा राजनीतिक शक्ति बन्दुकको नालबाट प्राप्त गर्न सकिन्छ भन्ने थियो । त्यसैले उनले जनयुद्धको सिद्धान्त नै प्रतिपादन गरे । श्रमिक वर्गको सत्तालाई मार्क्सको विचारमा सर्वहारा वर्गको अधिनायकत्व, लेलिनको विचारमा जनवादी लोकतन्त्र र माओको विचारमा जनगणतन्त्र भनिन्छ ।

नेपालमा कम्युनिष्ट पार्टीको विधिवत स्थापना वि.सं. २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलाल श्रेष्ठले ने.क.पा.को घोषणा पत्र जारी गरी नेपाल कम्युनिष्ट पार्टीको गठन पश्चात् भएको पाईन्छ । उक्त घाृषणा पत्रमा भनिएको छ कि "नेपालका जनताले एउटा भिन्दै बाटो लिनुपर्छ । त्यो बाटो हो–विश्वजनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालीमाथिको साम्राज्यवादी–पूँजीवादी आधिपत्यलाई पूरैसित खतम पार्नु र मजदूर वर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्नु, त्यस्तोृ राज्य व्यवस्था गर्नु जसमा जनता राष्ट्रको सम्पत्तिको मालिक हुनेछन् र त्यसलाई आफ्र्नै फाइदाका लागि लड्नैपर्छ । समाजवादको विजयी देश समाजवादी सोभियत गणतन्त्र संघ, पूर्वी एशियाका जनवादी राज्यहरु नयाँ चीन र उत्तर कोरिया तथा औपनिवेशिक राष्ट्रको संघर्षरत जनताका अनुभवहरुले जसरी सर्वत्र उत्पीडित जनताहरुलाई अभिप्रेरित गरिरहेका छन् नेपाली जनतालाई पनि दिनप्रतिदिन यस गौरवलाई संघर्षमा अघि बढ्ने प्रेरणा दिंदैछन् ।" यस भनईले पनि नेपालमा समाजवादी क्रान्ति गर्ने समय भएको पुष्टि हुन्छ र कम्युनिष्ट पार्टीको स्थापनाको आवश्यकताको पुष्टि स्वतः हुन्छ ।

रुसी भू–भाग युरोपदेखि एशियासम्म फैलिएको स्थितिमा युरोप तथा एशियामा एकैचोटी साम्यवादी क्रान्ति सम्पन्न भएको मान्न सकिन्छ । एशियका दुई विशाल राज्य भारत चीनका बीचमा रहेको भूपरिवेष्ठित राज्य नेपाल ऐतिहासिककालदेखि नै यी छिमेकी देशहरबाट कुनै न कुनै रुपमा प्रभावित हुँदै आएको हुँदा मुलुकमा पनि साम्यवादी आन्दोलनको सुत्रपात पनि यिनै देशको प्रभावबाट भएको हो । नेपालमा साम्यावादी प्रभाव पूर्वी युरोपबाट साविकको सोभियत संघ हुँदै चीनतर्फबाट नेपाल प्रवेश गरेको मानिन्छ । चीनको बाटोबाट नेपाल आएको साम्वाद पनि तिब्बतको हिमाली श्रृंखला नाघी आएको नभई कलकत्ता बन्दरगाहबाट भारतको बाटो हुँदै आएको हो । तर नेपालमा साम्यवादी सिद्धान्तको प्रवेश कहिले र कसरी भयो भन्ने सम्बन्धमा चाहिं किटान गर्न सकिएको छैन । किनभने तत्कालिन समयमा नेपालमा जहानिया राणा शासन रहेकाले कुनै पनि किसिमका राजनैतिक कृयाकलाप गर्न नपाइने हुँदा नेपाली नागरिकहरुले

भारतमा नै लुकिछिपि गोप्य रुपले राजनैतिक कृयाकलाप संचालन गर्ने गर्दथे । यसै क्रममा क. पुष्पलाल श्रेष्ठको नेतृत्वमा भारतको कलकत्तामा वि.सं. २००६ सालमा ने.क.पा. को गठन गरिएको थियो ।

## २.२ द्वन्द्वको अवधारणागत संरचना




माथिको चित्रले के देखाएको छ भने प्राकृतिक श्रोत द्वन्द्वको जडको रुपमा रहेका ३ वटै पक्षहरु एक अर्कामा अन्तर्सम्बन्धत राख्दछन् । जब जनसङ्ख्याको चाप बढ्दछ, यसले प्रव्यिक्ति उपलब्ध हुने श्रोत घट्दछ किनकि जनसङ्ख्या बढिरहन्छ तर प्राकृतिक श्रोत भने बृद्धि गर्न सधैं सम्भव हुँदैन । जब प्रतिव्यक्ति प्राकृतिक श्रोत उपलब्धतामा कमी आउँछ, शक्ति र पहुँचवाला व्यक्तिहरु श्रोतमाथि बढी नियन्त्रण गर्ने गर्दछन् । राज्यको प्रशासनयन्त्रको दुरुपयोग गरेर होस् वा परापूर्वकालदेखि चलिआएको भूमिपति प्रथाको संरक्षण र सम्वर्द्धन गरेर होस् सधैंभरी शक्तिशाली र पहुँचवाला व्यक्तिहरु प्राकृतिक श्रोतमाथि सधैं हावी रहन्छन् । यसले सामाजिक असमान वितरणलाई कायम राख्दछ । यथार्थमा न्यायोचित वितरण प्रणाली हुने हो भने श्रोत सम्बन्धी अत्यधिक द्वन्द्व देखिने नै थिएनन् वा देखिए पनि सजिलै समाधान हुने थिए । (उप्रेती, २०६२:७९)

## २.३. द्वन्द्वका कारणहरु

एक व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहबाट नकारात्मक असर पुऱ्याएको महसुस गरेपछि द्वन्द्वको बीजारोपण हुन्छ । इच्छा र चाहानामा देखिने भिन्नता, अरुको व्यवहार र आफ्नो व्यवहारमा देखिएको फरकपन, शक्तिको प्रयोगमा देखिने अन्यायपूर्ण विविधताजस्ता मनोगत कारणहरु र असमान सामाजिक–आर्थिक स्थिति र तिनिहरुले सृजना गरेका कठिनाइहरु, धार्मिक

अतिवाद, बाह्य शक्तिको प्रभाव, शासकहरुको असफलताजस्ता संरचनागत कारणहरुले द्वन्द्व सृजना गर्दछन् । द्वन्द्वका कारणहरुलाई यस प्रकार हेर्न सकिन्छ :–

## २.३.१ मनोगत तथा व्यक्तिगत कारणहरु

मनिसको इच्छा, चाहना र महत्वाकाङ्क्षाले सृजना गर्ने बेचैनी, आफूसँग अरुको उन्नति र प्रगतिको तुलना गर्दा आफू तल परेको महसुस भएमा त्यसले ल्याउने नैराश्य, मूल्य – मान्यता र विश्वासमा पुग्ने चोट, व्यक्तिगत काम गर्ने शैली, बोली–व्यवहार र आचरण, मानसिक तनाव, सूचना र सञ्चारलाई ग्रहण र उपयोग गर्ने क्षमता, शैली र प्रभाव, सैद्धान्तिक र बैचारिक भिन्नता, देश, समाज र आफ्नो उत्तरदायित्वलाई हेर्ने दृष्टिकोण, सामाजिक सम्बन्ध र त्यसमा त्यक्तिको जिम्मेवारी र बुझाइजस्ता मनोगत र व्यक्तिगत कारणहरुले द्वन्द्वको सृजना गर्न, द्वन्द्व फैलाउन वा व्यवस्था गर्न महत्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

## २.३.२ संरचनागत कारणहरु

ठूला–ठूला विद्रोहहरु र युद्धहरुका पछाडि यस्ता संरचनागत वा प्रणालीगत कारणहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । संरचनागत र प्रणालीगत कारणहरुमा राज्य सत्ताको संरचना, यसको कार्यकारी निकायहरुको काम गर्ने शैली, क्षमता, पारदर्शिता, राज्यले आफ्ना नागरिकप्रति निर्वाह गरेको जिम्मेवारी वा गरेको भेदभाव, सार्वजनिक महत्वको पद धारण गरेका व्यक्तिहरु र सरकारी पदाधिकारीहरुको आचरण र उनीहरुको सर्वसाधारण जनतासँगको सम्बन्ध र व्यवहार र समाजमा रहेको धार्मिक, आर्थिक, सामाजिक संरचना र तिनीहरुले समाजमा पारेको प्रभावजस्ता कारणहरुले द्वन्द्व सृजना र विस्तारमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । केही प्रमुख संरचनागत वा प्रणालीगत कारणहरु निम्नअनुसार छन् :

**क) राजनैतिक कारण**

राजनैतिक प्रणलीमा निश्चित व्यक्ति वा समूहको लामो समयसम्म एकछत्र बोलावाला रहिरहनु र समाजमा रहेका अन्य महत्वपूर्ण वर्गलाई उपेक्षा गरेको अवस्थामा द्वन्द्व सृजना गर्ने पृष्ठभूमी तैयार हुन्छ ।

राजनीतिज्ञ र राजनैतिक पार्टीहरु राज्यमा व्याप्त अन्याय, अत्याचार, असमानता, भेदभाव र गरिबी निवारणमा जुट्नुको सट्टा पार्टीगत र व्यक्तिगत स्वार्थमा सीमित रहनु, भ्रष्टाचारलाई संस्थागत गर्ने, आफ्नो पार्टीको रजनैतिक अडानलाई नमान्ने, नागरिकलाई

राज्यको संरचना र पार्टी संरचनाको दुरुपयोग गरी दुःख दिने, सताउने, राज्यको कोष तथा श्रोतहरु गैरकानूनी तरिकाले दुरुपयोग गर्ने, कानूनको दुरुपयोग गरी व्यक्तिगत फाईदा लिने, राज्य संयन्त्रलाई पार्टीकरण गर्ने, राजनैतिक कार्यकर्तालाई क्षमता र योग्यताविना नै राजनैतिक नियुक्ति गर्नेजस्ता विकृतिहरुले नेपाली जनतामा व्यापक नैराश्य छाएपछि द्वन्द्व र विद्रोहको विकास र विस्तार भयो । यसका प्रष्ट उदाहरणहरु ३० वर्षे पञ्चायती शासनकालमा विकास र विस्तार भएका राजनैतिक अराजकता र त्यसपछिको १४ वर्षे बहुदलीय शासन प्रणालीमा देखिएका बिकृतिहरु हुन् ।

दलित, आदिवासी, जनजाति, दुर्गम क्षेत्रका नेपालीहरुलाई राज्यले सयौं वर्षसम्म पनि दोश्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरेको कारणले उनीहरुमा"देश मेरो हो, राज्य हैन" भन्ने भावनाको गहिरो विकास भयो र यस्तो भावनाको सम्बोधन नभएसम्म नेपालमा द्वन्द्व कायम रहिरहन्छ ।

**ख) भौगोलिक क्षेत्रको उपेक्षा**

यदि भौगोलिक रुपमा दुर्गम रहेकै कारण राज्यले दुर्गम क्षेत्रमा बस्ने जनताको आधारभूत आवश्यकतालाई वास्ता नगर्ने, विकास संरचना र राज्यका श्रोतहरु शहर र सुगम क्षेत्रमा मात्र केन्द्रित गर्ने, दुर्गम क्षेत्रमा व्याप्त रहेको गरिबी, अन्याय, अत्याचार, भेदभावलाई वेवास्ता गर्ने वा विपक्षी पार्टीलाई भोट हालेको निहुँमा सरकार बनाउने पार्टीले त्यस क्षेत्रको भौतिक विकास र सामाजिक सुधारमा उपेक्षा गर्नेजस्ता कारणहरुले त्यस क्षेत्रका नागरिकहरुमा मनोगतरुपमा आफू हेपिएको र अन्यायमा परेको र यस्तो अन्यायको अनुभूतिबाट व्यक्तिहरु संगठित हुँदै गएपछि यसले द्वन्द्व निम्त्याउने गर्दछ । यसको उदाहरण नेपालमा पर्याप्त देखिन्छ । राज्यले सुगमक्षेत्र, सहर र काठमाण्डौमा केन्द्रित गरेको साधन–श्रोत दुर्गम र पिछडिएका क्षेत्रको तुलनामा अत्यन्त उच्च छ । सरकारको यस्तो व्यवहारबाट दुर्गम क्षेत्रका नागरिकहरुमा नैरास्यता, आक्रोश र द्वन्द्व सृजना गर्ने मनोगत कारणहरुको विकास हुन्छ । भौगोलिक कारणले सिर्जित र विस्तारित द्वन्द्वहरु विकासोन्मुख वा अल्पविकसित देशहरुमा पर्याप्त पाईन्छन् । नेपालमा मध्यपश्चिमी पहाडी क्षेत्रबाट सुरु भएको माओवादी विद्रोह यसको प्रष्ट उदाहरण हो ।

**ग) सामाजिक तथा आर्थिक कारणहरु**

द्वन्द्व सृजना गर्ने संरचनागत र प्रणालीगत कारणहरुमा सामाजिक–आर्थिक कारणहरु अति महत्वपूर्ण रहेका हुन्छन् । समाजमा कमजोर वर्गलाई सामाजिक, आर्थिक र राजनैतिक मूल प्रवहबाट बाहिर राख्ने अवस्था रुढिवादी र शक्तिमा आधारित सामाजिक संरचना जस्तै; वर्ण–

व्यवस्थामा आधारित हिन्दू जातीय प्रणाली र यसले सृजना गरेको गहिरो असमानता, छुवाछूत, भेदभाव, श्रोतमाथि नियन्त्रण र वितरण प्रणलीमा रहेको कहालीलाग्दो असमानता, समाजमा रहेका अति बहुसङ्ख्यक जनताहरुको उत्पादनमूलक श्रोतमाथिको पहुँच नहुनु र यसले सर्वसाधारण जनताको जनजीवनमा पुऱ्याएको नकारात्मक प्रभाव, सामाजिक कुरीति जस्तै; छुवाछूत, जातपात र लिङ्गसम्बन्धी भेदभाव, समाजमा रहेको वेरोजगारी, अर्धबेरोजगारी अवस्थाजस्ता कारणहरुले कुनै पनि देशमा ठूला–ठूला आन्दोलन र विद्रोहहरुको सुरुवात भएको देखिन्छ । नेपालमा बढेको माओवादी विद्रोहको ब्रभाव पछाडिका कारणहरुमध्यको एक प्रमुख कारण सामाजिक–आर्थिक असमानता र यसले जन्माएको नैराश्य हो ।

## २.३.३ बाह्य कारणहरु

द्वन्द्वको सृजना र विस्तार गर्नमा बाह्य कारणहरुको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । बाह्य कारणहरुमा राजनैतिक र आर्थिक स्वार्थहरु प्रमुख रहेका हुन्छन् । यदि हामीले संसारमा भएका दुई विश्वयुद्ध र अन्य युद्धहरु हेऱ्यौं भने, चाहे त्यो भियतनाम युद्ध होस, चाहे कोरियाली युद्ध, चाहे इराक युद्ध होस्, चाहे कोसोभो युद्ध, बाह्य कारणहरु र खासगरी विश्व महाशक्ति देश अमेरिका र विश्वका अन्य शक्तिशाली र सम्पन्न देशहरुको आर्थिक र राजनैतिक स्वार्थका लागि भएका देखिन्छन् । ठूला राष्ट्रहरु सधैंभरी साना र कमजोर राष्ट्रहरु र छिमेकी राष्ट्रहरुलाई राजनैतिक तथा आर्थिक रुपले आफ्नो नियन्त्रणमा राख्न कसरत गरिरहन्छन् । यसका पछाडि उनीहरुको साम्राज्यवादी महत्वाकाङ्क्षा रहेको हुन्छ ।

बाह्य कारणमध्ये अर्को प्रमुख कारण हो विश्वव्यापीकरण । विश्वव्यापीकरण र यसले प्रतिपादन गरेका उदारीकरण र निजीकरण नीतिहरु जुन विकासशिल राष्ट्रहरुका लागि चुनैतिपूर्ण रहँदै आएका छन् ।

## २.३.४ अन्य कारणहरु

देशभित्रै हुने ठूला हिंसात्मक द्वन्द्वहरुका पछाडि रहेका अन्य कारणहरुमा धार्मिक असहिष्णुता पनि महत्वपूर्ण रहेको छ, जसले समाजमा द्वन्द्वको वीजारोपण गरी विखण्डन ल्याउँछ । यसको ज्वलन्त उदाहरणका रुपमा भारतको अयोध्यामा भएको हिन्दू मुस्लिम दङ्गा र यसले समाजमा पारेको प्रभावलाई लिन सकिन्छ ।

देशभित्रै हुने द्वन्द्वको अर्को कारण हो–बैचारिक र सैद्धान्तिक प्रेरणाबाट हुने संघर्ष । संसारमा खासगरी मार्क्सवादी सैद्धान्तिक र बैचारिक धारणबाट प्रेरित भई राज्यसत्ता परिवर्तनको लागि सन् १९४५ देखि हालसम्म२३ देशमा विद्रोह भएका छन् । जस्तैः भीयतनाम, चीन, कोरिया आदि । जब एउटा सिद्धान्त वा विचारलाई निमिट्यान्न पार्ने वा निषेध गर्ने उद्देश्यले अर्को पक्षले कुनै पनि गतिविधिहरु थाल्दछ त्यतिवेला त्यो सिद्धान्त वा विचारमा विश्वास गर्ने व्यक्तिहरु विरोध गर्न थाल्दछन् र द्वन्द्वको सृजना हुन्छ । यो अवस्था राजनैतिक विचारधाराको सवालमा व्यापकरुपमा र सजिलै देख्न सकिन्छ ।

द्वन्द्वका अन्य महत्वपूर्ण कारणहरुमा सञ्चार माध्यमको गलत रवैया, सही सूचनाको अभाव वा गलत सूचनाको प्रभाव, व्यक्तिको अति महत्वाकाङ्क्षा र त्यो महत्वाकाङ्क्षा  पूरा गर्न उसले प्रयोग गरेको गलत रणनीति र कार्यनीति, संसारमा द्रुतगतिमा विकास भएको सञ्चार र अन्य प्रविधिको दुरुपयोग आदि पनि पर्दछन्" (उप्रेती, २०६२ : ४६–५३) ।

## २.४ द्वन्द्वका प्रकारहरु

### २.४.१ तथ्यगत वा प्राविधिक द्वन्द्व

तथ्यगत वा प्राविधिक कारणले सिर्जित द्वन्द्व अन्तर्गत सही सूचनाको अभाव अथवा गलत सूचनाको कारण सिर्जना हने भ्रम, एउटै सवालमा देखिने भिन्नभिन्न अवधारणा र व्याख्या, काम गर्ने शैली, सोंच र तौरतरिका पर्दछन् ।

### २.४.२.मुल्यमान्यता र सिद्धान्तसँग सम्बन्धित द्वन्द्व

सैद्धान्तिक मुल्यमान्यताको कारण सिर्जना हुने द्वन्द्वका पृष्ठभूमिमा अरु व्यक्तिहरुका नियत र आचरणको मुल्याङ्कन गर्न प्रयोग गरिने भिन्नभिन्न मापदण्डले सिर्जना गरेका अवस्थाहरु, परस्पर बाझिने सैद्धान्तिक लक्ष्य, उद्देश्य र प्राप्त गर्ने शैली, मानिसले अपनाएको भिन्नभिन्न जीवनशैली, अवलम्बन गरेको दर्शन, धर्म, भाषा र आचरण आदि पर्दछन् ।

### २.४.३ सम्बन्धसँग सम्बन्धित द्वन्द्व वा ईच्छागत द्वन्द्व

सम्बन्धगत कारणले सिर्जना हने द्वन्द्वमा एक व्यक्ति वा पक्षले अर्को व्यक्ति वा पक्षप्रति बनाएको  गलत धारणा, संवादहीनता, दुष्प्रचार, खराब नीयत, बैचारिक भिन्नतामा आधारित

उत्तेजना आदि पर्दछन् । द्वन्द्वको अर्को पक्ष ईच्छासंग सम्बन्धित रहेको छ , जसमा प्रतिस्पर्धा गर्ने इच्छा वा एउटै वस्तु प्राप्त गर्न केन्द्रित मनोगत चहनाले सिर्जना गरेको व्यवहार आदि पर्दछन् ।

### २.४.४.संरचनागत द्वन्द्व

संरचनागत द्वन्द्वका कारणहरु हेर्दा श्रोत र शक्तिमाथिको असमान बाँडफाँड, समाजमा रहेको अन्याय, अत्याचार, असमानता, सामाजिक, धार्मिक, र लैङ्गिक विभेद, भौगोलिक विकासमा देखिने असन्तलन, गरिबी र राज्यसंरचनाको व्यवहारिक स्वरुप आदि पर्दछन्" **'नेपालमा माओवादी सशस्त्र द्वन्द्व कारण, असर र समाधानका प्रयासहरु'** (उप्रेती, २०६२ : १८-१९) ।

### २.५. समाज र द्वन्द्वको सम्बन्ध

द्वन्द्व समाजको अभिन्न अङ्ग हो र यो समाज रहेसम्म रहिरहन्छ । द्वन्द्वलाई समाजबाट पूर्णरुपमा छुटाउन सकिन्न । समाजको संरचना, मुल्य, मान्यता, समाजका सदस्यको चालचलन र बानी व्यहोराले द्वन्द्वलाई प्रभाव पारिरहेको हुन्छ । " द्वन्द्व जीवन हो र जीवन द्वन्द्व हो "
(उप्रेती, २०६२ : ३१) ।

"एकथरी विश्लेषकहरु द्वन्द्व भनेको खराव हो यसले समाजलाई हानी पुऱ्याउँछ । यो सद्भाव वा शान्तिको उल्टो अवस्था वा अशान्तिको रुप हो । द्वन्द्व समाजको अभिन्न अङ्ग नभई बाहिरी कारणबाट सृजित अनावश्यक अवस्था हो भन्ने तर्क राख्दछन् । उनीहरुको बीचारमा द्वन्द्वलाई बल, कानून वा अन्य उपायद्वारा दबाउनु नै समाजको लागि बढी उपयोगी हुन्छ । उनीहरु द्वन्द्वको सकारात्मक र यसले समाज परिवर्तनमा दिन सक्ने सम्भाव्य योगदानको बारेमा विश्वास राख्दैनन् । यस धारणामा विश्वास राख्ने जमात ठूलो छ । यो अलि एकाङ्गी र रुढीवादी खालको अवधारणा हो ।

अर्काथरी विश्लेषकहरु द्वन्द्वको खासखास रुप र अवस्था मात्र खराब हुन्छ तर द्वन्द्व आफैमा खराब मात्र हुँदैन र द्वन्द्वको समाज विकास र रुपान्तरणमा अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ भन्ने मान्यता राख्दछन् । म आफु पनि यस अवधारणामा विश्वास गर्दछु । मेरो बिचारमा यो अवधारणा अथार्थपरक, पूर्ण र समसामयिक छ । यस वर्गका द्वन्द्वविद्हरु द्वन्द्व अध्ययनमा राजनैतिक–आर्थिक विधिको बढी प्रयोग गर्दछन्, जसले द्वन्द्वको अवस्थामा देखिने शक्तिको भूमिका र यसको उत्पादन र वितरणको स्थितिलाई केलाई द्वन्द्वमा संलग्न भएका नायकहरुको

बारेमा समग्र परिस्थितिको विश्लेषण गर्दछ । द्वन्द्व सधैंभरी विनाशकारी हुँदैन, राजनैतिक प्रणलीमा हुने बहुदलीय प्रतिस्पर्धा पनि द्वन्द्वकै एउटा रुप हो । द्वन्द्वले कुनै पनि प्रणालीमा सुधार ल्याउनसमेत मद्दत गर्दछ" (उप्रेती, २०६२ : ३१-३२) ।

## २.६. द्वन्द्व समाधान र द्वन्द्व व्यवस्थापनमा भिन्नता

द्वन्द्व समाधान भनेको द्वन्द्वका आधारभूत कारणहरु पत्ता लगाई त्यसको श्रोतमा नै निराकरण गर्नु हो, यो सबै अवस्थामा वा सधैंभरि सम्भव हुँदैन । तर पनि द्वन्द्वबाट पर्न सक्ने नकारात्मक प्रभावहरुलाई न्यून गर्ने, सामाजिक सम्बन्धलाई अरु खल्बल्याउनबाट रोक्ने र द्वन्द्व रुपान्तरणको लागि पृष्ठभूमि तयार गर्ने काम भने कायम राख्नुपर्दछ र त्यो काम द्वन्द्व व्यवस्थापनले गर्दछ । द्वन्द्वको पूर्ण समाधान सधैं सम्भव नहुने हुँदा द्वन्द्व व्यवस्थापन अवधारणाको विकास भएको हो ।

सरल भाषामा द्वन्द्व व्यवस्थापनलाई परिभाषित गर्दा यो द्वन्द्वको तत्कालिन अवस्थामा सुधार  गर्ने प्रकृया हो जुन द्वन्द्वको जड पत्ता लगाई त्यसको निराकरणको दिशामा केन्द्रित रहन्छ । द्वन्द्व व्यवस्थापन एक आपसी फाईदा, सामूहिक सिकाई र द्वन्द्व व्यवस्थापन रुपान्तरणको आधारणामा आधाारित हुन्छ । द्वन्द्व पूर्ण समाधान नभएको अवस्थामा पनि द्वन्द्व व्यवस्थापनले द्वन्द्वको तनावपूर्ण अवस्थालाई न्यूनिकरण गर्दछ र समाधानको लागि उचित वातावरण तयार गर्दछ । त्यसैले द्वन्द्व व्यवस्थापन द्वन्द्व समाधानको एक अभिन्न अङ्ग हो" (उप्रेती, २०६२ : ४२) ।

## २.७ द्वन्द्व रुपान्तरणको सिद्धान्त

यस सिद्धान्तले द्वन्द्व यथार्थमा सामाजिक,–आर्थिक विपन्नता, असमानता, अन्याय, अत्याचारको कारणले सृजना हुन्छ र यस्तो भिन्नताहरु न्यूनीकरण गर्न द्वन्द्व  रुपान्तरण आवश्यक  छ भन्ने मान्यता राख्छ । जबसम्म अन्याय र असमानता रहिरहन्छ त्यतिबेलासम्म द्वन्द्व कायम हुने हुँदा द्वन्द्व रुपान्तरणको प्रकृयाबाट सामाजिक असमान संरचना परिवर्तन गर्न आवश्यक रहन्छ । माओवादी विद्रोहले उठाएको असमान संरचनाको परिवर्तनलाई यसै सिद्धान्तका आधारमा हेर्न सकिन्छ । द्वन्द्व रुपान्तरण सिद्धान्तअनुरुप द्वन्द्वका पक्षहरुको रुपान्तरण सवालहरुको रुपान्तरण र नियम–पद्धतिमा रुपान्तरण हुनुपर्दछ । यी सबैमा समसामयिक रुपान्तरण नभई द्वन्द्व रुपान्तरण हुँदैन" (उप्रेती, २०६२ : १०१) ।

## २.८ द्वन्द्वका परिणामहरु

द्वन्द्व सधैंभरी नकारात्मक मात्र हुँदैन । खासगरी अहिंसात्मक द्वन्द्वले र कहिलेकाही हिंसात्मक द्वन्द्वले समेत समाज परिवर्तनमा महत्वपूर्ण सकारात्मक प्रभाव पारेको हुन्छ । द्वन्द्वले ल्याउने नकारात्मक परिणामका केही उदाहरणहरु यस प्रकार रहेका छन् :

### २.८.१ नकारात्मक परिणामहरु

- समय, श्रोत र शक्तिको दुरुपयोग हुन्छ र उत्पादनमा ह्रास आउँछ ।
- तीब्र मानसिक असन्तुलन देखपर्दछ ।
- सहअस्तित्व, समझदारी र विश्वासको वातावरण टुट्छ ।
- राजनीतिक,आर्थिक र सामाजिक संरचनाहरु विस्तारै सहसनहस हुँदै जान्छन्
- एक अर्कामा सहयोग र विश्वासको भावना हराउँदै जान्छ । आदि ।

### २.८.२ सकारात्मक परिणामहरु

द्वन्द्वबाट निस्कने परिणाम सधैं नकारात्मक मात्र हुन्छ भन्ने होईन, सकारात्मक पनि हुन्छ । जस्तै :

- सयौं वर्षदेखिको असमान सामाजिक संरचना फेर्न मद्दत गर्दछ ।
- द्वन्द्वरत पक्षहरुले एकआपसका कमी कमजोरीको आत्मसमिक्षा गर्न थाल्दछन् ।
- व्यक्ति र समूहमा सशक्तिकरण गर्न मद्दत् पुऱ्याउँछ र अधिकारको खोजीमा मानिसलाई सक्रिय बनाउँदछ ।
- समय र परिवेशअनुसार नेतृत्वको विकास हुन्छ ।
- नयाँ सम्बन्ध सम्पर्क विकास र विस्तार हुन्छ ।
- अस्पष्ट सवालहरुलाई प्रष्ट्याउँछ ।

मानिसमा भएको क्षमताको प्रष्फुटन र सृजनशीलताको विकास गर्न मद्दत गर्छ" (इन्सेक, २०६६ : ९९–१०२) ।

## २.९.मार्क्सवाद अर्थात् द्वन्द्वात्मक भौतिवाद, साम्यवाद र माओवाद

### क) मार्क्सवाद अर्थात् द्वन्द्वात्मक भौतिवाद

द्वन्द्वात्मक भौतिकवादलाई अंग्रेजीमा Dialectial Materialism भनिन्छ । The Concis Oxford Dictionary of Current English, New Edition, Delhi Oxford University Press:1990 का अनुसार "The Marxist Theory That political and Histirical events are due to a conflict of social forces caused by man’s material needs"

यस परिभाषमलाई हेर्ने हो भने पनि यो सिद्धान्त मार्क्सले प्रतिपादन गरेको सिद्धान्त हो । जसमा व्यक्तिका भौतिक आवस्यकताहरुद्वारा सामाजिक शत्तिको संघर्षका कारणबाट राजनैतिक एवं ऐतिहासिक घटनाहरु रहेका हुन्छन् ।

“देशको सम्पत्ति वा उत्पादनको समान रुपले वितरण गर्ने र वर्ग विहीन समाजको सिर्जजना गर्ने एक राजनैतिक सिद्धान्त, कम्युनिज” (ढुंगाना, २०५७ : ५२५)

यो एउटा दर्शन हो । यसको अर्थ छलफल गर्नु, वादविवाद गर्नु हो । मार्क्सले द्वन्द्वात्मक भौतिकवादको बिचारधारा जर्मन दार्शनिक हिगलबाट प्राप्त गरेका थिए । मार्क्सको सम्पूर्ण दर्शनको आधार हिगलद्वारा प्रतिपादित द्वन्द्वात्मक सिद्धान्त थियो । हिगलको द्वन्द्वात्मक सिद्धान्त आदर्शात्मक थियो भने कार्ल मार्क्सल त्यसबाट आदर्शवादको ठाउँमा द्वन्द्वात्मकतालाई प्राथमिकता दिए । त्यसैले हिगलबाट नै मार्क्सले थाहा पाएका थिए कि संसार निरन्तर परिवर्तनशील छ । तर मार्क्स र हिगलको द्वन्द्वात्मक सिद्धान्तमा फरक छ । मार्क्सले आदर्शवाद त्याग गरेर भौतिकवादी दृष्टिकोण अपनाएका थिए । तसर्थ भनिन्छ कि द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त प्रतिपादन गरेर हिगलको द्वन्द्वात्मक सिद्धान्तलाई उल्टो पारिदिएका थिए । मार्क्स र हिगलको बिचारमा द्वन्द्वात्मक दर्शनको मूल सत्य वा विकास दुई बिरोधी तत्वहरुको सङ्घर्षबाट उत्पन्न हुने वस्तु हो भन्न सकिन्छ । जे भए तापनि यो मानिन्छ कि मार्क्सको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त हिगलको सिद्धान्तको ठीक उल्टो रुप हो ।

“संसार परिवर्तनशील छ भनेर मार्क्सले गतिशीलतामा जोड दिए । उनले राज्यलाई एउटा वर्ग विशेषको संगठन हो भनेका छन् । जसले शोषित वर्गमाथि शोषण संयन्त्रको रुपमा काम गर्दछ । दास युगमा स्वामीले दासलाई शोषण गरे । सामन्त युगमा सामन्तले भूपिहीनलाई र पूँजीवादीमा पूँजीपतिले मजदुरलाई शोषण गरे र गरिरहेका छन् । नियम, कानून, अड्डा, अदालत, जेलनेल सबै विपन्न वर्गको दमनका लागि प्रयोग हुँदै आएका छन् । मार्क्सले पूँजीवादी संसदलाई गफको कारखाना र संसदहरुलाई पूँजीवादका वकिलको संज्ञा दिए । उनले राज्यविहीन

शासन प्रणाली र विपन्नमाथि दमन गर्ने कुनै राज्यसंयन्त्र रहँदैनन् । उनले संसारको इतिहास वर्गसंघर्षको इतिहास हो भनेका छन् ।"। (थापा, २०६२ : १२)

## (ख) साम्यवाद

साम्यवाद शब्दको सम्बन्ध अंग्रेजीको कम्युनिज्म र ल्याटिनको कम्युनिस (Communis) सँग छ । यस शब्दको पहिलो प्रयोग जुलाई राजतन्त्र काल (फ्रान्स,ई. १८३०–४८ मा केही गोपनीयवादीहरुले गरे जसले आफुहरुलाई कमयुनिटे (Communate) भन्ने गर्दथे । "मार्क्सद्वारा प्रतिष्ठित तथा लेनिनद्वारा क्रियान्वित सम्बन्धित सम्पत्तिको अधिकार व्यक्ति विशेषमा नरही समुदाय वा समाजको अधिकारमा रहनुपर्छ भन्ने र सार्वजनिक उत्पादनको प्रबन्ध र उपभोगका सिद्धान्तमा समाज व्यवस्था स्थिर गर्ने एवं आर्थिक विषमता हटाई शोषित वर्गलाई सशक्त पार्दै उन्नत समाजको स्थापना गर्ने राजनैतिक विचारधारा नै साम्यवाद हो" (के.सी. २०५६ : १८-१९)

साम्यवाद आधुनिक राजनीतिक बिचारधारा हो । यसको प्रयोग राजनैतिक वा दार्शनिक चिन्तक प्लेटोले पनि गरेका थिए । तर उनको भनाईमा शासक वर्गका निमित्त र सैनिक वर्गका निमित्त उनीहरुलाई सम्पत्ति र पत्नी (परिवार) हरुको साम्यवादको कुरा उठाएका थिए ता की एक रा उठाएका थिए ता की एक आदर्श राज्यको स्थापना हुन सकोस् । यसमा उनले राज्यद्वारा नियन्त्रित शिक्षा समेतको व्यवस्था गरेको पाईन्छ ।

आधुनिक साम्यवादी बिचार मार्क्सको बिचारधारामा आधारित छ । यस सिद्धान्तमा समस्त वस्तुमा सामूहिक स्वामित्व मानिन्छ । मार्क्स तथा एञ्जेल्सले कम्युनिष्ट घोषणा पत्रमा साम्यवादलाई एक विशिष्ट राजनीतिक सिद्धान्त मानेका छन् । त्यस घोषणापत्रमा पूँजीवादी व्यवस्थाबाट साम्यावादी व्यवस्थामा परिवर्तन ल्याउने विधि वताईएको छ । मार्क्सलाई वैज्ञानिक समाजवादका जन्मदाता र आधुनिक साम्यवादी दर्शनका प्रतिपादक मानिन्छ ।

"पूर्वीय बिचार पद्धतिमा पनि **"वादे वादे जायते तत्ववोधः"** वाद, विवाद, प्रतिवाद र सिद्धान्त वा निर्णय भन्ने बिचारशैली छ । कुनै पनि वस्तुमा पक्ष, विपक्ष र सिद्धान्त वा निर्णय गर्नुपर्छ भनिन्छ । त्यस्तै द्वन्द्वात्मक भौतिकवादबाट अध्यात्म पक्षलाई काम नलाग्ने रुढिवादी अन्धविश्वासद्वारा शोषणको माध्यम हुने आदी दोष अध्यात्मवादले पाएको छ भने सबै कुराले उपयुक्त द्वन्द्वात्मक भौतिकवाद हो भनिएको छ । मार्क्स र एञ्जेल्सले सन् १८४८मा कम्युनिष्ट

घाषणपत्र प्रकाशित गरी त्यसमा वर्गहीन समाजको स्थापना गर्न चेतनशील श्रमिकवर्गले आफ्नो सङ्घर्ष साम्यवादद्वारा गर्नेछन् भनेका छन्" (खनाल, २०६२ : ३८९) ।

"आधुनिक साम्यवाद विशुद्ध मार्क्सवादको रुपमा छैन । मार्क्सको जीवनमा भने आफ्नो जीवनको सङ्घर्ष र त्यस वेला उद्योगपतिले मजदुरवर्गलाई गरेको शोषणको प्रभाव परेर नै शोषण विरुद्ध सर्वहारावर्गको पक्षमा नयाँ विचार र सिद्धान्त प्रतिपादन गरेका थिए । मार्क्सले आफ्नो विचार लागु गर्न समाजमा क्रान्ति गरी परिवर्तन गर्नुपर्ने कुरामा जोड दिएका थिए । लेलिनले त्यस विचारलाई परिस्थितिअनुसार आवश्यक संशोधन गरेर व्यवहारमा लागु गरे । अत : लेलिनले प्रयोग गरेको मार्क्सवादको संशोधित रुप साम्यवादको क्रियात्मक रुप हो । लेलिनपछि रुसका साम्यवादी नेता स्टालिनले पनि साम्यवादमा कैयौं संशोधन गरे । उनी पनि रुसको साम्यवादी व्यवस्थाका आजीवन प्रमुख नेता तथा दार्शनिक बनिरहे । यसरी हेर्दा विशुद्ध साम्यवाद भन्न कठिन छ । अहिले संसारका प्रायः सबै देशमा साम्यवादी दल वा विचारका समर्थक छन् । तर तिनमा एकरुपता छैन । सन् १९१७ मा रुसी साम्यवादी क्रान्तिको नेतृत्व लेलिनले गरेका थिए । क्रान्ति सफल भएर बोल्सेभिक दलले त्यहाँको जारशाहीतन्त्रलाई समाप्त गरेका थिए । लेलिन मार्क्सवादी दर्शनका कट्टर समर्थक थिए । तर उनले मार्क्सका सिद्धान्तमा धेरै संशोधन गरे र व्यवहारिक रुप दिएकाले क्रान्तिकारी लेलिनवाद भयो । त्यसमा लेलिनले साम्राज्यवादलाई पूँजीवादको अन्तिम रुप भनेका छन् । मार्क्सको समयमा साम्राज्यवाद भर्खर जन्मेको थियो । त्यस कारण लेलिनको यो भनाइ ठिकै थियो । मार्क्सले पूँजीवादले स्वयं सर्वहारावर्गको नेतृत्वमा क्रान्ति दिन्छ भनेका थिए तर लेलिनले त्यसको नेतृत्व बुद्धिजीवी मध्यमवर्गीय बाह्य सङ्गठनबाट हुनुपर्छ भने । लेलिनले क्रान्तिको सफलतापछि राज्यको समस्त सत्तामा सर्वहारावर्गको अधिनायकत्व स्थापित हुनेछ तर पूँजीवाद तुरुन्त समाप्त हुँदैन भने" (खनाल, २०६२ : ३८९-३९०) ।

"स्टालिनले आफ्नो समयको अन्तराष्ट्रिय परिस्थिति हेरी केही समयसम्म पूँजीवादी तथा साम्यवादी प्रणाली सहअस्तित्वमा साथसाथ रहन सम्भव छ भने । स्टालिनले सन् १९३६ मा रुसको नयाँ संबिधान बनाएर लागू गरे । रुसको त्यो संबिधान साम्यवादी संबिधानको रुपमा १९९० सम्म मात्र रहयो । स्टालिनका समयमा मार्क्सवाद र लेलिनवादी विचारधारालाई मान्दै स्टालिनले जे भन्छन्, त्यही ठीक हो भन्ने थियो । स्टालिनपछि रुसमा व्यक्तिको अधिनायकत्व नरहेर दलका शीर्षस्थ नेता रहे" (खनाल, २०६२ : ३९०-३९१) ।

## ग) माओवाद

चिनिया कम्युनिष्ट पार्टीका नेता माओत्सेतुङद्वारा मार्क्सवादमा संशोधन गरेर प्रतिपादित सिद्धान्त नै माओवाद हो । यसमा उनले कृषकहरुलाई समेटी सांस्कृतिक क्रान्ति गर्नु पर्ने कुरामा जोड दिएका थिए ।

"चीनमा माओत्सेतुङ साम्यवादी विचारधाराका आजीवन प्रमुख नेता तथा दार्शनिक बनिरहे । माओको साम्यवाद पनि "मार्क्स र लेलिनवादको संशोधित रुप हो । यसलाई माओवाद पनि भनिन्छ । सन् १९४७ मा चीनी जनवादी गणतन्त्रको स्थापना भएको थियो । चिनीया नेता माओले साम्यवादको स्थापना गर्न सशसत्र क्रान्ति नै गर्नुपर्छ भने । उनको एक उक्ति थियो **"राजनीतिक शक्ति बन्दुकको नालबाट उत्पन्न हुन्छ ।"** अतः त्यसलाई सैनिक शक्तिबाट अलग गर्न सकिंदैन । सर्वहारावर्गको मुक्तिका लागि सैनिक शक्ति आवश्यक छ भन्ने उनको विचार थियो । सन् १९६६ मा माओले देशमा शुद्धिकरण अभियान सांस्कृतिक क्रान्तिको नामले सुधारवादी आन्दोलन चलाए । त्यसमा माओवादी नीतिले व्यक्ति पूजालाई प्रोत्साहन दियो भनियो । माओको भनाइ थियो– सत्य कुरा त्यसले नै प्रकट गर्न सक्छ जो क्रान्तिको सफल नेता छ । त्यस्तो व्यक्तित्व कमाएको व्यक्तिले मात्र सत्य प्रकट गर्न सक्ने भएपछि व्यक्ति पूजाले बढ्ने मौका पायो । माओको नेतृत्वले चीनलाई विश्वको एक महान् शक्ति बनाएको छ । साम्यवादका विशेषतामा यो विशुद्ध भौतिकवादी दर्शन तथा विचारधारा हो । यसले वर्ग सङ्घर्षमा विश्वास गर्छ । सशस्त्र क्रान्तिद्वारा साम्यवादी व्यवस्था ल्याउन सकिन्छ; चुनावको व्यालेट पेपरबाट होइन । यसले सर्वहारा वर्गको अधिनायकवादमा विश्वास गर्छ । यो दर्शन लोकतन्त्र वा प्रजातन्त्रको विरोधमा छ । साम्यवादी राजनीतिक व्यवस्था एक दलको अधिनायकवादमा हुने हुँदा विरोधी दल त्यहाँ हुँदैनन् वा भए पनि कुनै अस्तित्व हुँदैन" (खनाल, २०६२ : ३९१) ।

"कम्युनिष्टहरुको अन्तिम लक्ष्य समाजवाद र साम्यवादको स्थापना हो भनी माओले भनेका छन् । वास्तवमा सामन्तवाद र औपनिवेशिक स्थितिलाई समाप्त गर्न गर्ने क्रान्ति ( परिवर्तन) को नाम नै नौलो जनवाद हो । लोकतन्त्रमा पूँजीवादीहरुले गर्ने प्रगति परिवर्तनभन्दा भिन्न साम्यवादी चिन्तनभित्र समाजवादी क्रान्तिलाई नौलो जनवाद भनिएको छ । पूँजीवाद विरुद्धको क्रान्तिलाई नौलो जनवाद भनिएको छ" (खनाल, २०६२ : ३९३) ।

यसरी मार्क्सवादमा मार्क्सले पूँजीवादी व्यवस्थामा पूँजीपतिले श्रमिक वर्गलाई शोषण गरेका हुन्छन भन्ने कुरा जब मजदुर वर्गले आफुहरु ठगिएको र शोषित भएको जानकारी महशुस गरेपछि उनीहरु पूँजीपति वर्गका विरुद्धमा एकजुट हुन गै संगठित भएर क्रान्ति गर्दछन्

तथा पूँजीपति वर्गका विरुद्धमा आन्दोलन र संघर्ष गर्न थाल्दछन् जसले गर्दा ती दुई वर्गका बीचमा वर्ग संघर्षको रुपले वर्गीय युद्धको रुप ग्रहण गरी अन्त्यमा सर्वहारा वर्गको जीत हुन गै सर्वहारा वर्गको अधिनायकवादको स्थापना हुन्छ भनेका छन् ।

लेलिनले मार्क्सको बीचारमा संशोधन गरी मजदुर वर्गलाई मध्यमवर्गीय बुद्धिजीवि वर्गले संगठित गरी उनीहरुलाई पूँजीपति वर्गका विरुद्धमा आन्दोलित गराई संघर्षमा उतार्नु पर्दछ पूँजीपति वर्गका विरुद्धमा आन्दोलन तथा संघर्ष गर्न पूँजीपति वर्गका विरुद्धमा क्रान्ति गरी क्रान्तिको सफलता पश्चात सर्वहारा वर्गको अधिनायकवादको स्थापना हुन्छ भनेका छन् ।

माओको बिचारमा मजदुर वर्गका अलावा कृषक वर्गलाई पनि संगठित गरी साम्यवादको स्थापना गर्न सशसत्र क्रान्ति नै गर्नुपर्छ । अतः त्यसलाई सैनिक शक्तिबाट अलग गर्न सकिँदैन । सर्वहारावर्गको मुक्तिका लागि सैनिक शक्ति आवश्यक छ भन्ने उनको विचार थियो ।

मार्क्सको साम्यवादसम्बन्धी सिद्धान्तको आलोचना पनि निकै भएको छ । मार्क्सवादी विचारधाराको जति विरोध भए पनि आधुनिक संसारमा यस विचारधाराको निकै प्रभाव परेको छ । पूर्वी यूरोपका देशहरुमा ७५ वर्षसम्म मार्क्सवादकै आधारमा राज्य सञ्चालन भएको थियो । सन् १९९० मा ती राज्यमा संसदीय प्रजातन्त्र स्थापना भएकोले अब संसारमा चीन, भियतनाम, उत्तर कोरिया तथा क्यूबामा मार्क्सवादी विचारधाराका साम्यवादी सरकार छन् । संसारमा समाजवादी सिद्धान्तका प्रतिपादक मार्क्सको प्रशंसा र आलोचना दुवै भएका छन् । ठूलो व्यक्तिका पक्ष–विपक्षमा विचारहरु समाजमा हुनु स्वाभाविकै हुन्छ । समाजवादीका निम्ति देवताजस्ता मार्क्स पूँजीवादीका निम्ति दानवजस्ता छन् तर पनि उनी संसारमा एक महान विचारकको रुपमा रहेका छन् ।

नेपालमा माओवादीले शुरु गरेको २०५२ सालदेखिको सशस्त्र विद्रोह/द्वन्द्व पनि चिनिया नेता माओत्सेतुङ्गकै उएटा रुप हो भन्न सकिन्छ । उनीहरुले माओको बिचार जस्तै गरी **"सत्ता वा राजनीतिक शक्ति बन्दुकको नालबाट उत्पन्न हुन्छ,व्यालेट पेपरबाट सम्भव छैन भनेर नै युद्धमा लागेका हुन"** सत्ता कब्जा गर्न एक शसक्त सैन्य बलको आवश्यकता हुने सिद्धान्त अनुसार उनीहरुले पनि जनसेनाको निर्माण गरी ११ वर्षसम्म जनयुद्धका नाममा लडाइँ गरेका थिए ।

# परिच्छेद–तीन

# नेपालको राजनैतिक इतिहासमा सशस्त्र विद्रोह र राजनीतिक आन्दोलनहरु

## ३.१ द्वन्द्वको पृष्ठभूमी

शान्तिका दुत तथा एशियाका तारा गौतम बुद्धको जन्मभूमि जसलाई शान्तिभूमि पनि भनेर चिनिने नेपालको राजनीतिक ईतिहासामा सशस्त्र विद्रोह/द्वन्द्व अर्थात संघर्षका गाथाहरुले भरिएको छ । नेपाल राज्यमा शासन सत्ताको स्थापना र विघन हिंसा र लडाइँ बाटै हुँदै आएको पाईन्छ । गोपाल, महिसपाल, लिच्छवी, किराँत, मल्ल, नेपाल एकिकरण अभियान पनि शासकको हेरफेर र वर्चस्व सबै लडाइँ झगडा र हिंसाबाट हुँदै आएको इतिहास नेपालको छ । समय समयमा यो अरु झन जटिल द्वन्द्वका रुपमा जकडिएको पाईन्छ ।

“गोपाल, महिसपाल र लिचछविपछि त्यसबखत काठमाण्डौ उपत्यकामा मल्लहरुको शासन थियो र उपत्यकालाई नै नेपाल भन्ने गरिन्थ्यो । त्यतिबेला यक्ष मल्लले राज्यलाई आफ्नो व्यक्तिगत सम्पत्तिको रुपमा छोराहरुलाई अंशवण्डा गरिदिएर काठमाण्डौ, पाटन र भादगाउँमा छुट्टाछुट्टै राज्य बनाएका थिए । तीमध्ये  काठमाण्डौमा महिन्द्र मल्लको शासनकालभरि उनी जनताको घर धुरीबाट धुँवा निस्किेको हेरेर मात्र खाना खाथ भन्ने इतिहासमा पाइन्छ ।  त्यसपछि राजा बनेका उनका छोरा सदाशिव मल्ल बडो दूराचारी थिए । उनले यात्रामा आएका रुपवती युवतीहरुको सतीत्व नास गरेकाले काठमाण्डौबासी क्रुद्ध थिए । एक दिन उनी घुम्न मनोहरातिर निस्केको अवसरमा केही मानिसहरुले उनलाई बेस्सरी चुटेर राज्यबाट बाहिर धपाए । त्यसपछि उनी बेपत्ता भए” (थापा, २०६२ : १३)

“एकिकरण वा गोर्खा राज्यको विस्तार जे भनिएतापनि सैनिकबल प्रयोगद्वारा विभिन्न टुक्रामा विभक्त राज्यहरुलाई एकिकृत गरी विशाल नेपाल राज्यको निर्माण पृथ्वीनारायण शाहले गरकै हुन । उनको विजय अभियानसंगै आधुनिक नेपालको युग शुरु हुन्छ । युद्ध र आधुनिक नेपालको निर्माण मै उनको  जीवन वितेर गयो । विभिन्न स्वरुपमा टुक्रिएका राज्यलाई एकिकृत गरी राष्ट्र निर्माणको पहल भएता पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपमा उचित व्यवस्था हुन नसकेकोले यो भौगोलिक रुपमा मात्रै एकिकरण भएको थियो । उनको मृत्यु पश्चात शासनको केद्र नेपालको दरवारमा सत्ताका लागि भारदारी षड्यन्त्रका खेलहरु प्रकट हुन थाले ।

पारिवारिक द्वन्द्वको चरमउत्कर्षमा आफ्ना भाइद्वारा रणबहादुर शाह पनि काटिएरै मर्नु पऱ्यो । त्यसपछि यसै क्रममा विरोधीहरु समेतको हत्या गरी भिमसेन थापाले नेपालको मुख्तियारी ग्रहण गरी करिब ३० वर्ष र देशमा सुधार विकास कार्यका साथ स्थिर शासन दिन सफल भए । उनको समयमै सीमा विवादका कारण विस्तारवादी इष्टइण्डीया कम्पनीसँग युद्ध गरी नेपालको अस्मिता जोगाउँदै राज्यलाई आजको नापमा खुम्च्याउने दुर्भाग्य वहन समेत गर्नु पऱ्यो । कमजोर राजा राजेन्द्र विक्रम र पाण्डेहरुको षडयन्त्रपूर्ण खेलले गर्दा नेपाली राजनीति इतिहासमा भिमसेन थापाले पनि सेरिएर मर्नुपऱ्यो " **नेपालको राजनीतिक द्वन्द्व र यसको व्यवस्थापन**: उप–प्राध्यापक: बराल, उमानाथ, राजनीतिशास्त्र शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग, जर्नल अफ पोलिटिकल साइन्स, भोलम ५,६:पृष्ठ:२२ । (बराल, २०५९ : २२)

आधुनिक नेपालका केही प्रमुख घटनाहरुलाई विभिन्न भागमा विभाजन गरेर हेर्न सकिन्छ जुन मेटामोटी रुपमा यस प्रकार भन्छन् ।

## ३.२ जङ्गबहादुर कुंवर शत्तामा आउनुका रहस्यमय घटनाहरु

"शक्ति स्वामी विहीन रहन सक्दैन भनिन्छ । शक्ति र सत्ताले उचित र स्थिर शासक नपाएको षडयन्त्रपूर्ण र द्वन्द्वपूर्ण अवस्थाको समय बुझेका जंगबहादुरले कुटिल चाल चले र हत्या हिंसाद्वारा तत्कालिन द्वन्द्वको निकास निकाले । फलस्वरुप कोत पर्व, भण्डारखाल पर्व, अलौपर्व जस्ता काण्डहरुद्वारा आफ्ना विरोधीहरु र राज्यका प्रमुख भाइभारदारहरुको नरसंहार गरी देशको शासन सत्ता आफ्नो हातमा लिए । कुंवरबाट राणाको दर्जा होस् वा प्रमुख शासक प्रधानमन्त्री होस् वा श्री ३ पदवी सबै उनका अभिष्ट इच्छाहरुमा निरीह राजाले पञ्जापत्रको स्वीकृती ठोक्दै गए । जसले गर्दा उनलाई आफ्नो १०४ वर्षे पारिवारीक हुकुमी शासन व्यवस्थाको स्थापना गराउन सहयोग पुग्यो । राजा नाम मात्रको र वास्तविक शासकका रुपमा राणा प्रधानमन्त्री र उनको परिवारले देशलाई मध्ययुगिन अन्धकारमा राखी संकीर्ण विषयगत राजनीतिक संस्कृतिको रुपमा जनता रैतिका स्तरमा मात्र रहन बाध्य भए । अविश्वास, षडयन्त्र, र हत्या पर्याय बनेको नेपाली राजनीतिको परम्परागत जगबाट उठेको १०४ वर्षे राणाशासनले जनतालाई दासको श्रेणीमा राख्दै पारिवारीक शासन कायम गरेतापनि स्वयं त्यो संस्कारलाई त्याग्न सकेन । फलतः १९३८, १९४२, १९५८, १९९८, २००४ आदि काण्डहरुले राणा

शासकहरु बीच शक्ति र सत्ताको खिचातानी कहाँसम्म थियो भन्ने देखाउँछ" (बराल, २०५९ : २३) ।

"त्यस्तै पुस्तकालय पर्व, मर्केती पर्व, प्रजापरिषद काण्ड र ४ शहिदहरुको बलिदानले हुकुमी शासनका विरुद्ध जनताले आवाज उठाउन थालेको यथार्थता दिन्छ । जसले पारिवारिक शासन भित्र मात्र नभई जनतासंग पनि राजनीतिक द्वन्द्व बढ्न गएको पुष्टि हुन्छ । शक्ति र सत्तामाथि रहेको एकाधिकार र त्यसको नाङ्गो प्रयोगबाट आफुलाई जति नै सार्वभौम सम्झे तापनि मानवीय चेतना र विद्रोहले अन्ततः त्यसलाई चकनाचुर पारिदिन्छ । विश्वमै साम्राज्यवादी दासताबाट मुक्ति पाउन उपजिवेशिक राष्ट्रहरुमा स्वतन्त्रताका आन्दोलनहरु हुन थाले । छिमेकी भारतमा स्वतन्त्रता र लोकतन्त्र स्थापना भयो, अर्को छिमेकी मुलुक चीनमा पनि त्यहाँका जनतामा आधारित व्यवस्था स्थापना भयो । नेपाली जनताहरु पनि राणा विरोधी आन्दोलनका क्रममा सशस्त्र संघर्ष प्रबल बन्दै गयो । द्वन्द्वको यस अवस्थामा परम्परागत सत्ताको राणा शासकले आन्दोलनका पक्षसँग सम्झौता गरी उचित निकास निकाल्ने प्रयास गरेनन् । बरु आफु सत्तामै रहन आफ्नो हितैषी इष्टइण्डिया सरकारको पलायन पछि पनि नयाँ भारतीय शासकको इशारामा काम गर्दै गए । आफै दासदा विरोधी संघर्ष गरी स्वतन्त्रता प्राप्त गरेको भारतले त्यही प्रवृत्ति बोकी नेपालको सत्ता कमजोर भएको मौकामा सन् १९५० मा असमान सन्धी गरायो । त्यस्तै २००७ सालको क्रान्तिले आमूल परिवर्तन ल्याउला एवं कम्युनिष्टहरुको प्रभाप बढ्ला भन्ने आशंकामा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले नेपाली कांग्रेस, राजा र राणा शासकहरु बीच दिल्ली सम्झौता गराई राणा विरोधी आन्दोलन टुङ्ग्याई दिए । यसरी दिल्ली सरकारले तयार पारेको सम्झौता पत्रमा तत्कालिन ३ प्रमुख शक्तिले आँखा चिम्लेर सहिछाप ठोके र क्रान्तिलाई बिचैमा रोके । राणा त्रिभुवनबाट पुनः आफु शक्ति सहितको राजा भएपछि २००७ साल फागुन ७ गते देशवासीलाई अव उप्रान्त नेपालको शासन सत्ता जनताद्वारा रोजिएका प्रतिनिधिद्वारा गठित संबिधान सभाबाट बनाइएको संबिधानद्वारा संचालन हुनेछ भन्ने घोषणा गरेका थिए । जनताले आफ्नो शासन आफै गर्न उनीहरुकै प्रतिनिधिद्वारा संबिधान निर्माण हुनु पर्छ भन्ने यस्तो लोकतान्त्रिक सिद्धान्तलाई राजा त्रिभुवन लगायत तत्कालिन नेपाली कांग्रेस र कमयुनिष्ट पार्टीले आत्मसात गरेता पनि यस प्रकारको अभ्यासलाई देशी विदेशी षडयन्त्रले मूर्त हुन दिएन" (बराल, २०५९ : २३-२४) ।

"जनताको त्यस (००७) अपार क्रान्तिलाई सही नेतृत्व प्रदान गरी अगाडि बढाएको खण्डमा नेपालमा सामन्तवाद नष्ट हुने कुरा निश्चित थियो । यस क्रान्तिको नेतृत्व नेपाली

कांग्रेसका नेता र राजाको हातमा भएको हुनाले र उनीहरुको घनिष्ट सम्बन्ध भारतीय एकाधिकार पूँजीवादसँग भएको हुँदा यो काम हुन सकेन । उनीहरु नेपालमा बढ्दो क्रान्तिकारी लहरदेखि भयभीत भए । अन्नतः उनीहरुले क्रान्तिकारी शक्तिलाई बढ्नबाट रोक्नका निम्ति राणाशाही विरोधी संघर्षका दौरानमा नै कम्युनिष्ट तथा आफ्नै पार्टीका क्रान्तिकारीहरुलाई धरपकड गर्न थाले । यसरी उनीहरुले संयुक्त रुपले राणाशाही र सामन्ती व्यवस्थालाई क्रान्तिको मारबाट बचाए" (थापा, २०६२ : १७)

## ३.३. २००७ साल अघिको लखन थापाको विद्रोह

नेपालको राजनीतिक इतिहासलाई खोतलेर हेर्ने हो भने सशस्त्र विद्रो/द्वन्द्व अर्थात संघर्षको छनक दिने पहिलो घटनाको रुपमा लखन थापाको विद्रोहलाई लिन सकिन्छ । कोतपर्वको रक्तपातपूर्ण षडयन्त्रबाट शासनाधिकार प्राप्त जङ्गबहादुर राणको दोश्रो प्रधानमन्त्रित्व कालमा अर्थात् सन् १८७६ अप्रिलमा गोरखा, बुङ्ककोटका लखन थापाले केही युवाहरुको साथ लिएर जंग बहादुरको विरुद्धमा संगठन शुरु गरेका थिए । राणा शासक जंगबहादुरको हत्या गरी उसको हातमा रहेको शासन खोस्नु पर्छ भन्दै गाउँ गाउँ संगठन गर्ने लखन थापा र उनका अनुयायीहरुले केही हातहतियार समेत जम्मा पारेका थिए भनिन्छ । यो कुराको सुईको पाएर उनी लगायत ७ जना युवाहरुलाई पक्राउ गरियो र बाँसको पिंजडामा बन्द गरी काठमाण्डौ ल्याईयो । केही समयपछि लखन थापा लगायत उनका सहयोगीहरु अज सिं र अच्छामी मगरलाई जङ्गबहादुरको आदेश वमोजिम गोरखा फर्काईयो । उनीहरुलाई गोरखाको प्रसिद्ध मनोकामनाको मन्दिर अगाडिको रुखमा झुण्डाएर मारियो । नेपालको राजनीतिक ईतिहासमा लखन थापालाई प्रथम शहीद मानिन्छ **'मानवअधिकार वर्ष पुस्तक'**प्रकाशकः मानव अधिकार र सामाजिक न्यायका निम्ति अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९९६:पृष्ठः ७५ ।

"वि.सं. १९४३ तिर गोरखाका लखन थापा मगरको विद्रोह र उनको सहादत नेपाली इतिहासमा जनसंघर्षको थालनीका रुपमा अंकित छ । र, लखन थापालाई नेपालको पहिलो सहिद भन्ने गरिएको छ" (थापा, २०६२ : १७) ।

## ३.४. २००७ साल पछिका अवस्थाहरु एवं विद्रोहहरु

"२००७ सालपछि नेपालको राजनीतिमा आफ्नो राष्ट्रको हित भन्दा विदेशीको हितका लागि काम गर्ने नेताहरुको वर्चश्व भएको पाइन्छ । भारतीय सेना उत्तरी चेकपोष्टमा राख्नु,

देशका लोकप्रीय किसान नेतालाई भारतीय फौज बोलाई हत्या गराउनु, देशको अपार जलसम्पदा भारतीय एकाधिकारमा सुम्पनु, देशको एक प्रमुख राजनीतिक दलमाथि प्रतिबन्ध लगाउनु आदि राष्ट्र र जनघाती कार्यले राजनीतिक द्वन्द्व झन चर्काएको समिक्षा इतिहासमा जिउँदै छ । अपरिपक्व नेतृत्व र राजनीतिक दलहरुका बीच आपसी द्वन्द्व, द्वेष, मनोमालिन्य र राजाको शक्तिमा हावी हुने चाहना आदिका कारणले राजनीतिक अवस्था संकटपूर्ण त छदै थियो, त्यसलाई किनारा लगाउने र देशको राजनीतिलाई कसले नेपथ्यबाट धमिल्याएको छ भन्ने समेतको सुझ बुझ र दूरदर्शितापूर्ण क्षमताको विकास न त कुनै नेता वा राजामा नै हुन पुग्यो । फलतः २०१५ सम्म राजनीतिक द्वन्द्वको व्यवस्थापनमा कसैको चासो जान सकेन बरु संबिधानसभा कि संसद भन्ने विवादलाई चर्काउने काम गरियो । मुलतः राजाले चुनावै नगराउने हुन कि भन्ने आशंका बढ्न पुग्यो, जसले गर्दा संबिधानसभाको कुरालाई समेत केही सचेत दल र नेताहरुले थाती राख्दै गए" (बराल, २०५९ : २४)

## ३.५. २००७ सालको क्रान्ति

"२००७ सालको क्रान्तिलाई सम्झौतामा टुंगाइएपछि त्यसका उपलब्धिहरुको विश्वासनीयतामा नै आशंका उठ्न थाल्यो । बदलिएको स्थितिमा नेपाली कांग्रेसले राजालाई प्रतिक्रियावादी घेराबाट अलग राख्दै आफ्नो पक्षमा पारेर सत्तामाथिको पकडलाई एकलौटी गर्न चाहन्थ्यो भने नेपाल कम्युनिष्ट पार्टी विदेशी साम्राज्यवादको पक्ष लिने कुनै पनि सरकारले न त देशलाई मुक्त गर्छ न देशमा जनतन्त्र कायम गर्न सक्छ भन्दै अंग्रेज–अमेरिकी साम्राज्यवाद, देशीय सामन्तवाद र भारतीइ पुजीवादलाई जरैदेखि उखेल्नका निम्ति विभिन्न वर्गहरुका बीचको बलियो एकता स्थकपित गर्नुपर्छ भन्ने पक्षमा थियो" (के.सी., २०५६ : ९१) ।

## ३.६. २००८ सालको डा. के.आई. सिंहको विद्रोह

"मातृकाप्रसादको प्रथम प्रधानमन्त्रीत्वकालमा घटेको प्रमुख घटना 'डा. के.आई. सिंहको विद्रोह' थियो । दिल्ली सम्झौताबाट नेपाली जनतालाई धोखा भएको ठानी आफ्नो पार्टीले जारी गरेको युद्ध विरामको घोषणालाई अस्वीकार गरी युद्ध जारी राख्ने प्रमुख कांग्रेसी नेतामा कुँवर इन्द्रजित सिंह पनि थिए । तर राणा कांग्रेस संयुक्त सरकारले भारतीय सेनाको सहयोग लिई वि.स. २००७ साल फागुन ९ मा के.आई. सिंहलाई पक्राउ गरी भैरहवा जेलमा राख्यो । जेलबाट . के.आई. सिंह उम्कन सफल भए । के.आई. सिंह पुनः वि.स. २००८ साल श्रावण २६

मा पक्राउ गरी काठमाण्डौ पठाइए र सिंह दरवारमा बन्दीका रुपमा राखिए । उपर्युक्त अवस्थामा २००८ माघ को मध्यरात एकाएक बन्दी अवस्थामा रहेका डा.के.आई. सिंहलाई मुक्त गरी उनैको नेतृत्वमा रक्षा दलले सिंहदरवार सचिवालय, विमानघाट, रेडियो नेपाल र सञ्चार विभाग समेत आफ्नो हातमा लिई आन्तरिक र वाह्य सम्पर्क विच्छेद गरी सबैलाई चकित पारिदिए । घटना घटेको रातको भोलिपल्ट के.आई. सिंह विद्रोह दमन गर्ने सम्बन्धमा छलफल प्रारम्भ भयो । भारतीय राजदुतले भारतीय सेना बोलाउने प्रस्ताव राखे । अर्को तर्फ सरकारी सेनाले विद्रोहीहरुमाथि जवाफि हमला गर्दै रह्यो र भोलिपल्ट दिउँसोको मध्यान्हमा सिंहदरवार वाहेक अधिकांश स्थानहरुमाथि सरकारी सेनाको नियन्त्रण कायम भयो । दरवारमा के.आई. सिंहका पांच सुत्रीय मागको समर्थन भइसकेको भए तपनि सिंह भने एका एक आफ्ना केही विश्वासिला सहयोगीहरुका साथ तिब्बततर्फ भागेकाले यो काण्ड त्यसै सेलाएर गयो"(के.सी., २०५६ : ९३) ।

## ३.७. भीमदत्त पन्तको विद्रोह

"मातृका प्रसाद कोइराला सरकारको समयमा सुदूर पश्चिमको धनगढीमा असन्तुष्ट किसानहरुले सशस्त्र किसान आन्दोलनको शुरुवात गरे । स्थानीय किसानहरुबीच लोकप्रीय रहेका भीमदत्त पन्तको नेतृत्वमा करिव ७०० किसानहरु परिचालित रहेको यो आन्दोलनलाई सरकारले 'लुटेराहरुको डफ्फा' भने तापनि वास्तवमा तिनीहरु के. आइ. सिंहबाट प्रभावित क्रान्तिारीहरु थिए । हुन त यी विद्रोहीहरुलाई कतिपय लेखकहरुले 'कम्युनिष्ट क्रान्तिकारी' पनि भनेका छन्" (के.सी., २०५६ : ९७) ।

## ३.८. २००७ सालको क्रान्ति र त्यसपछिका घटनाहरुमा नेपाली कांग्रेसको भूमिका

२००७ सालमा एकातिर नेपाली कांग्रेसले सशस्त्र संघर्ष अघि बढायो भने अर्कोतिर राजा त्रिभुवन भागेर सपरिवार दिल्ली पुगे । त्यहीँ दिल्ली सम्झौता भएर राणा शासनको जरा उखेलियो ।" (थापा, २०६२ : १८)

"नेपालको दरवारमा भएका शक्ति संघर्ष आपसी कलह र काटमारका घटनाहरुलाई छोडेर शासन व्यवस्था र शासकहरुको विरुद्ध जनताको पंक्तिबाट हतियार उठाइ सशस्त्र संघर्षमा ओर्लीएको घटना २००७ सालको जनक्रान्ति नै हो । एकसय चार वर्ष लामो राणा शासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्रको स्थापनाका निम्ति २००७ सालमा प्रारम्भ गरिएको

सशस्त्र संघर्षको ऐतिहासिक महत्वको छ । नेपाली कांग्रसको नेतृत्वमा संगठित मुक्ति सेनाले हतियार बन्द संघर्षको थालनी बिरगञ्जबाट गरेको थियो । मुक्ति सेना संगठित भए पनि युद्ध कला तथा हतियार चलाउने सीपको न्यूनता हुनु, पर्याप्त हतियार नहुनु, आवश्यक तालिम दिने वा लिने स्थिति नहुनु जस्ता सशस्त्र संघर्षका निम्ति प्रतिकूलताका वावजुद पनि जनताको पंक्तिबाट छेडिएको यही सशस्त्र संघर्षको बलले १०४ वर्ष लामो जहाँनिया राणा शासन व्यवस्थालाई ००७ सालमा समाप्त गरियो । प्रजातन्त्र प्राप्तीको यो कठोर संघर्षका क्रममा थिरबम मल्ल, लगायतका थुप्रै लडाकुहरुले जीवन उत्सर्ग गरेका थिए (इन्सेक, २०५२ : ७६) ।

"वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापछि पनि छिटफुट रुपमा सशस्त्र संघर्षका घटनाहरु नभएका होईनन् । यद्यपी पहिलो संसदीय निर्वाचन २०१५ सालमा सम्पन्न भयो र नेपाली कांग्रेसले दुई तीहाई सिटमा बिजय प्राप्त गरी बि.पी. कोइरालाको प्रधानमन्त्रित्वमा सरकार गठन भयो । नेपाली कांग्रेसको अदूरदर्शी नीति र मुलुकमा बढिरहेको अराजक स्थितिबाट फाईदा उठाउँदै राजा महेन्द्रले सरकार एवं संसद भङ्ग गरी २०१७ सालमा दलविहीन पंचायती व्यवस्थाको घोषणा गरे । सैनिक बलमा लादिएको निरंकुश व्यवस्थाको स्थापना संगै यसको विरुद्धमा देशका विभिन्न भागमा सशस्त्र संघर्षहरु भएका थिए । राजनीतिक दलहरु प्रतिबन्धित अवस्थामा पुगेपनि गुप्त गतिविधिहरु रोकिएनन् । प्रमुख राजनीतिक दलहरु नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीका नेताहरु पक्राउपरे, बचेखुचेकाहरु भारत प्रवास लागे । कि संघर्ष कि आत्मसमर्पण यो भन्दा अर्को विकल्प थिएन । ती दलभित्र त्यो बेला यी दुबै प्रबृत्ति मौजुद थिए" । (इन्सेक, २०५२ : ७६) ।

"२०१८ सालमा राजा महेन्द्रको जनकपुर सवारीको अवसरमा नेपाली कांग्रेसका युवा कार्यकर्ताको समूहले वम प्रहार गऱ्यो । राजालाई केही नभए पनि राजा चढेको गाडी क्षतिग्रस्त भयो (इन्सेक,१९९६:७६) अरविन्द ठाकुर वम प्रहार हुनुभन्दा अगाडि हवाई मैदानमै गिरफ्तार भएका थिए भने केही समयपछि पक्राउ परेका दुर्गानन्द झा समेतलाई मृत्यु दण्ड दिईयो । त्यसपछि क्रमशः मुलुकका विभिन्न भू–भागमा नेपाली कांग्रेसको आह्वान र पहलमा सशस्त्र संघर्षका घटनाहरु भइरहे । वि.सं. २०१९ सालको जेठ १५ गते गुल्मीको अमरपुरमा हतियारले लैस भएका आन्दोलनकारी र शाही सेनाबीच दोहोरो भिडन्त भएको थियो । उक्त भिडन्तको नेतृत्व गर्ने समशेरबहादुर खत्रीलाई तत्काल पक्राउ गरी मौलामा बाँधेर नाक, कान, ओठ, हातका औंला, गाला र लिङ्ग समेत काटेर विभत्स किसिमले हत्या गरियो । त्यस घटनामा मोतिप्रसाद भुसालको पनि मृत्यु भएको थियो" (इन्सेक, २०५२ : ७७) ।

"पञ्चायती निरंकुश व्यवस्थाको प्रादुर्भाव पछि २०१८ सालमा भएको चितवन भरतपुर काण्डमा संलग्न टेक बहादुर गुरुङको नेतृत्वमा १५ जनाको "*सशस्त्र बिद्रोही गोरखा"* नामक लडाकु संगठन निर्माण भएको थियो । ०१८ सालमै चितवनको ढारीको सशस्त्र संघर्षमा सेना र आन्दोलनकारी बीच ८ घण्टासम्म गोली हानाहान भएको थियो । त्यसैगरी ०१७ सालको फौजीकाण्ड पछि त्यसको विरोध गर्दै ईलामको ओखर भञ्ज्याङ्गमा २०१९ साल माघ ४ गते आन्दोलनकारी र शाही सेनाबीच दोहोरो भिडन्त भएको थियो उक्त भिडन्तमा सेनाको गोली लागि रङ्गलाल गुरुङको मृत्यु भएको थियो यसरी ०१८ सालको सशस्त्र संघर्षको सिलसिलामा भएका अनेकन ठाउँका घटनाहरुमा अनगिन्ति मानिसहरुको हत्या भएको थियो" "२०१९ सालमा पञ्चायती शासनको विरुद्ध सशस्त्र हमला गरी बझाङलाई मुक्त गर्ने योजनाका साथ करीव १ सय जना संलग्न रहेको एउटा सशस्त्र डफा पिथौरागढबाट हुँदै बझाङतर्फ लाग्यो । यो डफाको नेतृत्व बझाङका ओमजंगले गरेका थिए । "नेपाली कांग्रेसका गुरिल्ला" सभूह थियो ।" (इन्सेक, २०५२ : ७७) ।

"प्रजातान्त्रिक आन्दोलनको वैधानिक बटो प्रतिबन्धित भएपछि नेपाली कांग्रेसले २०२९ सालमा पुनः सशस्त्र संघर्षको बाटो समातेको कुरा यसपछिका घटनाहरुले पुष्टी गर्दछन् । यो क्रम २०३२ सालसम्म निरन्तर रह्यो । यद्यपि यस अवधिमा दीर्घ प्रभाव पार्ने खालका घटनाहरु नभए पनि श्रृंखला भने जारी रहेको पाईन्छ । २०२९ साल भदौ ९ गते राती ११ बजे सप्तरी स्थित हरिपुर चौकीमा सशस्त्र आक्रमण गरियो । उक्त घटनामा एक प्रहरीको मृत्यु, एकजना हवल्दार तथा एक जवान प्रहरी घाईते भएका थिए । नेपाली कांग्रेससंग संबद्ध युवाहरुको पहलमा उक्त हमला भएको थियो । त्यसैगरी २०३० साल मंसिर ३० गते मङ्गलवा सर्लाहीमा गंगाबहादुरले नेतृत्व गरेको एक सशस्त्र समूहले प्रहरीसँग मुठभेड गर्‍यो । यो मुठभेडबाट केही मानिसहरु मारिए । यस अघि २०३० बैशाख २२ गते साँझ तत्कालिन निर्माण तथा यातायात भन्त्री प्रयागराज सिंह सुवालमाथि राजधानी मै बम प्रहार गरियो । सुवाललाई खास केही भएन । तर निर्दोष नागरिकहरु घाईते भए । ३६ नं. ग्रिनेड विष्फोट गर्ने व्यक्ति नेपाली कांग्रेसका शिवप्रसाद कङ्गाल थिए । यो घटनाका सिलसिलामा सरकारले ४ सय एकजना नागरिकलाई पक्राउ गरेको थियो । त्यसैगरी २०३१ साल बैशाख ५ गते धरानको फुस्रे प्रहरी चौकीमा बम हान्न लाग्दा बमबहादुरलाई पक्राउ गरिएको थियो" "२०३१ साल फागुन ३० गते राजा बीरेन्द्रको बिराटनगर ग्रमणको अवसरमा राजालाई लक्षित गरेर बम प्रहार गरियो । तर राजालाई केही नभए पनि अन्य पचासौं घाइते भएका थिए । यो घटनामा पक्राउ गरिएका

भीमनारायण श्रेष्ठलाई ०३५ माघ २४ गते जेलबाट निकाली गोली हानी हत्या गरिएको थियो" (इन्सेक, २०५२ : ७८) ।

"सशस्त्र संघर्षकै क्रममा एकै सथलमा ठूलो संख्यामा आन्दोलनकारीहरु मरिएको चर्चित घटना हो ओखलढुङ्गाको सशस्त्र संघर्ष । ०३१ सालमा क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्वमा गोपाल राई, अगममणि राई, बलराज कार्की, क्षेत्रध्वज बस्नेत लगायत ५० जना भन्दा बढी नेपाली कांग्रेसका कार्यकर्ताहरु यो सशस्त्र संघर्षमा परिचालित थिए । भारतीय भूभिबाट तालिम लिएर आवश्यक हातहतियार र खरखजाना समेत बोकी उक्त डफ्फा ०३१ साल मंसिरको पहिलो हप्ता बनारसबाट मधुवनी हुँदै सिन्धुली स्थित कमला नदीको किनारै किनार ओखलढुङ्गा तर्फ लाग्यो । संघर्षको निशाना र उद्देश्य थियो, शाही सैनिक व्यारेक ध्वस्त पारेर सबभन्दा पहिले ओखालढुङ्गा कब्जा गर्नु । योजनाको गोपनीयता भंग भइ सरकारी निकायसम्म पुगी सकेको थियो" । "योजना अनुसार पुस ११ गते सल्लेरीमा आक्रमण गर्ने तय भयो तर उनीहरु निर्दिष्ट लक्ष्यमा पुग्नु अगाडि नै ओखलढुङ्गा र सोलुका गौंडा गौंडामा सेना पसिसकेको थियो । सशस्त्र योद्धाहरुले आखलढुङ्गाको टिम्बुरबोटे जङ्गलबीच एक ओडारमा आश्रय लिएर त्यो रात त्यहीं बास बस्ने निधो गरे । उक्त वन शाहीसेना खन्याएर घेराउ गरिसकिएको थियो । बेलुकी ५ बजेतिर सेनाले अचानक भिषण बम आक्रमण गऱ्यो लगातार २०/२५ वटा बम उक्त ओडारमा प्रहार गरियो । बम आक्रमणमा परी धेरै योद्धाहरु ओडारमै हताहत भए भने घाइते अवस्थामा ओडारबाट निस्किएर अन्यत्र जान लाग्दा अन्य योद्धाहरुलाई गोली प्रहार गरी मारियो । उक्त घटनामा अगममणि राई, लगायतका दर्जनौं व्यक्तिहरु मारिए" (इन्सेक, २०५२ : ७८-७९) ।

## ३.९. २०२८ सालको ने.क.पा.को झापा विद्रोह

"निरंकुश राज्य सत्ताको विरुद्ध हतियार उठाएर गरिएका संघर्षमा २०२८ सालको झापा संघर्ष अत्यन्त चर्चित रहेको छ । तत्कालिन ने.क.पा.को झापा जिल्ला कमिटी केन्द्रीय नेतृत्वबाट आधाभूत भतभिन्नता राख्दै अलग भएपछि "वर्गशत्रु खत्तम अभियान" नीतिका साथ अघि बढ्यो । नेत्र घिमिरे, रामनाथ दाहाल, वीरेन राजवंशी आदिको नेतृत्व र पहलमा झापाका भूमिहीन तथा गरीब किसानहरुलाई सचेत र संगठित गरियो र स्थानीय रुपमा शासन र शोषण गर्ने सबैभन्दा बदमास र क्रुर जमिन्दारहरुलाई छनौट गरी "खत्तम" गर्ने योजना बनाईयो । एक एरिया, एक युनिट, एक एक्सनको नीति अनुसार २०२८ सालको अन्ततिर लडाकु दस्ताले छनौट गरिएका जमिन्दारमाथि गरेलु हतियारहरु भरुवा बन्दुक, भाला, खुकुरीद्वारा आक्रमण शुरु गऱ्यो ।

कम्यूनिष्टहरुद्वारा योजनाबद्ध रुपले सञ्चालन गरिएको यो पहिलो सशस्त्र संघर्ष थियो । संघर्षको लक्ष्य एवं उद्देश्य निरुपित गरिएको थियो, आक्रमणको निशाना निर्दिष्ट थियो, तरिका र रुपबारे आन्दोलनकारीहरु स्पष्ट थिए र अगुवाइ आफुले गरे पनि आधारभूत रुपमा जमिन्दारद्वारा सबैभन्दा उत्पीडित जनसमुदाय राजनीतिले सचेत बनेर संघर्षमा सहभागी भएका थिए । “सामन्तलाई नगिंडे सैनिकसंग नभिडे, आउँदैन जनवाद झोली थापेर” झापा संघर्षका प्रणेताहरुद्वारा रचित क्रान्तिकारी गीतको एक अंश जुन त्यो बेला अत्यन्त लोकप्रिय मात्र थिएन, प्रस्तुत अंशमा सशस्त्र संघर्ष किन र कोसंग गरिंदैछ भन्ने कुरा स्पष्ट प्रकट भएको छ । झापा संघर्षको थालनी २०२८ साल जेठ २ गते स्थानीय एक जमिन्दार माथि योजनावद्ध आक्रमणबाट गरियो । क्रमैसंग केही जमिन्दारहरु मारिए । २०२८ सालको पुस ११ गते शनिश्चरेका स्थानीय सामन्त धर्मप्रसाद ढकाल माथिको आक्रमण उक्त सशस्त्र संघर्षको उत्कर्षको घटना थियो । त्यही घटनापछि झापाले राष्ट्रको ध्यान तान्यो र निरंकुश पञ्चायती व्यवस्था सशस्त्र संघर्षलाई नियन्त्रण गर्ने निहुँमा व्यापक दमन डण्डा लिएर ओर्लियो । हजारौंको संख्यामा मानिसहरुलाई पक्राउ गरियो । सैयौं मानिसहरु अमानवीय यातनाका शिकार भए” (इन्सेक, २०५२ : ७७) ।

२०२९ साल फागुन २४ गते नेकपाको झापा जिल्ला कमिटीको नाममा प्रकाशित एक पर्चामा झापा संघर्षका बारेमा निम्न कुरा उल्लेख गरिएको छ “लगभग दुई वर्षअघि देखि झापाका क्रान्तिकारी किसानले कम्युनिष्ट पार्टीको नेतृत्वमा शोषक वर्गको हातबाट मान्छे मार्ने एकलौटी अधिकार खोस्न शुरु गरेर शोषित पीडितको हत्याको बदलामा शोषक जमिन्दारहरुको हत्या गर्न थाले । यो मार्क्सवादी लोलिनवादी कम्युनिष्ट पार्टीको नेतृत्वमा, स्थानीय रुपमा सत्ता कब्जा गर्ने राजनीति लिएर जनसेना र आधर इलाकाको निमार्ण गरी गाउँले शहरलाई घेर्ने दीर्घकालीन जनयुद्धका रणनीतिले राष्ट्रव्यापी सत्ता कब्जा गर्ने उक्त पर्चा झापाको सुखानीमा ५ जना त्रान्तिकारीहरुको गोली हानी हत्या गरिएको ठिक ३ दिनपछि प्रकाशित भएको थियो । किसानहरुको सशस्त्र गोरिल्ला संग्राम शुरुवात हो ।” ०२९ साल साउन १६ गते झापाको नडियावाड स्थित एउटा घरमा भएको प्रहरी आक्रमणको घटनामा चन्द्रडाँगीको मृत्यु भयो र आन्दोलनका अगुवाहरु मध्ये एक दुई जना बाहेक प्राय सबै व्यक्तिहरुलाई गिरफ्तार गरियो । त्यसपछिको भयानक दमन र उत्पीडनका कारण झापामा मुर्दा शान्ति छाए पनि घटनाले राष्ट्रिय चर्चा पायो । त्यसपछि नै विखण्डित रहेको कम्युनिष्ट आन्दोलनमा एकीकरणको नयाँ चरण प्रारम्भ भएको थियो । अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटि हुँदै झापा

आन्दोलनका प्रणेताहरुद्वारा ०३५ सालमा आएर नेकपा (माले) को गठन भयो । झापा आन्दोलनसंग सम्बद्ध १५ जना क्रानितकारीहरुले ०३३ सालमा गरेको नख्खुजेल विद्रोह पनि त्यही श्रृङ्खलाको एउटा कडीको रुपमा स्परणीय छ । जेलभित्रको एउटा कोठाबाट ३१ फिट लामो सुरुङ खनेर साहसपूर्वक निस्किर जनताको पंक्तिमा पुग्न सफल भएको घटना नख्खुजेल विद्रोहको नामले चर्चित छ (इन्सेक, २०५२ : ७७-७८) ।

तत्कालीन नेकपा (माले) को संस्थापक केन्द्रीय सदस्य रत्नकुमार वान्तवा इलामलाई आधार थलो बनाई पूर्वी पहाडमा कम्युनिष्ट राजनीति प्रचार र संगठनमा जुटिरहेका एकजना लडाकू योद्धा थिए । उनी “इलामलाई चिङकाङसाङमा परिणत गर्न सकिन्छ” भन्दै तत्कालीन पार्टी नीति अनुसार सशसत्र संघर्षको लक्ष लिएर राजनीति सचेत युवाहरुलाई हतियार चलाउने देखि सुरङ खन्ने सम्मका काममा प्रेरिर र प्रशिक्षित गरिरहेका थिए । पञ्चायती प्रशासन उनको खोजीमा प्राण प्रणले लागी परे पनि भेट्न सकेको थिएन । केही समय अघि देखि भूभिगत रहेका बान्तवालाई २०३५ सालको चैत २७ गते आफ्ना केही सहयोद्धाहरुसंगै प्रहरी दस्ताले घेराउ गऱ्यो । दर्जनौं प्रहरीसंग बान्तवा एक्लैले भिडन्त गरी रहे तर रुखको आडमा लुकेर प्रहरी विष्णु राईले चलाएको बन्दूकले उनको प्राण पखेरु उडायो ।

पञ्चायती निरंकुशताको विरोधमा जनसमुदायलाई संगठित सचेत पार्ने काममा कम्युनिष्ट पार्टीको योगदान कम मुल्यको छैन । छोटै समयमा राजनीतिक रुपले धनकुटा स्थित छिन्ताङको जनसमुदाय सचेत र संगठित बन्यो । यसले पञ्चायती प्रशासन र व्यवस्थावादी पञ्चहरुको “निदहराम” पार्नु स्वभाविक थियो । छिन्ताङको यो राजनीतिक अग्रगतिबाट आतंकित बनेका तत्कालीन महापञ्चहरु, स्थानीय जिल्ला प्रशासकहरु ०३६ सालको शुरुदेखि नै भीषण दमनको योजना बनाउन थाले । व्यापक योजना र तयारीका साथ प्रहरी शक्ति दमनका निम्ति छिन्ताङ पुग्यो तर लडाकु क्रान्तिकारीहरुले सशस्त्र हमला गरी उनीहरुलाई लखेटे । लडाकु जनसमुदायबाट छिन्ताङमा भएको यो पहिलो एक्सन थियो । त्यसपछि छिन्ताङमा शुरु भयो नृशंस दमन र जनप्रतिरोधको श्रृंखला । प्रतिरोधमा ओर्लिएको जनसमुदाय बीचबाट गोपाल आनन्द राई, भैरवबहादुर राई , बलबहादुर खत्री, धनबीर दर्जी, गम्भीरमान दर्जी, टंकबहादुर विश्वकर्मा, लाखमान राई, रणध्वज पुमा राई, केशरमान राई, गणेशबहादुर विश्कर्मा, हाँखिमा राई, झगेन्द्र राई, पुत्रमान राई, चन्द्रबहादुर दमाई, गंगाबहादुर राई र रामकुमारी राई समेत १६ जनाको ज्यान गयो । सशस्त्र संघर्षको सिलसिलामा छिन्ताङको यो घटना पनि बिर्सन नसकिने घटना हो । यस अवधिमा कम्युनिष्ट पार्टीको प्रयत्न र प्रभावबाट अर्घाखाँचीको वर्रे, चितवनको

जुगेडी, जुटपानी र दाङ आदि ठाउँहरुमा छिटफुट सशस्त्र संघर्षहरु भएका थिए (इन्सेक, २०५२ : ७९) ।

## ३.१०. २०४२ सालको वमकाण्ड र ने.का.को आह्वानमा सत्याग्रह आन्दोलन

नेपाली कांग्रसको आव्हानमा २०४२ साल जेठ १० गते देखि देशव्यापी सत्याग्रह आन्दोलन प्रारम्भ भएको थियो । वाम समूहहरुले पनि उक्त आन्दोलनलाई समर्थन र सहयोग गरेका थिए । सत्याग्रहको सिलसिलामा नेपाली कांग्रेस तथा कम्युनिष्ट पार्टीका हजारौं कार्यकर्ता तथा नेता पक्राउ परी सकेका थिए । ठीक यसै परिस्थितिमा असार ६ गते काठमाडौं स्थित राजदरवारको दक्षिण ढोका, राष्ट्रिय पञ्चायतको भवन भित्र र अरु केही सार्वजनिक ठाउँहरुमा बम विस्फोटका घटना भए । यो आकस्मिक घटनाको तत्काल कसैले जिम्मेवारी नलिए पनि केही केही दिन पछि जनवादी मोर्चा नामको संगठनले उक्त कार्य आफूले गरेको बतायो । पञ्चायती कालमा भएको बम विष्फोटनको यो घटनाले सरकारलाई पञ्चायत विरोधीहरुमाथि दमन गर्ने बलियो आधार प्रदान गऱ्यो । हजारौं मानिसहरुलाई बमकाण्डको अभियोगमा पक्राउ गरियो । जनमोर्चाका अध्यक्ष रामराजाप्रसाद सिंह, उपाध्यक्ष लक्ष्मणप्रसाद सिंह र महासचिव खेमराज मायालुलाई उनीहरुको अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइयो । बम काण्डसंग असंलग्न तर पञ्चायती निरंकुशता विरोधी कतिपय व्यक्तिहरुलाई पक्राउ गरी अत्यन्तै अमानुसिक यातना दिइयो । पक्राउ गरिएका मध्ये डा. लक्ष्मी नारायण झा, ईश्वर लामा, पदम लामा, महेश्वर चौलागाईं, साकेत चन्द्र मिश्रलाई प्रहरी हिरासतबाटै वेपत्ता पारियो । उनीहरुलाई मारियो या के गरियो भन्ने कुरा अहिलेसम्म यकिन हुन सकेको छैन । नेपालमा भएका सशस्त्र संघर्षको चर्चा गर्ने सन्दर्भमा यो २०४२ सालको बम काण्ड पनि प्रासंगिक घटनाका रुपमा लिनै पर्ने हुन्छ । यो घटना पछि सत्याग्रहको आन्दोलन स्थगित भयो । (इन्सेक, २०५२ : ७९) ।

चाहे राणकालीन निरंकुशता होस् या पञ्चायतकालीन निरंकुशता होस्, जनताको पंक्तिबाट हतियार उठाएर विरोध र विद्रोह मार्फत निकास खोजिएको थियो भन्ने कुरा इतिहासको अन्तरकुन्तर खोतलेर टिपिएका माथिका घटनाहरुले पुष्टि गरिरहेका छन् । कतिपय घटना असंगठित र स्वतःस्फूर्त किसिमका रहेका छन् भने कतिपय घटना सुनियोजित, योजनावद्ध एवं सुव्यवस्थित किसिमका छन् । यस किसिमका घटनाले राष्ट्रिय वा क्षेत्रीय स्तरमा प्रभाव परेको देखिन्छ । जे होस् राज्य सत्ताको विरुद्ध तत्कालिक परिस्थितिजन्य किसिमले घटेका सशस्त्र संघर्षका रुपमा अभिव्यक्त भएका यी घटनाहरुलाई समयको सापेक्षतामा हेरिनु पर्दछ ।

राजनीतिक दृष्टिकोणले अहिले व्याख्या र विश्लेषण गर्दा ओखलढुंगाको टिम्बुरबोटे घटना या झापाको सशस्त्र संघर्षको घटना ठीक थियो या बेठिक, अथवा साहस हो या दुस्साहस हो भनेर बादविवाद एवं बहस गर्न सकिन्छ, एक प्रकारको बहस पनि भइरहेको छ, यो अलग्गै सवाल हो । यसले कालान्तरसम्म नै आफ्नो ठाउँमा जवाफ खोजिरहन सक्छ । यद्यपि २००७ सालको राणा शासन विरोधी अभियानमा जनताको पंक्तिबाट हतियार नसमातिएको भए १०४ वर्ष लामो समयदेखि जरा गाडेर शासन र शोषणको साम्राज्य हाँकिरहेका मोहन शमसेरहरु त्यति चाँडै फतक्क गल्नेवाला थिएनन् । जहाँसम्म राजा त्रिभुवनको दिल्ली पलायनको प्रसंग छ, त्यसले राणाहरुलाई झड्का अवश्य दिएको थियो होला तर सम्पूर्णमा त्यो घटना निर्णायक थिएन । उनीहरुका निम्ति त खोपीमा राख्ने राजा चाहिएको थियो, ज्ञानेन्द्रलाई गद्दीमा चढाइसकेका पनि थिए । राजा महाराजाका प्रशस्तीहरुलाई मात्र इतिहास सम्झने इतिहासकारहरुका लागि प्रजातन्त्र प्राप्तीको निम्ति ज्यू ज्यान छोडेर हतियार बोकी निर्णायक युद्ध गर्ने थिरवम मल्लहरु गौंण बन्नु स्वभाविक पनि हो । त्यसैले भन्नै पर्दछ ००७ सालमा प्रजातन्त्र स्थापनाको निम्ति निर्णायक भूमिका निर्वाह गर्ने तागत भनेको जनताको पंक्तिबाट मुक्तिसेना संगठित भई उसले छेडेको सशस्त्र संघर्ष नै हो । त्यसैगरी ०२८ सालको झापाको सशस्त्र संघर्षले विभाजित कम्युनिष्टहरुलाई एकत्रित पार्दै एकता र एकीकरणको माध्यमबाट कम्युनिष्ट शक्तिलाई सुदृढ बनाउने कुरामा होस् वा ०३१ सालको ओखलढुङ्गाको टिमुरवोटे घटनाले वि.पि.लाई मेलमिलापको नीति लिई स्वदेशमा फर्काउन प्रेरित गार्ने कुरामा होस्, महत्वपूर्ण सहयोग पुऱ्याएको यथार्थलाई सायद कसैले नकार्ला । (इन्सेक, २०५२ : ७९-८०) ।

## ३.११. २०४६ सालको राष्ट्रिय जनआन्दोलन

१०४ वर्षे राणा शासनलाई ध्वस्त पार्न २००७ सालमा जसरी जनताले हतियार उठाउनु परेको थियो, ३० वर्षे पंचायती शासनलाई ध्वस्त पार्न त्यसै गरी हतियार उठाउनु परेन । मात्र ५६ दिनको जनआन्दोलनले पंचायतलाई धरासायी बनायो । आन्दोलनको अवधि लम्बिएको थियो भने जनताले हतियार उठाउँदैनथ्यो भन्ने आधार केही पनि छैन । प्रजातन्त्र प्राप्तीका उत्कट अभिलाषा, पंचायती निरंकुशताको क्रूर दमन, दमनप्रति हुर्कदैं गरेको आक्रोश, पंचायती व्यवस्थालाई विनष्ट गर्ने सवालमा सबै पंचायती विरोधी राजनीतिक शक्तिहरुको संयुक्त पहलका कारण उत्साहित बनेको आम जनसमुदाय विल्कुल यो परिस्थितिमा हिंसात्मक दमन भैरहेको बेला सशस्त्र प्रतिरोधमा ओर्लनका निम्ति अग्रसर थिएन भन्न कसैले पनि सक्दैन । आन्दोलनको

लगभग पछिल्लो चरणतिर ललितपुरको पाटनलाई मुक्त क्षेत्र घोषणा गरी त्यहाँ रहेको प्रहरी शक्तिलाई बाहिर निस्कन नदिइकन शहर परिक्रमा गर्दै निस्किएको घरेलु र परम्परागत हतियार सहितको जुलुसले उपरोक्त कुरालाई नै प्रकट गरिरहेको थियो (इन्सेक, २०५२ : ८०-८१) ।

यसरी हतियारविहिन भएको राज्यसँग शान्तिपूर्ण एवं निसशस्त्र जनसंघर्ष तथा जनआन्दोलनबाट पनि परिवर्तन हुन सक्छ भन्ने कुराको पुष्टि भयो र उक्त आन्दोलनले विजय प्राप्त गऱ्यो । यो घटनाले जनता एकजुट भएमा जस्तो सुकै निरंकुश एवं तानाशाही र हतियारधारी शक्ति जनता सामु झुक्न बाध्य हुन्छ भन्ने कुराको इतिहासको पहिलो प्रमाण नेपालले देखाउन पुग्यो र प्रजातन्त्रको पुनर्स्थापना भै संबैधानिक राजतन्त्र सहितको बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थाको शुत्रपात भयो ।

## ३.१२. २०५२ सालपछिको ने.क.पा.(माओवादी) को सशस्त्र विद्रोह

“२०४६ सालको राष्ट्रिय जनआन्दोलनको जबरजस्त धक्काले ३० वर्षीय निरंकुश र स्वेच्छाचारी पंचायती व्यवस्थाको जगै उखेलिदियो र २०१७ सालमा सैनिक वलमा खोसिएको प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना भयो । नेपालको राजनीतिक इतिहासमा यो परिघटनाले अत्यन्तै महत्व राखेको छ । पंचायती कालरात्रीको उकुस मुकुस भित्र निस्सासिएका जनताले राजनीतिक रुपमा मुक्तिको श्वास फेरे । जनता सार्वभौम अधिकार सम्पन्न घोषित भएको पहिलो संबिधान निर्माण गरियो । उक्त संबिधान अनुरुप २०४८ सालमा संसदीय आम निर्वाचन पनि सम्पन्न भयो र स्पष्ट बहुमत आर्जन गर्ने दल नेपाली कांग्रेसको सरकार गठन भयो । मुलुकमा ठूलो मूल्य चुकाएर राजनीतिक अधिकार त प्राप्त भयो भर प्रजातन्त्र प्राप्तिको सातौं वर्ष वितिसक्दा पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्णता जनताले पाउन सकिरहेको थिएनन । बरु प्रकारान्तरले मुलुकको राष्ट्रिय राजनीति प्रदुषणयुक्त बन्दै गइरहेको थियो । नैतिक मुल्य र मान्यतामा ह्रास, राजनीतिक संस्कार र आचरणमा स्वार्थी मनोवृत्ति, सुविधाभोगी चिन्तन आदिले पंचायती पारामै शिर उठाउन थाल्यो । महंगी, अनाचार दुराचारले सामाजिक र जनजीवन अस्तव्यस्त हुँदै गयो । यति ठूलो त्याग, तपस्या र बलिदानको मूल्य चुकाएर प्राप्त भएको प्रजातन्त्रले जनतामा जुन आशा र अपेक्षा उमारेको थियो, सत्तामा स्थापित दल, त्यसतर्फ बेखव बन्नु, जनताका दैनन्दिनका समस्या ज्युँका त्युँ रहनु, राहतको सट्टा आहत हुँदै जानु आफैमा एउटा विसंगत परिस्थितिको सृजना हुनु हो । सत्तामा पुगेका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुमा सत्ता उन्मादले धर गर्न स्थानीय प्रशासनिक

संयन्त्रलाई प्रभावित गरी विरोधीलाई तह लगाउने तर्फ उत्साहित गर्न थाल्यो र भिन्न आस्था एवं बिचार राख्नेहरु प्रति असहिष्णु व्यवहार वर्तनु, निर्वाचनमा जसरी भए पनि जित्ने मनसायले जे पनि गर्न तयार हुनु जस्ता विल्कुल अप्रजातान्त्रिक क्रियाकलापले क्रमशः राजनीतिलाई विबक्त बनाउँदै लगिरहेको थियो । यी यावत कुरा प्रजातन्त्रको सम्बर्धन र विकासको निम्ति, राष्ट्रको अभ्युत्थान तथा उन्नतिको निम्ति एवं जनताको अग्रगतिका निम्ति अवरोधको ठूलो पर्खाल बनेर हाम्रो सामु खडा भएको थियो" (इन्सेक, २०५२ : ८०-८२) ।

नेपाली कांग्रेसले बहुमत ल्याई एकमना सरकारको गठन समेत गर्न सफल भएको थियो तर राजनीतिक खिचातानी र ने.का. नेतृत्वको अदुरदर्शीताका कारण आफ्नो बहुमतको सरकार पनि पार्टीको आन्तरिक कलहले गर्दा २०५१ सालमा संसदको विघटन गरी मध्यावधी निर्वाचनको घोषण गरियो । यसरी एकातिर २०४६ सालको जनआन्दोलनबाट स्थापित प्रजातान्त्रिक शासन प्रणालीको प्रादुर्भावसंगै नागरिकलाई राजनीतिक अधिकार प्राप्त भएता पनि आर्थिक र सांस्कृतिक अधिकारको प्राप्ती पूर्ण रुपमा हुन सकेन । राजनीतिमा नैतिक मुल्य र मान्यता नै रहेनन् । नेपालको राजनीतिक वृत्तमा प्रजातान्त्रिक शासन प्रणालीका मुल्य र मान्यतालाई नै समाप्त पार्ने गोटीहरु चालिए । राजनीतिक संस्कार र आचरणमा स्वार्थी मानोवृत्ति, सुविधाभोगी चिन्तन हावी भयो । नातावाद, कृपावाद, भ्रष्टाचार, अन्याय तथा अत्याचार व्यापक हुन थाले । समाजमा अशान्ति र नागरिकहरुको ज्यू–ज्यानको असुरक्षको स्थिति पैदा भयो भने अपराधको राजनीतिकरण गरियो र राजनीतिमा अपराधिकरण समेत हुन पुग्यो । महंगीले गरिब जनताको ढाड सेक्ने अवस्था सिर्जना भयो र उपभोग्य वस्तुको मुल्य बृद्धिको सीमा रहेन । प्रजातन्त्र प्राप्ती पश्चात् जनताको आशा र अपेक्षा निराशामा परिणत हुँदै गैरहेको थियो । अर्कोतर्फ २०४७ सालमा क. प्रचण्ड (पुष्पकमल दाहाल) को नेतृत्वमा रहेको ने.क.पा. मशाल र ने.क.पा. चौमका बीच एकता हुन गई ने.क.पा. एकता केन्द्रको स्थापना भई २०४८ सालको आम निर्वाचनमा उक्त पार्टीको चुनावी मोर्चाको रुपमा डा. बाबु राम भट्टराईको संयोजकत्वमा संयुक्त जनमोर्चाको नामले भाग लिई उक्त मोर्चाले सो आम निर्वाचनमा ९ सिट ल्याई संसदमा तेश्रो ठुलो दलको रुपमा स्थपित हुन सफल भएको थियो । संसदमा सो मोर्चाले थुप्रै जनसरोकारका विषयहरु एठाएको थियो तर तत्कालिन नेपाली कांग्रेसको सरकारले ती विषयहरुमा कुनै चासो नै दिएको थिएन ।

कम्युनिष्टहरुको प्रभाव क्षेत्र मानिएको रोल्पा २०४६ सालको राजनीतिक परिवर्तन पछि पनि अशान्त नै रह्यो । अशान्तिको मूल कारण भनेको राजनीतिक असहिष्णुता नै हो । सत्ता

पक्षले प्रमुख जिल्ला अधिकारी रइस खाँ जस्ता प्रशासकहरुको क्रुरतालाई प्रयोग गरी विपक्षी विचार राख्नेहरु प्रति प्रतिशोधपूर्ण कारवाही चलाउनु एउटा दुःखद पक्ष थियो । ०४८ सालमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा दुवै क्षेत्रबाट संयुक्त जनमोर्चाका उम्मेदवार वर्मन बुढा र कृष्ण बहादुर महरा निर्वाचित भएका थिए । निर्वाचनको यो परिणाम नेपाली कांग्रेस तथा राप्रपा पक्षधरहरुका निम्ति पीडादायी प्रसंग बन्यो । उता नेपाली कांग्रेस सत्तामा स्थापित भएको हुँदा कांग्रेसका स्थानीय कार्यकर्ताहरु गाउँ गाउँमा जनमोर्चा पक्षीय मतदाताहरुलाई मात्र होईन जनमोर्चा पक्षधर गाविस अध्यक्ष, उपाध्यक्ष समेतलाई थुनछेक गर्ने, अनावस्यक दवाव दिने जस्ता व्यवहारमा ओर्लिए (इन्सेक, २०५२ : ८२) ।

"एकता केन्द्रमा विवाद भै दुई समूहमा टुक्रिए पछि निर्मल लामाले नेतृत्व गरेको समूह र प्रचण्डले नेतृत्व गरेको दुवै समूहले निर्वाचन आयोगमा आफ्नो मान्यताको लागि आवेदन गरे तर निर्वाचन आयोगले निर्मल लामाको अल्पमत समूहलाई मात्र मान्यता दिई बाबु राम भट्टराई समूहलाई तत्काल संसदीय राजनीतिमा सक्रिय रहने बाटो नै बन्द गरिदिइयो" विश्लेषकहरु भन्छन्–यो पनि माओवादीलाई विद्रोहमा धकेल्ने तत्कालिन कारण बन्न पुग्यो" (उप्रेती, २०६१ : २५) ।

२०५१ सालको मध्यावधी निर्वाचन बहिस्कार गरेको डा. बाबु राम भट्टराईले नेतृत्व गरेको तत्कालिन संयुक्त जनमोर्चाको तर्फबाट डा. बाबु राम भट्टराई (अध्यक्ष), केन्द्रीय समिति, संयुक्त जनमोर्चा, नेपालका नामबाट तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष विभिन्न जनसरोकारका विषयहरुलाई समेटी ४० बुँदामा **राष्ट्रियता,जनतन्त्र र जनजीविका**संग सम्बन्धित मागहरु राखी २०५२ साल माघ महिनामा ४० शुत्रीय ज्ञापन पत्र पेश गरिएको थियो (अनुसूची–१) । **नेपाली राष्ट्र र जनताको जीवनसंग अत्यावस्यक रुपले जोडिएका उपरोक्त मागहरु यथाशीघ्र पुरा गर्नेतर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकार समक्ष हाम्रो हार्दिक अनुरोध छ । आगामी २०५२ फागुन ५ गतेसम्म सरकारका तर्फबाट यसबारे कुनै सकारात्मक पहल नभएमा हामी विद्यमान राज्यसत्ताको विरोधमा सशक्त संघर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौं** भनी (ने.क.पा.(माओवादी) ले जनयुद्ध शुरु गर्नु अघि आफ्नो खुल्ला मोर्चा संयुक्त जनमोर्चा, नेपाल मार्फत २१ माघ २०५२ मा प्रधान मन्त्री शेर बहादुर देउवा समक्ष बुझाएको ज्ञापन पत्र) मा उल्लेख गरिएको थियो (अनुसूची–१) ।

२०५१ सालको मध्यावधी निर्वाचनमा ने.क.पा. एमाले पार्टीले बहुमत ल्याउन नसके तापनि संसदमा ठुलो दलको रुपमा स्थापित भयो र नौ महिनासम्म अल्पमतको सरकार

चलायो । त्यसपछि नेपालका राजनीतिक दलहरुमा फोहरी खेल शुरु भयो, सांसद किन बेच र सरकारमा जानका लागि रोल नं. १०३ कायम गर्ने होड नै चल्यो । यसै क्रममा ने.क.पा. एमाले पार्टीमा महाकाली सन्धीको विषयलाई लिएर विभाजन नै हुन गयो । पार्टी फुट्ने रोग रा.प्र.पा. मा र ने.स.पार्टीमा समेत लाग्न गै ती पार्टीहरु समेत विभाजित हुन पुगे । तत्कालिन राजनीतिक पार्टीहरुमा जनसरोकारका विषयमा वेवास्ता गरी व्यक्तिगत सरोकार तथा सत्ता लिप्साको राजनीतिको खेल खेलेर नै ५ वर्षको समय व्यतित भएको थियो ।

यसरी तत्कालिन ने.क.पा. माओवादीद्वारा अघिसारिएको ४० बुँदे मागपत्रको खासै वास्ता नगरी तत्कालिन प्रधान मन्त्री शेर बहादुर देउवा भारतीय प्रधान मन्त्री पी.भी. नरसिंह रावको निमन्त्रणामा २०५२ माघ २८ गतेदेखि फागुन ५ गतेसम्मको औपचारिक सद्भावना भ्रमणका निम्ति भारत प्रस्थान गरेका थिए । तर उनी स्वदेश फर्कनु अगावै मागपत्रको म्याद सकिनु भन्दा ४ दिन पहिले नै ने.क.पा. माओवादीका छापामारहरुले फागुन १ गतेका दिन देशका विभिन्न ठाउँहरुमा आक्रमण गरी जनयुद्ध (सशस्त्र संघर्ष ) को शुरुवात भएको थियो ।

देशमाबढ्दै गइरहेको राजनीतिक अस्थिरताका कारण देशमा प्रजातन्त्रिक मुल्य, मान्यता, कानूनी शासन, शान्ति सुव्यवस्था एवं सुरक्षाको क्षेत्रमा संकटको स्थिति देखा परेको थियो । देशमा भौतिक र आर्थिक पक्षको खासै विकास हुन सकेको थिएन र भ्रष्टाचार, कुशासन, असुरक्षा एवं बेरोजगारीको समस्य व्याप्त हुँदै गैरहेको थियो ।

“नेपाली कांग्रेस निरङ्कुशताका पक्षधरहरुप्रति उदार बनेर जनताको लोकप्रिय मत प्राप्त गरेका अन्य विपक्षी वामपन्थीहरुप्रति शत्रुवत् व्यवहारमा ओर्लिएको देखिन्छ । यसको परिणाम के भयो भने परशुनारायण चौधरी, केशवकुमार बुढाथोकी, केशरबहादुर विष्ट, सरद्सिंह भण्डारी, वेनुपराज प्रसाईं, विपीन कोइराला, मोति पहाडी लगायत पञ्चायती व्यवस्थाका पछिल्ला पहरेदारहरुका निम्ति कांग्रेस प्रवेशको द्वार खुला भयो र उनीहरुलगायतका वदनाम पञ्चहरुले त्यहाँ रातो कार्पेट ओच्छ्याएर स्वागत पाए । जनआन्दोलन दवाउन सक्रिय व्यक्तिहरु माथि छानविन गर्न अन्तरिम सरकार स्वयंले गठन गरेको बहुचर्चित मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन त परै जाओस् आमचुनाव गराउने पुनीत उद्देश्यका खातिर सार्वजनिकसम्म गरिएन । पछि एमालेको नौ महिने सरकारले समेत त्यो प्रतिवेदन सार्वजनिकसम्म गऱ्यो तर कार्यान्वयन नगरी थन्काउने गल्तीलाई अन्तिम रुपमा अनुमोदन गऱ्यो” (थापा, २०६२ : ३६) ।

“नेपाली कांग्रेसको बहुमत प्राप्त सरकारले मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन गरेको भए, नेपाल अधिराज्यको संबिधान, २०४७ लाई जननिर्वाचित संसदबाट अनुमोदन

गराएको भए र निरंकुशतावादीहरुसँग साँठगाँठ गरी संसदका विपक्षीहरु माथि दमन अभियान नचलाएको भए दरवारियाहरु चिहानबाट उठेर सायदै वैरिनसक्थे । कर्मचारीका न्यायोचित माग पूरा गर्न अनुरोध गर्ने पहिलो प्रतिनिधिसभाका विपक्षी नेता मनमोहन अधिकारीलाई शिक्षण अस्पतालबाट पक्राउ गरी थुनेर 'रक्सी खाएर आएको' भन्दै वदनाम गर्ने तत्कालिन सरकारको असहिष्णुता र कांग्रेसको सत्ता उन्माद कस्तो थियो ? धेरै भुक्तभोगीहरुले बिर्सिसकेका छैनन् । फेरी सत्तामा पुग्नासाथ लुछाचुँडी गर्नु, आपसी विवाद र हानथाप गरेर जनताको आकांक्षालाई तिलाञ्जली दिनु कांग्रेसको परम्परागत र स्थायी चरित्र हो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पार्टीभित्र मच्चिएको छत्तीसे र चौहत्तरे गुटको हानथापका कारण पहिलो प्रतिनिधिसभाको विघटन गरी अकारण ०५१ सालमा मुलुकलाई मध्यावधि चुनावमा धकेल्नु त्यही आपसी विवादको परिणाम थियो । मध्यावधि चुनावपछि गठन भएको एमालेको अल्पमतको सरकारलाई पहिले समर्थन गरेको कांग्रेसले नौ महिनापछि पूर्वपञ्चहरुको राप्रपासँग साँठगाँठ गरी ढालेर सत्ता समिकरणको खेल प्रारम्भ गऱ्यो । त्यसपछि एमालेले लोकेन्द्रबहादुर चन्द र कांग्रेसले सूर्यबहादुर थापालाई प्रधानमन्त्री स्वीकारी जनमतको उपहास गरेनन्, दरवारिया निरंकुशतावादीहरुलाई आन्दोलनकारी दल, तिनका नेता र आमजनसमुदायको नाडी छाम्ने मौकासमेत दिए । सत्ता समिकरणको घिनलाग्दो खेलले संसदमा उपस्थित दलहरुप्रतिको जनविश्वस धरासायी बनाया" (थापा, २०६२ : ३६-३७) ।

"मुलुकमा प्रजातान्त्रिक संस्कार विकसित गर्ने, प्रजातान्त्रिक संरचनाको निर्माण गर्ने र प्रजातान्त्रिक पद्धतिको सुदृढीकरण गर्नुपर्ने त्यस घडीमा ०४६ को जनआन्दोलनका प्रमुख संचालकहरु एमाले र कांग्रेस चन्द र थापाको नेतृत्व स्वीकार गर्न तयार हुनु स्वयम्मा लाजमर्दो घटना थिए । त्यही निहुँमा दरवारियाहरुले संसदीय प्रणाली, प्रजातान्त्रिक नेता र राजनीतिक दलहरुको हुर्मत लिने गरी दुष्प्रचार अभियान  सञ्चालन गरे । तर प्रमुख दलहरुले एकअर्कालाई देखाएर न्यानो महसुस गरिरहे । कतिसम्म भने प्रमुख दुई दलका बीचको चरम प्रतिद्वन्द्विताले ०५६ को आमचुनावपछिको तेश्रो संसद ५८ दिनसम्म चल्न सकेन । संबिधान संशोधन गर्ने, भूमिसुधार गरी भूमिको हदबन्दी ६ बिघा कायम गर्ने दुई पार्टी बीचको सहमति पनि लागू गरिएन । बरु सहमति भएको भन्दा दोब्बर १२ बिघा हदबन्दी कायम गरी घोषणा भयो । संबिधान संशोधनको प्रस्ताव गर्दा कृष्णप्रसाद भट्टराईले त ३० वर्षसम्म 'कमा र फुलस्टप' पनि यताउता गर्न नहुने हास्यास्पद कुरा गरे । यस्तो अविश्वास र अन्तहीन प्रतिस्पर्धाकै बीचमा एकातिर माओवादी र अर्कातिर दरबारिया अतिवादीहरुले आफ्नो शक्ति सुदृढ गरेर ०४६ का

उपलब्धिहरुलाई चेपुवामा पार्दै लगे । स्पष्ट बहुमत प्राप्त कांग्रेसले एक–एक वर्षमा प्रधानमन्त्री बदलेर अस्थिरता चाहनेहरुलाई नै अप्रत्यक्ष रुपले सहयोग पुऱ्यायो । नयाँ राजाको गद्दी आरोहणपछि प्रधानमन्त्रीले संविधानको प्रावधानअनुरुप गर्न खोज्दा रोल्पाको होलेरीमा सेना परिचालन हुन मानेन । त्यसमा महाराजको निर्देशनले नै काम गरेको थियो । तर, जननिर्वाचित प्रधानमन्त्रीले सो कुरा जनसमक्ष राख्न सकेनन् । बरु, त्यही कारण राजीनामा गरे, वास्तविक कुरा जनतालाई भनेनन्  अन्ततः दलहरूलाईनै धारा १२७ को प्रयोग गर्ने अप्रत्यक्ष सिफारिस गर्न लगाई प्रधानमन्त्रीमार्फत आफूमा जाहेर गर्न लगाएर राजा ज्ञानेन्द्र ०५९ असोज १८ को सत्तापलट गर्न सफल भए" (थापा, २०६२ : ३७) ।

"माओवादी समस्या सदियौंदेखि विद्यमान सोषणमा आधारित राजनीतिक, आर्थिक र सामाजिक संरचना बदल्ने उद्देश्यले अभिप्ररित रहेको र तत्कालीन प्रजातान्त्रिक भनिएको सरकारको दमन, राज्यआतंक र खराब शासनले हिंसात्मक प्रतिरोधमा उत्रिन बाध्यपारेको प्रतिक्रिया थियो । समग्रमा माओवादी नेतृत्वको उग्रबामपन्थी भड्कावको परिणति र विद्यमान आर्थिक , सामाजिक संरचना एवं तत्कालीन खराब शासन विरुद्धको एकमुस्ट अभिव्यक्तिका रुपमा प्रकट भएको- 'माओवादी जनयुद्ध' । तर नेपालमा माओवादी जनयुद्धको थालनी भएपश्चात् त्यसको प्रहारको मुख्य निशाना राजतन्त्र हुनुपर्दथ्यो । राजतन्त्रको अन्त्य नगरी माओवादीले आफ्नो जनगणतन्त्रको लक्ष्य हासिल गर्न सम्भव थिएन । तर व्यवहारमा माओवादीले राजतन्त्रप्रति नरम नीति लिएर शुरुमा प्रहार केन्द्रित गऱ्यो -०४६ सालको जनआन्दोलनका उपलब्धिहरूमाथि । फलतः माओवादी जनयुद्धलाई टेकेर वा त्यसलाई बहाना बनाएर राजाबाट ०५९ साल असोज १८ गतेको प्रतिगामी कदम चाल्ने काम भयो । त्यसको बिस्तारको रुपमा कथित आतंकबादसँग जुध्ने बहानामै राजाले ०६१ माघ १९ गते आफ्नो प्रत्यक्ष शासन लाद्ने काम गर्न सके । नेपालमा माओवादीको शक्ति बिस्तारका सम्बन्धमा एक जना मानवअधिकारकर्मीको बिस्लेषण रहेको छ - राजनीतिक प्रकृयाले सुरक्षा प्रकृयामा बाधा पुऱ्यो भन्दै प्रजातन्त्रलाई विस्थापित गर्न दरवार संसद विघटन गराउने मनस्थितिमा पुग्यो । शेरबहादुर देउवाले आँखा चिम्लेर दरबारलाई साथ दिए । उनले जेजस्तो नाटक गर्न खोजेपनि संसद भंग गर्नु उनको महाभूल थियो । जेठ १९ पछि माओवादीहरु अचाक्ली बढेकै थिए । संसद विघटन र स्थानीय निकायहरू खाली गरेपछि त माओवादीलाई थप उर्जा मिल्यो । ०५९ असोज १८ पछि उनीहरु अझ बैरिएर अगाडी आए । यी मोडहरु माओवादीका निम्ति अनुकूल हुन पुगे" (थापा, २०६२ : ९८-९९) ।

यस्तो स्थितिमा २०५२ सालदेखि माओवादीले शुरु गरेको सशस्त्र विद्रोह संगै देशमा भौतिक संरचनाहरु ध्वस्त पारिन लागे भने देशको आर्थिक पक्ष झनै कमजोर हुँदै जान थाल्यो । असुरक्षा र बेरोजगारीको समस्यले गर्दा युवा शक्तिको ठुलो हिस्सा विदेश तर्फ पलायन हुन बाध्य भयो । यसरी नेपालमा मौलाईरहेको खराव राजनीतिक संस्कृतिले प्रत्यक्ष र परोक्ष रुपमा राज्यका विभिन्न क्षेत्रका नकारात्मक प्रभाव पर्‍यो । देशमा सैनिक शासन नै लागु भएको हो कि भन्ने स्थिति देखा पर्‍यो । नागरिकहरुको मञ्जुरी बिना उनीहरुको धन सम्पत्ति तथा अन्य चीज वस्तु, सर सामान आफुखुसी सुरक्षाकर्मीबाट उठाई लैजाने काम समेत गरियो । नागरिक शासन व्यवस्थाको न्यूनतम आभाष पनि हुन पाएन ।

सडकमा सेना र प्रहरीका गाडिहरु जथाभावी गुड्न थाले भने वन जंगलमा पनि संयुक्त सुरक्षा फौजको गस्ती चौविसै घण्टा चल्न थाल्यो । आकाशमा पनि चौविसै घण्टा जसो निरन्तर रुपमा शाही सेनाका हेलिकप्टर उड्न थाले । जनताको मनमा भय र त्रासको वातावरण सृजना भयो भने नागरिक मर्ने र बाँच्ने कुनै ठेगाना नै नभएको स्थिति देखिन थाल्यो । ने.क.पा. ( माओवादी) ले पनि राज्य सत्ताको विरुद्धका नाममा सर्वसाधारणहरुलाई नै बढी दुःख, कष्ट दिने काम गरे । सत्ता कब्जा गर्ने नाममा माओवादीले दाङ, अर्घाखाँची, पाल्पा, म्याग्दी जस्ता जिल्लाहरुमा आक्रमण गरी केही समयसम्म आफ्नो नियन्त्रणमा लिने काम पनि गरेका थिए तर सबै जिल्ला तथा केन्द्रीय सरकारलाई नियन्त्रण गर्न भने सकिरहेका थिएनन् । त्यसैले उनिहरुले युद्धबाट बाहिरिने उपयुक्त शान्तिपूर्ण निकासको बाटो खोजिरहेका थिए । जसले गर्दा माओको सिद्धान्त अनुसार **राजनीतिक शक्ति बन्दुकको नालबाट उत्पन्न हुन्छ** भन्ने **सत्ता प्राप्तीका लागि ब्यालेटमा नभई बुलेटमा विश्वास गरी शुरु गरेको सशस्त्र विद्रोह/द्वन्द्व अर्थात् संघर्षको अन्त्य हुने बाटो खुल्न सजिलो भएको पाईन्छ ।** एकातिर यस्तो अवस्था र अर्को तर्फ राजा ज्ञानेन्द्रले निरंकुश शासन व्यवस्था संचालन गरी संसदवादी दलहरुलाई राजनीतिबाट अलग गरेका थिए । यसै परिवेशमा ने.क.पा. (माओवादी) र राजा ज्ञानेन्द्रले संचालन गरेको निरंकुश शासन व्यवस्थाका विरुद्धमा आन्दोलनरत संसदवादी सात राजनीतिक दलहरुका बीच १२ बुँदे समझदारी (अनुसूची–२) सम्पन्न भयो र दोश्रो जनआन्दोलनको शुरुवात भयो ।

सोही दोश्रो जनआन्दोलनको फलताबाट विघटित प्रतिनिधिसभाको पुनर्स्थापना हुन गई ७ राजनीतिक दलको सरकार र माओवादीका बीचमा २०६३।०८।०५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भै माओवादीले शुरु गरेको २०५२ सालदेखिको जनयुद्ध अर्थात सशस्त्र विद्रोह/द्वन्द्वको अन्त्य भयो र देशमा शान्ति बहाली हुन गयो ।

## ३.१३. २०६२–०६३ सालको दोश्रो राष्ट्रिय जनआन्दोलन

विभिन्न राजनैतिक दलहरुले राजाका गैर-संवैधानिक र निरंकुश कदमहरुको विरोध स्वरुप संयुक्त वा पृथक-पृथक रुपमा आन्दोलन संचालन गरिरहेका थिए । राजा ज्ञानेन्द्रका असंबैधानिक र स्वेच्छाचारी कदमबाट संसदवादी राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच सहकार्यको उचित वातावरण बन्यो । ने.क.पा. (माओवादी), नेपाली कांग्रेस र ने.क.पा. (एमाले) बीच गोप्य तथा भूमिगत तरिकाबाट स्वदेश र भारतका विभिन्न स्थानहरुमा भित्र भित्रै विभिन्न नेताहरुका बीचमा सम्पर्क भै वार्ता समेत भए गरिएको थियो । त्यसैको परिणमस्वरुप तत्कालिन ७ राजनीतिक दलहरु र ने.क.पा. माओवादीका बिचमा १२ बुंदे सहमति भई शाही कदमका विरुद्ध संयुक्त आन्दोलन गर्ने वातावरणको सिर्जना हुन गयो । यस सहमति पछि सबै राजनैतिक दलहरु एक आपसमा मिली संयुक्त जनआन्दोलन गर्ने निर्णय भयो । त्यसपछि लोकतन्त्रप्रेमी सर्वसाधारण नेपाली जनताहरु स्वत: स्फूर्त रुपमा राजाको कदमका विरोधमा उत्रिन पुगे । उक्त आन्दोलनमा आम जनता सशक्त र प्रभावकारी रुपले आन्दोलनका लागि सडकमा उत्रिए । उक्त शान्तिपूर्ण जनआन्दोलन २०६२ चैत्र २४ गतेदेखि शुरु भै २०६३ बैसाख ११ गतेसम्म अर्थात १९ दिनसम्म चलेको थियो । जनआन्दोलनकै क्रममा राजनीतिक दलहरुका बीच पुनः दोश्रो समझदारी समेत भएको पाईन्छ (अनुसूची–३) तर त्यो हालसम्म पनि कुनै राजनैतिक पार्टीले बाहिर ल्याएको अवस्था पनि छैन र उक्त समझदारी कहिले र कहाँ गरिएको थियो भन्ने कुरा पनि रहस्यमय नै बनेको छ ।

जनआन्दोलनको क्रममा भएको दमनका कारण २५ जनाको मृत्यु हुन गएको थियो । शाही शासनको विरोधमा उत्रिएका राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनता समेतलाई गैर-कानूनी गिरफ्तार गर्ने, वेपत्ता पार्ने काम यस आन्दोलनका क्रममा समेत व्यापक भयो । उक्त आन्दोलनका समयमा जनताहरुको आवाज कतिपय राजनीतिक दल भन्दा पनि एक कदम अगाडि पुगी राजतन्त्रका विरुद्धमा बुलन्दित हुन गए र राजतन्त्रको अन्त्यका लागि दलहरुलाई खवरदारी समेत गरे । यसरी उर्लिएको २०६२–०६३ को जनआन्दोलन भाग-२ भव्य रुपमा सफल हुन पुग्यो र राजाको शासन गर्ने अभिष्ट इच्छा पूरा हुन पाएन । शान्तिपूर्ण १९ दिने जन आन्दोलनका अगाडि घुडा टेक्न बाध्य भै आफैले वघटन गरेको प्रतिनिधिसभा २०६३ बैसाख ११ गते पुनर्स्थाना गर्न पुगे । (अनुसूची–४) ।

"२०६३ साल बैशाख १३ गते सरकारको नेतृत्व नेपाली काँग्रेसका नेता गिरीजाप्रसाद कोइरालाले गरे र उनी देशको प्रधानमन्त्री भए । जनआन्दोलन–२ लाई शुरक्षित अवतरण गराउन, जनभावना अनुसार राज संस्थालाई हटाई गणतन्त्रको स्थापना गराउन र देशको भावी संविधान बनाउनु पर्ने जस्तो महत्वपूर्ण कामहरु उनका जीम्मामा आए । यसै गरी बैशाख १५ गते पुनर्स्थापित प्रतिनिधिसभाको बैठक बस्यो । त्यस बैठकले संबिधानसभाको निर्वाचनमा जाने प्रतिवद्धता सहितको निर्णय गर्‍यो । माओवादीले युद्ध विरामको घोषणा गरी त्यसको पालना गरेता पनि प्रधानमन्त्रीले माओवादीसंग युद्ध विराम नगरेकाले उनीमाथि शंका र दवाव दुवै थियो । फलस्वरुप बैशाख २० गते उनको सरकारले युद्ध विरामको निर्णय गर्नुका साथै माओवादी उपर लगाईएको रेडकर्नर नोटिस र आतंककारी विल्ला हटाएर जनताको विश्वास लिने प्रयास भयो" । (सेन, २०६४ : ५५)

"प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला नै सरकार प्रमुख र कार्यवाहक राष्ट्र प्रमुख समेत भएकाले जनआन्दोलन–२ को जनादेशको कार्यान्वयन गर्नु उनको जिम्मेवारी थियो । यसका लागि संबिधानसभाको निर्वाचन कहिले गर्ने भनी मिति तोक्नु थियो । अन्तरिम सरकारको गठन गर्नु थियो । यसका लागि २०४७ सालको संबिधान खारेज गरी अन्तरिम संबिधान बनाई लागू गर्नु थियो । यी सबै कुरामा प्रधानमन्त्रीले एकातिर आलटाल गर्दै राष्ट्रको समयलाई खेर फाल्दै गए भने यसले गर्दा संबिधानसभाको निर्वाचन ढिला गर्ने वा नगराउने कुरा शंकाको घेराभित्र पर्दै गयो । तै पनि सात दल र माओवादी बीच भएको पहिलो १२ बुँदे समझदारी र क्रमशः हुँदै आएका सात बुँदे, पाँच बुँदे सम्झौता–पत्र गर्दै गए । २०६३ कार्तिक २१ गते राती प्रधानमन्त्री निवास बालुवाटारमा सबै दलका बीच सहमती भै राती १२:३० बजे निम्नलिखित बुँदाहरुमा निर्णय गरे" (सेन, २०६४ : ५७-५८)

१. अन्तरिम संसद एक सदनात्मक र ३३० सदस्यको हुने ।
२. अन्तरिम विधान प्रतिनिधिसभाले घोषणा गर्ने र अन्तरिम संसदले अनुमोदन गर्ने ।
३. संबिधानसभा मिश्रित निर्वाचन प्रणालीका आधारमा हुने ।
४. संबिधानसभामा ४२५ सदस्य हुने ।
५. अन्तरिम सरकारको नेतृत्व गिरीजाप्रसाद कोइरालाले लिने ।
६. माओवाद सेनाको शिविर कैलाली, सुर्खेत, रोल्पा, पाल्पा, काभ्रे, सिन्धुली र इलाममा रहने, नजिकका ३/३ वटा शिविर रहने ।
७. नागरिकता वितरणको आधार २०४६ साल हुने ।

८. कार्तिक ३० गते शान्ति सम्झौता गर्ने ।

९. मंसिर ५ गते माओवादी छापामारलाई शिविरमा राख्ने र प्रमाणिकरण शुरु गर्ने, सेना व्यारेकभित्र बस्ने ।

१०. अन्तरिम संबिधानलाई पूर्णता दिने र मंसिर २० गते जारी गर्ने ।

११. प्रतिनिधिसभा भङ्ग गरी अन्तरिम संसद गठन गर्ने ।

१२. मंसिर २५ गते मन्त्रिपरिषद गठन गर्ने ।

१३. राजाको विषयमा संविधानसभाको पहिलो बैठकबाट निर्णय गर्ने ।

यसरी भावी नेपालको खाका कोर्ने र राजतन्त्रको भविष्य निर्धारण गर्ने मार्ग प्रशस्त भयो । राजाको प्रत्यक्ष शासनकालमा संसदीय निनर्वाचन गराउने वाचा गरे तापनि त्यसमा उनी असफल नै भए भने नगरपालिकाहरुको निर्वाचनको नाटकको मञ्चन गरिएको थियो । उक्त निर्वाचनको मतदानमा जन सहभागिता भने न्यून रह्यो र त्यो पनि असफलसिद्ध भयो । राजाको पेलाईमा परेका र समय समयमा निर्णायक आन्दोलन भन्दै विभिन्न किसिमका कार्यक्रमहरु सहित आन्दोलनरत तत्कालिन ७ राजनीतिक संसदीय दलहरु र तत्कालिन विद्रोही ने.क.पा. माओवादीसंग भारतमा १२ बुंदे समझदारी भयो र त्यसैको जडमा टेकेर १९ दिनसम्म चलेको २०६२/०६३ को जनआन्दोलन भाग २ को सफलता पछाडि विघटित प्रतिनिधि सभाको पुनर्थापना हुन गै २०६३ जेठ ४ गते पुनर्स्थापित पतिनिधिसभाको बैठकले नेपाली राजनीतिक इतिहासमा म्याग्नाकार्टा भनी नामाकरण गरिएको प्रतिनिधिसभाको घोषणा पत्र, २०६३ जारी गऱ्यो (अनुसूची–५) ।

त्यसपछि ने.क.पा. माओवादी र सात राजनीतिक पार्टीको सरकारका बीचमा मिति २०६३।०२।१२ गते गोकर्णमा २५ बुँदे युद्ध विराम आचार–संहिता जारी गर्ने सहमती भई सो जारी गरिएको थियो । (अनुसूची–६) । मिति २०६३।०३।०२ गतेका दिन सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठक प्रधानमन्त्री निवास वालुवाटारमा सम्पन्न भएको थियो र संयुक्त रुपमा प्रेस वक्तव्य जारी गरिएको थियो । (अनुसूची–७) । अनि मिति २०६३।०३।१८ गतेका दिन नेपाल सरकारको तर्फबाट संयुक्त राष्ट्रसंघका महासचिव समक्ष ५ बुँदे पत्र प्रेषित गरिएको थियो । (अनुसूची–८) । भने त्यसै गरी नेकपा (माओवादी) का तर्फबाट पनि मिति २०६३।०४।०८ गतेका संयुक्त राष्ट्रसंघका महासचिव समक्ष ५ बुँदे पत्र प्रेषित गरिएको थियो । (अनुसूची–९) ।

यसरी ने.क.पा. (माओवादी) र सात राजनीतिक दलको संयुक्त सरकारका बीचमा विभिन्न मिति र समयमा विभिन्न किसिमका सहमती र समझदारी तथा सम्झौताहरु भए । यसै क्रममा नेपालको राजनीतिक इतिहासमा २०६३ मंसिर ५ गते ती दुई पक्षका बीचमा ऐतिहासिक विस्तृत शान्ति सम्झौता सम्पन्न भयो र माओवादी सशस्त्र द्वन्द्वको शान्तिपूर्ण रुपले राष्ट्रिय राजनीतिको मुलधारमा आउने बाटो खुल्ला भयो (अनुसूची–१०) । भने २०६३ साल माघ १ गते तत्कालिन प्रतिनिधि सभाको बैठकद्वारा नेपालको अन्तरिम संबिधान, २०६३ पारित गरियो र प्रतिनिधि सभाको विघटनसंगै माओवादी पार्टी सहितको ३३० सदस्यीय विधायिका संसदको गठन गरियो र सो संसदबाट उक्त संबिधानको अनुमोदन गरियो ।

त्यसपछि नेपालमा २००७ साल देखि ओझेलमा परेको मुद्दाको रुपमा रहेको र ने.क.पा. माओवादीले उठाउँदै आएको संबिधान सभाको निर्वाचनको मार्ग प्रशस्त हुन गयो । साथसाथै राजतन्त्रको भविष्यका बारेमा छिनो फानो संबिधान सभाको निर्वाचन पश्चात् बस्ने पहिलो बैठकले निर्धारण गर्ने सहमती समेत बन्न पुग्यो ।

वि.सं.२०६२/०६३ सालमा भएको ऐतिहासिक जनआन्दोलन–२ को उपलब्धि स्वरुप विकसित राजनैतिक परिस्थितिमा आफ्नो लागि संबिधान बनाउन पाउने नेपाली जनताको अधिकारलाई प्रत्याभूत गर्न सात राजनैतिक दलको गठबन्धन र ने.क.पा. (माओवादी)का शीर्ष नेताहरुको २०६३ कार्तिक २२ गते भएको निर्णय तथा नेपाल सरकार र ने.क.पा. (माओवादी)का बीच भएको विस्तृत शान्ति सम्झौताका आधारमा २०६४ जेठ मसान्तभित्र संबिधानसभाको निर्वाचन सम्पन्न गर्ने गरी मिति तय गर्न अनरिम मन्त्रिपरिषद्लाई अधिकार प्रदान गरिएको थियो । तर विविध कारणले संबिधानसभाको निर्वाचनको मिति २०६४ मङ्सिर ६ गतेका दिनलाई तोकिएको थियो तर पनि फेरी विविध कारणले गर्दा उक्त मितिमा संबिधानसभाको निर्वाचन सम्पन्न गर्न गराउन नसकी पुनः मिति २०६४ चैत्र २८ गतेका दिनलाई संबिधानसभाको निर्वाचनको मिति तोकियो ।

“नेपालको इतिहासमा पहिलो पटक सम्पन्न भएको यस संबिधानसभा सदस्य निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अंगीकार गरिएको थियो । नेपालको अंतरिम संविधान, २०६३ को धारा ६३ (३) मा ४२५ सदस्यीय संबिधानसभाको गठन हुने, ती मध्ये २०५ जना पहिलो हुने निर्वाचत हुने निर्वाचन प्रणालीबाट, २०४ जना सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचत हुने र १६ जना अन्तरिम मन्त्रिपरिषद्बाट मनोनित हुने  प्रावधाव थियो ।

पछि प्रत्यक्ष निर्वाचन तर्फको प्रतिनिधित्व बढाउने उद्देश्यले तत्काल कायम रहेका २०५ वटा निर्वाचन क्षेत्रको पुनरावलोकन गर्न निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गरियो । सो आयोगले पहिलो हुने निर्वाचत हुने निर्वाचन प्रणाली अन्तर्गत देशलाई २०५ वटा निर्वाचन क्षेत्रबाट बढाई २४० निर्वाचन क्षेत्रमा विभाजन गरेकाले समानुपातिक निर्वाचन प्रणाली तर्फ पनि सो संख्या २०४ बाट बढाई २४० पुऱ्याईयो र अन्तरिम मन्त्रिपरिषद्बाट मनोनित हुने सदस्य संख्या पनि १६ बाट बढाएर १७ पुऱ्याई कूल ४९७ जना सदस्य रहने संबिधानसभाको व्यवस्था गरिएको थियो । २०६४ जेठ मसान्तभित्र संबिधानसभाको निर्वाचन सम्पन्न गर्ने भनिएको निर्वाचन २०६४ मङ्सिर ६ गते गर्ने मिति तोकिए पनि सो निर्वाचन स्थगित भएपछि पुनः राजनैतिक सहमति जुटाई व्यवस्थापिका संसदबाट अन्तरिम संबिधान, २०६३ मा तेश्रो संशोधन गरी पहिलो हुने निर्वाचत हुने निर्वाचन प्रणाली तर्फ २४० र समानुपातिक निर्वाचन प्रणाली तर्फ ३३५ गरी जम्मा ५७५ र मनेनित २६ गरी जम्मा ६०१ सदस्य रहेको संबिधानसभा गठन गर्ने व्यवस्था गरियो" (निर्वाचन आयोग, २०६५ : १)

"नेपालको अन्तरिम संबिधान,२०६३ वमोजिम देहायको मिश्रित निर्वाचन प्रणाली अंगीकार गरी २०६४ साल चैत्र २८ गते संविधानसभा सदस्यको निर्वाचन सम्पन्न भएको छ"

**(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली**

यसमा २४० निर्वाचन क्षेत्रबाट १–१ जनाका दरले निर्वाचित भएर आउने २४० जना सदस्य ।

**(ख) समानुपातिक निर्वाचिन प्रणाली**

यसमा यसमा ३३५ जना सदस्य रहने व्यवस्था रहेको छ । त्यसमा प्रत्येक दलहरुले ५०% महिलाको नाम समावेश गरिनु पर्ने व्यवस्था सहित ३१.३% मधेशी, १३.% दलित, ३७.८% उत्पीडित जाति/जनजाति आदिवासी र ४% पिछडीयएको क्षेत्र र ३०.२% अन्य समूहबाट उम्मेदवारी दिनुपर्ने कानुनी व्यवस्था छ" (निवार्चन आयोग, २०६५ : १-२)

यसरी २०५२ साल फाल्गुण १ गते रोल्पाका सखी गा.वि.स.मा रहेको हलेरी चौकीमा आक्रमण गरी ने.क.पा. माओवादीद्वारा सशस्त्र जनयुद्धको शुरुवात भएकोमा २०६३ साल मसिर ५ गतेसम्म जारी रहेको थियो । १२ बुँदे सझदारीमा टेकेर गरिएको शान्तिपूर्ण जन आन्दोलनको सफलता, पछि बनेको सरकार र माओवादी बीच आठ बुँदे सम्झौता, २५ बुँदे आचार संहिता हुँदै विस्तृत शान्ति सम्झौता सम्पन्न भए पश्चात् सशस्त्र जनयुद्धको अर्थात् सशस्त्र संघर्षको वा माओवादी विद्रोह/द्वन्द्वको औपचारिक रुपमा नै अन्त्य भएर त्यसको व्यवस्थापनको कार्यारम्भ

शुरु भई मिति २०६४ चैत्र २८ गतेका दिन संबिधानसभाको निर्वाचन समेत सम्पन्न भई मिति २०६५।०२।१५ गते संबिधानसभाको पहिलो बैठक बसी राजतन्त्रको अन्त्य गरी देशलाई गणतन्त्रात्मक स्वरुपमा परिवर्तन समेत गरिसकेको अवस्था(अनुसूची–११) । नेपाल माओवादी विद्रोह/द्वन्द्व समाधानको बाटोमा अगाडि बढिरहेको छ । शान्ति प्रक्रिया अझै पनि तार्किक निष्कर्षमा पुग्न सकेको छैन, माओवादी लडाकाहरुको समस्या झन बल्झिएको छ भने संबिधानसभाको म्याद सकिएर पनि पटक पटक थप गरिएकोमा त्यो समयावधि समेत सकिन लागेको छ दलहरु अझै पनि आन्तरिक कलह र द्वन्द्वमा रुमलिईहेका छन् । नेपालको राजनीति इतिहासलाई हेर्दा वि.स. २००७ सालको आन्दोलनबाट स्थापित प्रजातान्त्रिक व्यवस्था, वि.स. २०१५ सालमा स्थापित भएको नेपाल कै प्रथम संसदीय शासन व्यवस्था, २०३६ सालको जनमत संग्रह, वि.स. २०४६ सालमा सम्पन्न ऐतिहासिक जन-आन्दोलनबाट पुनर्स्थापित प्रजातान्त्रिक शासन व्यवस्था, वि.स. २०६२/०६३ मा सम्पन्न जन-आन्दोलन भाग-२ पश्चात् गठन भएको सरकार र २०६४ सालमा सम्पन्न संविधान सभाबाट गठित सरकारबाट पनि देशको शासन व्यवस्थाले स्थिरता र गती लिन सकेको देख्न पाईदैन । देशमा विद्यमान संक्रमणकालिन अवस्था लम्बिने स्थिति समेत देखिएको छ, जुन देश र जनताका लागि बेफाईदा हुनेछ । देशको राजनीतिक अवस्था झन-झन जटील वन्दै गइरहेको छ । राजनीतिक दलहरु देश र जनताको हितका लागि भन्दा पनि व्यक्तिगत र दलीय स्वार्थमा लिप्त भएको अवस्था महशुस गरिएको छ ।

भारतको नेपाल प्रति हेर्ने हेपाहा प्रवृति र विशेषतः नेहरु सिद्धान्तका कारण उसले नेपालमा शान्ति र स्थिरता देख्न नचाहेको हो की भन्ने पनि अनुमान गर्न सकिन्छ । उसले नेपाल प्रति देखाएका गतिविधि, सीमा मिच्ने जस्ता कार्यले नेपालको सार्वभौमिकता माथि नै प्रश्न चिन्ह खडा गरेकोछ । उसले नेपालमा शान्ति छाएको हेर्न नचाहेर द्वन्द्व नै रहिरहेमा आफ्नो स्वार्थ पुरा गर्न सकिने दाउमा रहेको पनि हुन सक्छ । तर नेपालका राजनीतिक दलहरु साच्चिकै देश र जनता प्रति जवाफदेही, ईमान्दार र वास्तविक रुपमा नेपालका लागि नै राजनीति गर्ने हो र देशको नेतृत्व गर्ने हो भने संविधानसभामा उपस्थित सबै राजनैतिक दलहरु र तिनका नेताहरुले वर्तमान संक्रमणकालिन अवधिलाई सहमतीका आधारमा छिटो भन्दा छिटो सवै दलहरु लागेर राष्ट्रिय स्वार्थ एवं हीतलाई प्राथमिकता दिनु पर्दछ र शान्ति प्रकृयालाई टुंगोमा पुऱ्याई संबिधान जारी समयमै गर्नु पर्दछ । देश र जनतालाई अनिर्णयको बन्दी बनाई राखेर ६०१ सभासद्हरुले संविधानसभाको म्याद थप्दै जाने र राष्ट्रको ढुकुटी रित्ताउने काम गर्नु हुँदैन ।

## परिच्छेद–चार

# नेपालमा माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको व्यवस्थापन र नेपाली राजनीतिमा त्यसको प्रभाव

२०५२ सालदेखि शुरु भएको माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले नेपाली राजनीतिमा निकै ठूलो उथलपुथल ल्याई दिएको छ । ११ वर्षसम्म चलेको उक्त सशस्त्र विद्रो/द्वन्द्वका कारण देशमा तथा नेपाली राजनीतिमा सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभावहरु परेका छन् । माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको सिलसिलामा माओवादीको आरोपमा शुरुका चरणमा केही व्यक्तिहरु गिरफ्तारी र यातानाको शिकार हुनु पर्‍यो तर माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको विस्तार हुँदै गयो । यसबाट के पुष्टि हुँदै गएको थियो भने दमनले समस्याको समाधान हुँदैन, बरु सम्वादकोक माध्यमबाट उपयुक्त निकास खोज्नु बुद्धिमानी हुन्छ भन्ने तर्कहरु सबैतिरबाट उठिरहेका थिए, त्यसै बीच माओवादी भय र त्रासका कारण प्रहरी चौकी एवं वित्तीय संस्थाहरु शुरक्षाको खतरा देखाउँदै सदरमुकाममा केन्द्रित हुन पुगे । २०५८ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री बनेपछि सरकार र माओवादी दुदै पक्षवाट युद्ध विरामको घोषणा गरी गोदावरीमा तीन चरणमा वार्ता भए । शुरुमा माओवादीले वार्ताका क्रममा गणतन्त्र, नयाँ संविधान र नयाँ सरकारको प्रस्ताव पेश गरेता पनि तेश्रो चरणको वार्तामा गणतन्त्रको माग हटाई संविधानसभाको मागलाई प्रमुख विषय बनाईएको थियो । संविधानसभाको माग प्रति सरकार असहमत भयो ता पनि वार्तालाई सहज बनाउन सरकारले सार्वजनिक सुरक्षा नियमावली खारेज गरी थुनामा रहेका व्यक्तिको नाम सार्वजनिक गर्नुका साथै माओवादी नेता मातृका यादव लगायत कैयौं नेता तथा कार्यकर्ताहरुको मुद्दा फिर्ता लिएको थियो । युद्ध विरामको अवधिलाई सरकार र माओवादी दुवै पक्षले शक्ति संचयको रुपमा प्रयोग गरे । २०५८।०८।०६ गते माओवादी अध्यक्ष प्रचण्डले एक विज्ञप्ती प्रकाशित गरी युद्ध विराम समाप्त भएको घोषणा गरी माओवादीबाट देशका विभिन्न जिल्लाहरुमा तिव्रतका साथ आक्रमण गरी शुरक्षा निकायका हात हतियार लुट्ने काम गरे । जसका कारणबाट सरकारी पक्षबाट २०५८।०८।११ गते नेपाल राज्य भर संकटकालको घोषणा गर्न पुग्यो । संकटकालको घोषणाको अवस्थासँगै सोही दिन अर्थात् मिति २०५८।०८।११ गते आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण र सजाय) ऐनको अध्यादेश जारी गर्‍यो र मध्यावधी निर्वाचनको घोषणा समेत गर्न पुग्यो ।

सो ऐनले सुरक्षा निकायलाई अत्याधिक शक्ति प्रयोग गर्ने अधिकार दिएको थियो । सरकारले देशव्यापी रुपमा संयुक्त सुरक्षा फौजको नामामा सबै सुरक्षा निकायलाई परिचालन गरी देशै भरी प्रभावित बनायो । सर्वसाधारण नागरिक तथा आम जनमानसमा भय र त्रासको वातावरण सृजना हुन पुगेको थियो । कानून व्यवसायी तथा बुद्धिजीवि वर्गहरुले संकटकालिन अवस्थालाई पञ्चायती शासनको संज्ञा दिए भने कसैले कर्फ्यूको प्रयायवाचीको रुपमा लिए त कसैले सैनिक शासनको रुपमा लिए । नागरिकका मौलिकहककहरु माथि प्रतिबन्ध लगाईयो । राजनेताहरु त्रसित भए भने प्रेस जगतमा सेन्सरसिप लगाईए सरह नै खुलस्त कुनै कुरा लेख्न र अभिव्यक्ति दिन कठिनाई उत्पन्न भएको थियो । पत्रकारहरुलाई समेत गिरफ्तार गर्ने काम भयो । राज्यमा हत्या, हिंशा, आतंक, भय, त्रास र यातनाका कारणले गर्दा नागरिकहरु गाउँ गाउँबाट विस्थापित भई सदरमुकाममा आउन बाध्य भए । देशका विभिन्न भागमा कर्फ्यू लगाईनुले नागरिकहरुको जीवन दैनन्दिनु कष्टकरमय बन्दै गईरहेको थियो । यसैक्रममा राजा ज्ञानेन्द्रले मिति २०५९।०६।१८ गते टेलिभिजन र रेडियो नेपालबाट शासन सत्ता स्वयं आफ्नो हातमा लिएको घोषण गरे । यस तथ्यलाई नेपालको आधिकारीक सरकारी समाचारपत्र गोरखापत्र तथा नेपाल राजपत्रमा समेत प्रकाशित गरियो । राजाले निर्वाचित सरकारलाई अपदस्त मात्र गरेनन् कि जन निर्वाचित प्रधानमन्त्रीलाई असक्षम भन्न समेत बाँकी राखेनन् । (नेपाल राजपत्र, २०५९ : अतिरिक्ताङ्क ४९) ।

त्यसपछि उनले कहिले लोकेन्द्रबहादुर चन्दको त कहिले सूर्यबहादुर थापाको नेतृत्वम सरकार गठन गरी नगरिक सरकारको गठन भएको नाटाक मञ्चन गरे । यस प्रकारको घोषणा भएको १ वर्ष ४ महिना नपुग्दै पुनः देश र जनताको नाममा २०६१।१०।१९ मा अर्को शाही घोषणा टेलिभिजन र रेडियो नेपालबाट प्रशारण गरियो । सो घोषणामा राजाले झन एक कदम अगाडि बढेर आफ्नै अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने सूचना समेत नेपाल राजपत्रमा समेत प्रकाशित गरेका थिए । (नेपाल राजपत्र २०६१ अतिरिक्ताङ्क ४७ क) । उक्त मन्त्रिपरिषदमा दुई जन उपाध्यक्ष समेत रहने व्यवथा गरिएको थियो । राजनैतिक दल तथा सर्वसाधारण जनताले उक्त मन्त्रिपरिषदका सदस्यहरुलाई टीके मन्त्रिपरिषद र मन्त्रिलाई राजाका खेताला समेत भनी अस्वीकार गरे । राजा ज्ञानेन्द्रले आफ्नै अध्यक्षतामा सरकार गठन गरेपछि देशमा सैनिकीकरण व्यापक रुपमा हुन थाल्यो । पाँच विकास क्षेत्रमा क्षेत्रीय प्रशासन कार्यालय र चौध अञ्चलमा अञ्चल प्रशासन कार्यालयहरुको स्थापना समेग गरे । यी कार्यालयहरु मार्फत राजाको शासन तथा ईच्बछालाई साकार र मूर्त रुप दिनु रहेको थियो । मुलुक झन अस्थिरता र अनिस्चितता

तर्फ धकेलिदै गएको टिकाटिप्पणी हुन थालेको थियो । तर पनि राजा तथा निजका अरौटे भरौटेहरुले राजाको कदम नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ अनुकूल भएको भनी प्रचार वाजी गरी बैधानिकता प्रदान गर्ने कसरत गर्न चुकेनन् । तर संविधानविद् एवं कानूनविद्हरुले यस कदमलाई गैर संवैधानिक एवं अप्रजातान्त्रिक र कानूनी शासनको खुला उल्लघनको संज्ञा दिएका थिए । राजा ज्ञानेन्द्रले आफ्नै अध्यक्षतामा मन्त्रिपरिषदको गठन गरी संवैधानिक राजतन्त्रभन्दा माथि उठी प्रत्यक्ष सरकार संचालन गरेको अवस्थामा राज्य पक्षबाट व्यक्ति वा नागरिकहरुका हक अधिकारहरु झन बढी मात्रमा हनन हुन पुगे । राजा ज्ञानेन्द्रले प्रत्यक्ष रुपमा वि.सं. २०६१।१०।१९गतेदेखि वि.सं. २०६३।१।११गतेसम्म शासन संचालन गरे ।

उनका कार्यले गर्दा नै नेपाललाई गणतन्त्रतिर धकेल्न सबैभन्दा ठूलो भूमिका खेल्यो भन्दा अत्युक्ति नहोला । संकटकालको घोषणासँगै राज्य पक्ष र विद्रोही पक्ष दुवैबाट सर्वसाधारण नागरिक, कर्मचारी, राजनीतिक कार्यकर्ताहरुलाई हत्या, अपहरण, कुटपिट गर्ने तथा ज्यान मार्ने धम्की दिने जस्ता कार्यहरु तिव्रताका साथ बढे । साथै सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति तथा भौतिक संरचनाहरु ध्वस्त पारिने कार्य पनि व्यापक रुपमा भए । मानवीय कानून अन्तर्गत जनताको बाँच्न पाउने अधिकार एवं राजनीतिक आर्थिक, सामाजिक, सांस्कृति, र धार्मिक अधिकारहरु माथि समेत ज्यादतीका घटनाहरु दिन प्रतिदिन बढ्न थाले ।

संयुक्त सुरक्षा फौजको आतंककारीका नाममा सर्वसाधारणको हत्या, बलपूर्वक वेपत्ता पार्ने र कुटपिट गर्ने जस्ता कार्यहरु गरेर पीडित गराईयो । सुरक्षा फौजको असावधानीपूर्वक अत्याधिक शक्तिको प्रयोग गरी आतंककारीका नाममा सर्वसाधारण नागरिकहरुलाई समेत गिरफ्तार गरी यातना दिने जस्ता कार्यहरु समेत व्यापक भए । यस्ता घटनहरुले राज्यले मानवीय कानून प्रति जनाएको प्रतिवद्धताको उपहास भयो । यस्तो अवस्थाको सृजना हुनुमा राज्य र माओवादी दुवै पक्षले जीम्मेवारी लिनु पर्दछ । सशस्त्र संघर्षको समयमा युद्धरत दुवै पक्षले मानवीय कानून र जेनेभा महासन्धिको पालना गर्ने प्रतिवद्धता जनाईएको पाईन्छ । नेपालले सन् १९६४ मा जेनेभा सन्धीमा स्वीकृति जनाई सकेको हुँदा त्यसको पालना गर्नु नेपाल राज्यको दायित्व हुन आउँदथ्यो भने बारम्बार जेनेभा सन्धीको माग गर्ने र आफुलाई उच्च करार पक्षको रुपमा प्रस्तुत गर्ने माओवादीहरुले पनि यसको पालना गर्नु नैतिक दायित्व अन्तर्गत पर्न आउँदथ्यो । यस कानूनले युद्धको सीमा निर्धारण गरिदिएको छ ।

मानवीय कानूनको आधारमा युद्ध संचालन गर्दा सैनिक निसानाहरुमा मात्र हमला गर्नु पर्ने नागरिक बस्ती वा नागरिकहरुलाई निसाना बनाउन नपाईने, घाईते, विरामी तथा

आत्मसमर्पण गरेका लडाकु, हतियार नबोकेका व्यक्तिहरु, युद्धबन्दीहरुलाई ससम्मानपूर्वक बाँच्न दिनु पर्ने कुरा जेनेभा महासन्धीको साझा धारा ३ मा व्यवस्था गरिएको पाईन्छ । त्यस्तै नेपाल अधिराज्यको संविधान,२०४७ ले पनि मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाईने छैन भनी मौलिक हक अन्तर्गत धारा १२ को उपधारा१ मा व्यवस्था गरेको थियो । तर विडम्बना नै मान्नु पर्ने हुन्छ नेपालमा माओवादी विद्रोह/सशस्त्र द्वन्द्वको समयमा संकटकालिन अवस्थामा पनि लागु हुने जेनेभा महासन्धीको साझा धारा ३, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा ४ र नेपाल सन्धी ऐन, २०४७ को दफा ९ विपरित राज्य हिंसा र प्रतिहिंसाले आहात बन्यो ।

नेपाली नेपाली माथि नै रगतको खोलो बगाउने कार्य भयो । युद्धरत दुवै पक्षबाट बन्दुकको दुरुपयोग भएको स्थितिले गर्दा संविधानको धारा २३ त्यसै निलम्बन हुन पुग्यो । त्यस अवथामा तत्कालिन संबैधानिक व्यस्थाले संकटकालको अवधिमा भएको शक्तिको दुरुपयोगलाई रोक्न सकेन । त्यसैले उक्त समयमा संविधानको धारा ११५ संशोधन गरी नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्धको धारा ४ र नेपाल सन्धी ऐन, २०४७ को दफा ९ अनुकूल बनाईनु आवस्यकता थियो । किनकी संकटकालिन अवधिमा भएका ज्यादतीका घटनालाई तत्काल उपचारको व्यवस्था गरी गैर कानूनी हत्या र हिंसाको संृखलालाई नियन्त्रण गर्नु पर्ने थियो । वास्तवमा हिंसा हत्याबाट नत राज्यमा शान्ति आउन सक्यो नत माओवादीले चाहे जस्तो राज्यसत्ता कब्जा नै हुन सक्यो । राज्यले पनि हिंसा र हत्याबाट जनताको मन जित्न सकेन भने माओवादीले पनि राज्यसत्ता कब्जा गर्न जनताको मन जित्न असफल भए । त्यसैले हत्या र हिंसाको विकल्प शान्ति थियो जुन वार्ता र सहमतीका माध्यमबाट मात्र सम्भव थियो । त्यसका लागि युद्धरत दुवै पक्षले ईमान्दारीका साथ आ–आफ्नो हठ त्यागी राष्ट्र र जनताका निम्ति साझा निकास खोज्नुको विकल्प थिएन । त्यसैको परिणाम स्वरुप राजा ज्ञनेन्द्रको कदमले आजित भएका राजनीतिक दल र विद्रोही पार्टी ने.क.पा. (माओवादी) का बीच भारतमा १२ बुँदे सम्झदारी सम्पन्न भयो । उक्त सम्झदारी सम्पन्न भएपछि राजा ज्ञानेन्द्र शाहले निर्धारण गरेको मितिमा स्थानीय निकायका निर्वाचन सम्पन्न हुन सकेनन । चैत्र महिनाको अवधी भरिको आन्दोलन गर्ने ने.क.पा. (माओवादी) को प्रस्ताव प्रति संसदवादी दलहरुले सहमती नजनाए तापनि फागुग महिनाको अन्त्यतिर र चैत्र महिनाको शुरुका दिनहरुमा व्यापक छलफल गरी चैत्र महिनाको २४ गतेबाट ४ दिनका लागि आमहड्ताल गर्ने सहमती बन्यो । त्यसपछि पुनः अर्को दोश्रो सहमती पनि उपरोक्त पक्षहरुका बीचमा भएको पाइन्छ तर त्यो कहिले र कहाँ गरिएको

थियो तथा कति बुँदे हो भन्ने कुरा कहीं कतैबाट खुल्दैन र दलहरुले पनि त्यो गोप्य रुपमा नै राखेको पाइन्छ । चैत्र महिनाको २४ गतेबाट शुरु भएको १९ दिने जनआन्दोलनको अगाडी राजाले बाध्य भएर जनताको नासो जनतालाई नै फिर्ता दिएको घोषणा गरी मिति २०६३।०१।११ गतेका दिन लोकतन्त्रको स्थापना हुन गयो । १२ बुँदे सहमतीका जडमा टेकेर गरिएको १९ दिने जनआन्दोलनको सफलता पश्चात सरकार र माओवादी बीच मिति २०६३।०८।०५ गते दुई पक्ष बीच विस्तृत शान्ति सम्झौता सम्पन्न हुन गै औपचारिक रुपले माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको अन्त्य भयो त्यसको व्यवस्थापनको माध्यमबाट कार्यबाट द्वन्द्व रुपान्तरणको क्रम जारी रहेको छ ।

माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले नेपाली राजनीतिमा पारेको प्रभावका वारेमा व्यापक रुपमा बुझ्नका लागि नेपालमा माओवादी विद्रोह/सशस्त्र द्वन्द्व शुरु हुनु पूर्वको राजनैतिक अवस्था एवं व्यवस्था र तत्कालिन संविधान र माओवादी विद्रोह/सशस्त्र द्वन्द्वको व्यवस्थापन पश्चातको राजनैतिक अवस्था एवं व्यवस्था र वर्तमान संबिधाका बीचमा तुलनात्मक रुपले अध्ययन गर्नु पर्ने आवश्यकता रहन्छ । त्यसैले यहाँ त्यसका बारेमा प्रकाश पार्ने कोशिस गरिएको छ ।

माओवादी सशस्त्र विद्रोह/द्वन्द्व शुरु हुनु पूर्वको राजनैतिक अवस्था एवं व्यवस्थालाई हेर्दा २०४८ सालको आम निर्वाचनमा नेपाली कांग्रेसले ११० सिटमा विजय हासिल गरी सत्ता पक्ष बन्यो र सरकारको नेतृत्व पनि उसैले गऱ्यो भने ने.क.पा. (एमाले) ले ६९ सिटमा विजय हासिल गरी प्रमुख प्रतिपक्षी दोश्रो ठूलो दलका रुपमा संसदमा देखा परेको थियो र तत्कालिन संयुक्त जनमोर्चाले ९ सिट ल्याई संसदमा तेश्रो ठूलो दलको हैसियत कायम गर्न सफल भएको थियो ।

नेपाली कांग्रेसमा पार्टी भित्रको आन्तरिक कलहका कारण २०५१ सालमा तत्कालिन प्रधानमन्त्री स्व. श्री गिरिजाप्रसाद कोइरालाले संसदको विघटन गरी मध्यावधी निर्वाचनको घोषणा गरे । यसै क्रममा संयुक्त जनमोर्चामा सामेल रहेको एकता केन्द्रमा विवाद भई मध्यावधि निर्वाचनमा भाग लिने वा विद्रोहमा जाने भन्ने सम्बन्धमा निमर्ल लामा समूह र बाबुराम भट्टराई समूहका बीचमा मत विभाजन हुँदा क्रान्ति गर्नु आवश्यक छ भनी बाबुराम भट्टराई समूहबाट कुरा आएको र निमर्ल लामा समूहबाट मध्यावधि निर्वाचनमा भाग लिने कुरा आएकाले गर्दा ती दुई पक्ष बीच कुरा नमिली निर्वाचनमा जानेक्रममा निर्वाचन आयोगले निमर्ल लामा समूहलाई मान्यता दिएको र बाबुराम भट्टराई समूहलाई मान्यता नदिएकाले सोही झोकमा बाबुराम भट्टराई समूहका नेता (तत्कलीन संयुक्त जनमोर्चा नेपाल) का तर्फबाट चालीस सूत्रीय मागहरु

(संजमोको केन्द्रीय प्रतिनिधिमण्डलले तत्कालीन संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर मागहरु प्रस्तुत गरिएको थियो) –अनुसूची,१ः मागहरु प्रति सरकार गम्भीर नभएको र कुनै चासों समेत नदेखाएकाले ने.क.पा.(माओवादी)का नाममा बाबुराम भट्टराई समेत पुष्पकमल दाहाल (प्रचण्ड) द्वारा २०५२।११।२ गतेबाट माओवादी सशस्त्र विद्रोह⁄ द्वन्द्व शुरु गरेका थिए । त्यसपछि २०५१ सालमा सम्पन्न मध्यावधि निर्वाचनमा ने.क.पा.(एमाले) ले ८८ सिट ल्याई पहिलो ठूलो दलको रुपमा संसदमा उपस्थित भयो भने नेपाली कांग्रेसले ८३ सिट ल्याआई दोश्रो ठूलो दलको रुपमा संसदमा उपस्थित हुन पुग्यो र प्रमुख प्रतिपक्षी दलका रुपमा रहन गयो । ने.क.पा.(एमाले) ले ८८ सिट ल्याई पहिलो ठूलो दलको हैसियतले सरकारको निर्माण समेत गऱ्यो तर ९ महिनामा नै सरकार ढल्न गयो ।

त्यसपछि नेपालको राजनीतिमा झन फोहोरी खेलको शुरुवात भयो सरकार गिराउने र बनाउने खेल मात्र भएनन् कि ने.क.पा.(एमाले), रा.प्र.पा. र सद्भावना जस्ता राजनीतिक पार्टीहरुमा विभिन्न कारणले गर्दा फुट समेत आयो । यस्तो अस्वस्थ राजनीतिक अभ्यासले गर्दा माओवादी सशस्त्र विद्रोह⁄द्वन्द्वलाई नै फाईदा पुग्न गयो । २०५६ सालमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा नेपाली कांग्रेसले १११ सिट लाई पहिलो ठूलो दलको रुपमा संसदमा उपस्थित हुन पुग्यो र सरकारको निर्माण गऱ्यो भने ने.क.पा.(एमाले) ले ७१ सिट ल्याई दोश्रो ठूलो दलको रुपमा संसदमा उपस्थित भै प्रमुख प्रतिपक्षी दलको रुपमा रह्यो । विभिन्न कारणले गर्दा नेपाली कांग्रेस पार्टीमा फुट आयो र त्यस्को कारणबाट पनि नेपाली राजनीतिमा अस्वस्थ राजनीतिक अभ्यास चलिनै रह्यो जसले गर्दा माओवादी सशस्त्र विद्रोह⁄ द्वन्द्वलाई अझ फाईदा पुग्न गयो । त्यो समयमा नेपालमा संबैधानिक राजतन्त्र समेत थियो ।

## ४.१ नकारात्मक प्रभाव

यस अन्तर्गत माओवादी सशस्त्र विद्रोह⁄द्वन्द्वका कारण देशमा हुन गएको क्षतिका वारेमा प्रकाश पार्ने कोशिस गरिएको छ । जसलाई यसरी प्रस्तुत गरिएको छ

### ४.१.१ तथ्यहरुको प्रस्तुतिकरण र विश्लेषण

माओवादी सशस्त्र विद्रोह⁄द्वन्द्वका कारण नेपालमा त्यसले जनमानसलाई पुऱ्याएको क्षति मध्ये यहाँ माओवादी सशस्त्र विद्रोह⁄द्वन्द्वका शुरु भएको मिति २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेको विस्तृत शान्ति सम्झौता हुँदाको अवधिसम्मलाई समेटेर प्रस्तुत

गरिएको छ : त्यस कारण त्यस समयपछि घटेका घटनाहरुलाई यहाँ समेट्न भने सकिएको छैन ।

तालिका नं. १

प्रकृतिका आधारमा पिडितहरुको विवरण (हत्या, वेपत्ता र अपाङ्ता)

| हत्या गरिएका व्यक्तिहरुको संख्या | वेपत्ता पारिएका व्यक्तिहरुको संख्या | अपाङ्गता पारिएका व्यक्तिहरुको संख्या | जम्मा पीडित व्यक्तिहरुको संख्या |
|---|---|---|---|
| १३,२३६ | १००६ | ७८५ | १५,०२७ |

श्रोतः इन्सेकद्वारा प्रकाशित द्वन्द्वपीडित पाश्वचित्र वर्ष १८,अङ्क २ मानव अधिकार स्थिति सूचक

यसरी माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको कारण उक्त अवधिमा करिव १३,२३६ जना नागरिकहरुले ज्यान गुमाउनु पर्‍यो भने करिव १,००६ जना नागरिकहरुलाई बलपूर्वक वेपत्ता पारियो । उनीहरुको हालसम्म पनि अत्तो पत्तो केही छैन । त्यसै गरी ७८५ जना नागरिकहरुलाई अपाङ्ता बनाईएको छ ।

तालिका नं. २

लिङ्गका आधारमा पीडितहरुको विवरण

| पुरुष पीडितहरुको संख्या | महिला पीडितहरुको संख्या | जम्मा पीडित व्यक्तिहरुको संख्या |
|---|---|---|
| १३,३६२ | १,६६५ | १५,०२७ |

श्रोतः इन्सेकद्वारा प्रकाशित द्वन्द्वपीडित पाश्वचित्र वर्ष १८,अङ्क २ मानव अधिकार स्थिति सूचक

लिङ्गका आधारमा पीडितहरुको विवरणलाई हेर्दा महिलाको संख्या १,६६५ र पुरुषहरुको संख्या १३,३६२ रहेको पाईन्छ । यसो हुनुमा एक त महिलाईहरुलाई घरमा नै सीमित गरिने संस्कार हाम्रो देशमा रहेको छ भने अर्को कारण चाहिं उनी हरु स्वभावैले मानसिक रुपमा नै आफुहरुले युद्ध गर्नै सक्दैनौं भन्ने भावना मनमा पालेर राखेका हुन्छन् ।

तालिका नं. ३

आन्तरिक रुपमा विस्थापित व्यक्ति तथा परिवारहरुको विवरण

| क्र. सं. | कूल विस्थपित परिवारहरुको संख्या | कूल विस्थपित व्यक्तिहरुको संख्या |
|---|---|---|
| १ | १२,३९६ | ४४,६८१ |

श्रोतःनेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय द्वारा प्रकाशित शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथ्य र तथ्याङ्क, सिंहदरवार काठमाण्डौ नेपाल ।

उपरोक्त तालिकालाई हेर्दा माओवादी विद्रोह/सशस्त्र द्वन्द्वका कारण आन्तरिक रुपमा कूल विस्थापित परिवारहरुको संख्या १२३९६ रहेको पाईन्छ भन कूल विस्थापित व्यक्तिहरुको संख्या ४४६८१ रहेको विवरण शान्ति तथा पुननिर्माण मन्त्रालयको तथ्याङ्कमा रहेको देखिन्छ ।

तालिका नं. ४

राजनीतिक दलका आधारमा पीडितहरुको विवरण (हत्या, वेपत्ता र अपाङ्ता)

| क्र.सं. | राजनीतिक दलको नाम | हत्या | वेपत्ता | अपाङ्गता |
|---|---|---|---|---|
| १ | ने. क. पा. (माले) | २ | १ | १ |
| २ | नेपाली कांग्रेस | ४२४ | १३ | २६ |
| ३ | ने. क. पा. (एमाले) | १८९ | १६ | १७ |
| ४ | नेपाली कांग्रेस (प्रजातान्त्रिक) | ५ | | |
| ५ | ने. क. पा. (माओवादी) | ६,४३७ | ४४९ | ४०३ |
| ६ | जनमोर्चा नेपाल | ६ | | |
| ७ | राप्रपा | १०० | २ | ५ |
| ८ | नेपाल सद्भावना पार्टी | ८ | | |
| ९ | संयुक्त जनमोर्चा | ५ | १ | |
| १० | राष्ट्रिय जनमुक्ति पार्टी | २ | २ | |
| ११ | जम्मा | ७,१७८ | ४८४ | ४६२ |

श्रोतः इन्सेकद्वारा प्रकाशित द्वन्द्वपीडित पाश्वचित्र वर्ष १८,अङ्क २ मानव अधिकार स्थिति सूचक

राजनीतिक दलका आधारमा पीडितहरुको विवरण (हत्या, वेपत्ता र अपाङ्ता) लाई हेर्दा सवैभन्दा बढी राजनीतिक कार्यकर्ता वा व्यक्ति विद्रोही दल वा पार्टी ने. क. पा. (माओवादी) का नै ६,४३७ जना मारिएका छन् त्यसै गरी वेपत्ता र अपाङ्ता पनि ने. क. पा. (माओवादी) का कार्यकर्ता क्रमशः ४४९ र ४०३ जना भएको पाईन्छ यसो हुनुमा उक्त पार्टीले जनयुद्ध संचालन गरेको र मुख्य गरी राज्यका विरुद्धमा हतियार उठाई सत्ता पल्टाउने उद्देस्य लिएकाले पनि यस्तो भएको हो ।

त्यसपछि नेपाली कांग्रेसका ४२४ कार्यकर्ता वा व्यक्तिहरु मारिएका छन् भने वेपत्ता हुनेहरुमा १३ जना रहेको पाईन्छ र अपाङ्गता हुनेहरुमा २६ जना रहेका देखिन्छ । यस पार्टीका

कार्यकर्ताहरु यति धेरै मारिनुमा सरकारमा लामो समयसम्म यही पार्टी रहेर सत्ता सम्हालेका पनि हुन सक्छ । सुराकी गरेको आरोपमा एवं सहयोग नगरेका कारणले ने. क. पा. (माओवादी) ले हत्या गरेको पनि हुन सक्छ । त्यसपछि ने. क. पा. (एमाले) का १८९ जना कार्यकर्ता वा व्यक्तिहरु मारिएका छन् भने वेपत्ता हुनेहरुमा १६ जना रहेको पाईन्छ र अपाङ्गता हुनेहरुमा १७ जना रहेको पाईन्छ । ने. क. पा. (एमाले) का १८९ जना कार्यकर्ता मारिनुको पछाडि पनि उक्त पार्टीले ९ महिना प्रत्यक्ष रुपले शासन संचालन गरेको र कुनै बेला संयुक्त सरकारमा समेत संलग्न भै पनि ने. क. पा. (माओवादी) को विद्रोहलाई दवाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न भएका कारणले हुन सक्छ भनेर अनुमान लगाउन सकिन्छ ।

तत्पश्चात् राप्रपाका १०० कार्यकर्ता एवं व्यक्तिहरु मारिएका छन् भने वेपत्ता हुनेहरुमा २ जना र अपाङ्गता हुनेहरुमा ५ जना रहेका देखिन्छ । यस्तो हुनुमा  यो पार्टी पनि बेला बेलामा संयुक्त सरकारमा संलग्न भै यस पार्टीले ने. क. पा. (माओवादी) को विद्रोहलाई दवाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गरेका कारणले हुन सक्छ भनेर अनुमान लगाउन सकिन्छ । नेपाल सद्भावना पार्टीका कार्यकर्ता ८ जना मारिए ता पनि वेपत्ता र अपाङ्ता भने कोही पनि भएको पाईदैन । यसो हुनुमा उक्त पार्टी पनि बेला बेलामा संयुक्त सरकारमा संलग्न भै यस पार्टीले ने. क. पा. (माओवादी) को विद्रोहलाई दवाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गरेका कारणले हुन सक्छ भनेर अनुमान लगाउन सकिन्छ । समथै उक्त पार्टी पहाडी क्षेत्रमा प्रभावहीन रहेकाले वेपत्ता  र अपाङ्ता नभएको हुन सक्छ भनेर अनुमान लगाउन सकिन्छ ।

जनमोर्चा नेपालका कार्यकर्ता ६ जना मारिएका छन् भने वेपत्ता र अपाङ्ता भने कोही पनि भएको पाईदैन । यसो हुनुमा उक्त पार्टी संयुक्त सरकारमा संलग्न नभएता पनि  यस पार्टीले ने. क. पा. (माओवादी) को विद्रोहलाई गलत छ भनी हिंडेकाले पनि हुन सक्छ, जसले गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले ने. क. पा. (माओवादी) को विद्रोहलाई असहयोग गरेका कारणले हुन सक्छ । संयुक्त जनमोर्चाका कार्यकर्ता ५ जना मारिएका र १ जनामात्र वेपत्ता भएको पाईन्छ र अपाङ्ता भने कोही पनि भएको पाईदैन । यसो हुनुमा उक्त पार्टी संयुक्त सरकारमा संलग्न नभएता पनि  यस पार्टीले ने. क. पा. (माओवादी) को विद्रोहलाई गलत छ भनी हिंडेको विद्रोहको प्रतिवाद समेत गरेकाले पनि हुन सक्छ, जसले गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले ने. क. पा. (माओवादी) को विद्रोहलाई असहयोग गरेको  हुन गयो वा देखियो ।

नेपाली कांग्रेस (प्रजातान्त्रिक) का ५ जना कार्यकर्ता मारिएको देखिन्छ ता पनि वेपत्ता र अपाङ्ता भने कोही पनि भएको पाईदैन । यसो हुनुमा उक्त पार्टीले पनि सरकारको नेतृत्व

नगरेको भए तापनि कहिलेकाहीं त संयुक्त सरकारमा  समेत संलग्न भएकाले पनि यस पार्टीले ने. क. पा. (माओवादी) को विद्रोहलाई दवाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न भएका कारणले हुन सक्छ भनेर अनुमान लगाउन सकिन्छ ।

भने त्यसै गरी ने. क. पा. (माले) का २ जना कार्यकर्ता मारिएको देखिन्छ, वेपत्ता १ र अपाङ्ता १ भएको देखिन्छ । यसो हुनुमा उक्त पार्टी संयुक्त सरकारमा संलग्न भै  यस पार्टीले ने. क. पा. (माओवादी) को विद्रोहलाई गलत छ भनी हिंडेकाले र प्रत्यक्ष वा अप्रत्यक्ष रुपले ने. क. पा. (माओवादी) को विद्रोहलाई असहयोग गरेका कारणले हुन सक्छ । राष्ट्रिय जनमुक्ति पार्टीका कार्यकर्ता भने २ जना मारिएको र २ जना नै  वेपत्ता भएको पाईन्छ र अपाङ्ता भने कोही पनि भएको पाईदैन । तै पनि यो पार्टी संयुक्त सरकारमा  समेत संलग्न नभएर पनि यस पार्टीले ने. क. पा. (माओवादी) को विद्रोहलाई गलत छ भनी प्रत्यक्ष वा अप्रत्यक्ष रुपले असहयोग गरेका कारणले हुन सक्छ भनेर अनुमान लगाउन सकिन्छ ।

यसरी उपरोक्त तालिकाको विश्लेषण गर्दा सबै भन्दा मारिनेहरुमा र वेपत्ता हुनेहरुमा समेत सत्तासिन पार्टीका कार्यकताहरु र विद्रोही ने. क. पा. (माओवादी) पार्टीका कार्यकताहरु नै रहेको देखिन्छ ।

तालिका नं. ५

पेशागत आधारमा पीडितहरुको विवरण (हत्या, वेपत्ता र अपाङ्ता)

| क.सं. | पेशा | हत्या | वेपत्ता | अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|
| १ | अधिकारकर्मी | ४ | | | ४ |
| २ | अन्य | १९० | १७ | ५ | २१२ |
| ३ | कृषि | २,६३३ | ३३० | २०० | ३१६३ |
| ४ | खेलाडी | ७ | | | ७ |
| ५ | जगिरे | १९१ | १६ | १३ | २२० |
| ६ | ज्यालादारी | २७३ | ५८ | ९ | २४० |
| ७ | डाक्टर | ६ | | | ६ |
| ८ | ड्राइभर | ३१ | ३ | २ | ३६ |
| ९ | नखुलेको | २८२ | ३३ | १० | ३२५ |
| १० | पत्रकार | ३ | १ | | ४ |
| ११ | प्रहरी | १,७३१ | १४ | ३० | १७७५ |
| १२ | भू.पू. सुरक्षाकर्मी | ३ | | | ३ |
| १३ | राजनीतिज्ञ | ५,८८४ | ३०८ | ४१० | ६६०२ |
| १४ | वकिल | ५ | १ | १ | ७ |
| १५ | विद्यार्थी | ६१७ | १५४ | ५५ | ८२६ |
| १६ | व्यापारी | १८८ | ३६ | १४ | २३८ |
| १७ | शिक्षक | २१६ | २४ | १६ | २५६ |
| १८ | सामाजिक कार्यकर्ता | २१ | २ | २ | २५ |
| १९ | सेना | ९५१ | ९ | १८ | ९७८ |
| २० | जम्मा | १३,२३६ | १,००६ | ७८५ | १५०२७ |

श्रोत: इन्सेकद्वारा प्रकाशित द्वन्द्वपीडित पाश्वचित्र वर्ष १८,अङ्क २ मानव अधिकार स्थिति सूचक

पेशाका आधारमा हेर्ने हो भने पीडितको संख्या सबै भन्दा बढी राजनीतिक कार्यकर्ता अर्थात् राजनीतिज्ञ नै रहेको जसमा ६,६०२ जना रहेका छन् त्यस मध्ये ५,८८४ जनाको हत्या भएको छ भने ३०८ जनालाई वेपत्ता पारिएको छ र ४१० जनालाई अपाङ्गता बनाईएको छ । त्यसमा पनि हत्या हुनेको संख्या ६६०२ रहेको छ । सबै भन्दा कम पीडित भू.पू. सुरक्षाकर्मीहरु रहेको पाईन्छ जसमा जम्मा ३ जनाको हत्या भएको छ । सबै भन्दा बढी वेपत्ता कृषकहरुलाई पारिएको छ जसमा ३३० जना रहेका छन् भने बढी अपाङ्ता हुनेहरुमा राजनीतिज्ञ ४१० जना रहेको पाईछ । यसो हुनुमा एकातर्फ राजनीतिक दलले सरकारको नेतृत्व गरी सत्ता संचालन गरेको र अर्कोतर्फ विद्रोहमा लागेको पार्टी नेक.पा.(माओवादी)ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन शक्तिको प्रयोग गरेका कारण समेत यस्तो अवस्था देखा परेको हो ।

दोश्रो मारमा कृषक वर्ग परेको देखिन्छ । जसमा हत्या गरिनेमा २,६३३ जना एवं वेपत्ता पारिनेमा ३३० जना र अपाङ्गता बनाईनेमा २०० जना रहेका छन् । यसरी जम्मा पीडितको संख्या ३,१६३ जना रहेको पाईन्छ । यसो हुनुमा देशमा विद्रोहमा लागेको पार्टी नेक.पा.( माओवादी) को  जनयुद्धलाई सरकारले दवाउन पहिला प्रहरीलाई परिचालन गरेको र पछि देशमा संकटकालको घोषणसँगै संयुक्त सुरक्षा फौजको नाममा सेनालाई समेत परिचालन गरिएकाले विद्रोहमा लागेको पार्टी नेक.पा.(माओवादी) ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन शक्तिको प्रयोग गरेका यस्तो अवस्थामा नेक.पा.(माओवादी) ले आफुलाई सहयोग नगर्ने व्यक्तिहरुलाई सफाया अभियान नै संचालन गर्नु र संयुक्त सुरक्षा फौजले नेक.पा.(माओवादी) लाई सहयोग समर्थन गरेको आरोपमा जथाभावी पक्राउ गरी हत्या, बलात्कार, कुटपिट, नियन्त्रणमा लिई वेपत्ता पार्ने जस्ता अमानवीय क्रियाकलाप संचालन गनुले  देखा हो ।

तेश्रो मारमा नेपाल प्रहरी परेको देखिन्छ । जसमा हत्या गरिनेमा १,७३१ जना एवं वेपत्ता पारिनेमा १४ जना र अपाङ्गता बनाईनेमा ३० जना रहेका छन् । यसरी जम्मा पीडित हुनेहरुको संख्या १,७७५ जना रहेको पाईन्छ । यस्तो हुनुमा देशमा विद्रोहमा लागेको पार्टी नेक.पा.(माओवादी) ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन प्रहरीलाई परिचालन गरेर शक्तिको प्रयोग मार्फत माओवादीको विद्रोहलाई दवाउन खोजेकाले प्रहरी माओवादीसँग भिडन्त गर्ने क्रमका कारण समेत यस्तो अवस्था देखा परेको हो ।

चौंथो मारमा तत्कालिन शाही नेपाली सेना परेको देखिन्छ । जसमा हत्या गरिनेमा ९५१ जना एवं वेपत्ता पारिनेमा ९ जना र अपाङ्गता बनाईनेमा १८ जना रहेका छन् । यसरी जम्मा पीडित हुनेहरुको संख्या ९७८ जना रहेको पाईन्छ । यस्तो हुनुमा देशमा संकटकालको घोषणसँगै संयुक्त सुरक्षा फौजको नाममा सेनालाई समेत परिचालन गरिएकाले विद्रोहमा लागेको पार्टी नेक.पा.(माओवादी) ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन शक्तिको प्रयोग गरेका कारण समेत यस्तो अवस्था देखा परेको हो ।

पाचौं मारमा विद्यार्थी वर्ग रहेको देखिन्छ । जसमा हत्या गरिनेमा ९१७ जना एवं वेपत्ता पारिनेमा १५४ जना र अपाङ्गता बनाईनेमा ५५ जना रहेका छन् । यसरी जम्मा पीडित हुनेहरुको संख्या ८२६ जना रहेको पाईन्छ । यस्तो हुनुमा देशमा संकटकालको घोषणसँगै संयुक्त सुरक्षा फौजको नाममा सेनालाई समेत परिचालन गरिएकाले विद्रोहमा लागेको पार्टी नेक.पा.( माओवादी) ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन शक्तिको प्रयोग गरेका कारण समेत यस्तो अवस्था देखा परेको हो । जसमा सरकार संचालन गर्ने पार्टीको भातृ संगठनहरुलाई नेक.पा.(माओवादी) ले अपहरण गर्ने, कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेको र नेक.पा.(माओवादी) पार्टीको भात्री संगठन (अखिल क्रान्तिकारी ) विद्यार्थी संगठन लाई समर्थन गर्ने र उक्त संगठनमा लाग्ने जो कोही विद्यार्थीलाई सुरक्षाकर्मीबाट जथाभावी नियन्त्रणमा लिने कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेको हो ।

छौठौं मारमा नखुलेको अवस्थामा रहेको देखिन्छ । जसमा हत्या गरिनेमा २८२ जना एवं वेपत्ता पारिनेमा ३३ जना र अपाङ्गता बनाईनेमा १० जना रहेका छन् । यसरी जम्मा पीडित हुनेहरुको संख्या ३२५ जना रहेको पाईन्छ । । यस्तो हुनुमा देशमा नेक.पा.(माओवादी) ले जनयुद्धको संचालन गरेको सरकारले त्यसलाई दवाउनका लागि कहिले प्रहरी त कहिले संयुक्त सुरक्षा फौजको नाममा सेनालाई समेत परिचालन गरिएकाले विद्रोहमा लागेको पार्टी नेक.पा.( माओवादी) ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन शक्तिको प्रयोग गरेका कारण समेत यस्तो अवस्था देखा परेको हो । सुरक्षाकर्मीबाट माओवादीका नाममा सर्वसाधारण समेतलाई जथाभावी नियन्त्रणमा लिने कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेको हो साथै नेक.पा.(माओवादी) ले पनि आफुलाई

समर्थन र सहयोग नगर्ने व्यक्तिहरुलाई जथाभावी अपहरण गर्ने, कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेको हो ।

सातौं मारमा शिक्षक वर्ग रहेको अवस्थामा देखिन्छ । जसमा हत्या गरिनेमा १८८ जना एवं वेपत्ता पारिनेमा ३६ जना र अपाङ्गता बनाईनेमा १४ जना रहेका छन् । यसरी जम्मा पीडित हुनेहरुको संख्या २३८ जना रहेको पाईन्छ । यस्तो हुनुमा देशमा नेक.पा.(माओवादी) ले संचालन गरेको जनयुद्धलाई सरकारले दवाउनका लागि कहिले प्रहरी त कहिले संयुक्त सुरक्षा फौजको नाममा सेनालाई समेत परिचालन गरिएको र विद्रोहमा लागेको पार्टी नेक.पा.(माओवादी) ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन शक्तिको प्रयोग गरेका कारण समेत यस्तो अवस्था देखा परेको हो । सरकारको पक्षमा लागेका र सरकारको समर्थन गर्ने, भने जति चन्दन नदिने शिक्षक वर्गलाई नेक.पा.(माओवादी) ले जथाभावी नियन्त्रणमा लिने कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेको हो भने माओवादीलाई समर्थन गर्ने शिक्षकलाई सुरक्षाकर्मीले जथाभावी नियन्त्रणमा लिने कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेका कारणले समेत यस्तो अवस्था देखा परेको हो ।

आठौं मारमा ज्यालादारी गर्ने मजदुर वर्ग परेको अवस्थामा रहेको देखिन्छ । जसमा हत्या गरिनेमा २७३ जना एवं वेपत्ता पारिनेमा ५८ जना र अपाङ्गता बनाईनेमा १९ जना रहेका छन् । यसरी जम्मा पीडित हुनेहरुको संख्या २४० जना रहेको पाईन्छ । यस्तो हुनुमा देशमा नेक.पा.(माओवादी) ले जनयुद्धको संचालन गरेको सरकारले त्यसलाई दवाउनका लागि कहिले प्रहरी त कहिले संयुक्त सुरक्षा फौजको नाममा सेनालाई समेत परिचालन गरिएकाले विद्रोहमा लागेको पार्टी नेक.पा.(माओवादी) ले जनयुद्ध संचालन गरी राज्यसत्ता कब्जा गर्ने उद्देश्यले हतियार उठाएको हुँदा सरकारले उसलाई दवाउन शक्तिको प्रयोग गरेका कारण समेत यस्तो अवस्था देखा परेको हो । सुरक्षाकर्मीबाट माओवादीका नाममा मजदुर वर्गलाई जथाभावी नियन्त्रणमा लिने कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेको र नेक.पा.(माओवादी) ले पनि समर्थन र सहयोग नगर्ने मजदुरहरुलाई जथाभावी अपहरण गर्ने, कुटपिट गर्ने, वेपत्ता पार्ने जस्ता कार्य संचालन गरेको हो ।

नवौं मारमा व्यापारी वर्ग रहेको अवस्थामा देखिन्छ । जसमा हत्या गरिनेमा १८८ जना एवं वेपत्ता पारिनेमा ३६ जना र अपाङ्गता बनाईनेमा १४ जना रहेका छन् । यसरी जम्मा पीडित हुनेहरुको संख्या २३८ जना रहेको पाईन्छ । यस्तो हुनुमा देशमा नेक.पा.(माओवादी) ले

गर्ने संकेत देखियो । नेपालको अन्तरिम संबिधान, २०६३ ले माओवादी सेनाका लडाकुको व्यवस्थापन, अनुगमन, समायोजन र पुनर्स्थापन सम्बन्धि व्यवस्था गरेको पाईन्छ जवकि नेपाल अधिराज्यको संबिधान, २०४७ मा त्यस्तो कुनै प्रकारको व्यवस्था नै थिएन । नेपालको अन्तरिम संबिधान, २०६३ ले राष्ट्रिय सुरक्षा परिषद सम्बन्धि व्यवस्था गरेको छ तर नेपाल अधिराज्यको संबिधान, २०४७ मा त्यस्तो कुनै प्रकारको व्यवस्था नै थिएन ।

२०६३ को अन्तरिम संबिधानले संबिधानसभामा राजनैतिक दलहरुले समावेशी सिद्धान्तलाई अपनाउनु पर्ने । उम्मेदवारहरुको नाम सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जनति / आदिवासी
जनजाति पछिडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको समानुपातिक प्रतनिधित्व गाराउनु पर्ने संबैधानिक व्यवस्था समेत गरेको पाईन्छ । प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यहरु मध्य कूल संख्यामा न्यूनतम एक तिहाइ महिला सदस्यको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था समेत गरेको पाईन्छ । माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले नेपाली राजनीतिमा पारेको प्रभावलाई बुझ्न उपरोक्त वमोजिमका तथ्यांक एवं २०४७ सालको नेपाल अधिराज्यको संविधान र २०६३ सालको अन्तरिम संविधानका बीचमा भएका समानता र सअसमानताए एवं तिनिहरुका विशेषेतालाई विश्लेषण गरीहेरे पछि स्वतः स्पष्ट हुन्छ कि नेपिालमा के कति परिवर्तन भएको रहेछ र उक्त माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले नेपाली राजनीतिमा के कस्तो प्रभाव पारेको रहेछ वा पार्‍यो । हुन त माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले नेपाली जनताका माझमा अपुरणीय धन जनको क्षति पुर्‍याएको छ । त्यसमा दुइ मत छैन ता पनि राजनैतिक वृत्तमा भने ठूलो फड्को नै मारेकोछ ।

२०६२/०६३ को जनआन्दोलनको सफलता पश्चात आफैले मिति २०५९।०२।०८ गते विगठन गरेको प्रतिनिधि सभालाई मिति२०६३।०१।११ गतेको सम्बोधन मार्फत पुनर्स्थापना गर्न राजा ज्ञानेन्द्र बाध्य भए । उक्त पुनर्स्थापित प्रतिनिधिसभाको बैठक मिति२०६३।०१।१५ गतेका दिन ठिक दिउँसो १ बजे संसद भवन सिंहदरवारमा बस्ने घोषणा समेत गरेका थिए । मिति२०६३।०२।०४ गतेका दिन बसेको पुनर्स्थापित प्रतिनिधिसभाको बैठकले एउटा घोषणा पत्र जारी गर्‍यो जसलाई नेपालको राजनीतिक इतिहासमा म्याग्नाकार्टाको संज्ञा दिईएको पाइन्छ । जसमा श्री ५ को सरकारलाई नेपाल सरकारमा परिवर्तन गरेको थियो भने शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना बनाएको थियो । विद्यमान राजपरिषद खारेज गरेको थियो । नेपाललाई धर्म निरपेक्ष राज्यका रुपमा घोषणा गरेको थियो । तत्कालिन राष्ट्रिय

गानलाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गर्ने घोषणा गरेको थियो । विद्यमान राजप्रसाद सेवालाई निजामती सेवाको अङ्ग बनाईने घोषणा गर्नुका साथै । श्री ५ बाट भए गरेका काम कारवाहीका वारेमा अदालतमा प्रश्न उठाउन सकिने घोषणा समेत गरेको थियो ।

### ४.२.३. बुँदागत रुपमा सकारात्मक प्रभावहरुः– जसलाई निम्नानुसार हेर्न सकिन्छ

१. राज्यले र राजनीतिक दलहरु समेतले पुनर्बिचार गरी राज्यलाई समावेशी स्वरुप प्रदान गरिएको छ।

२. समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई अवलम्बन गरिनु ।

३. महिला, दलित, जनजाति, पिछडिएको क्षेत्र एवं भूगोलका मागहरुलाई संबोधन ।

४. २०१५, २०४८,२०५१ एवं २०५६ का निर्वाचनहरुमा भन्दा २०६४ सालमा सम्पन्न भएको संबिधानसभाको निर्वाचनमा सबै वर्ग, तह र क्षेत्रका जनताहरुको प्रतिनिधित्वमा व्यापक मात्रमा वृद्धि हुनु ।

५. जनताले विकास, सुशसन, लोककल्याणकारी राज्यका लागि परिवर्तन चाहेका रहेछन् भन्ने कुरा स्पष्ट हुनु

६. परिवर्तित शक्तिबाट जनताले ठूलो अपेक्षा प्रकट गर्नु ।

७. समावेशी र लोकतान्त्रिक गणतन्त्रको प्राप्ती ।

८. नयाँ संबिधान निर्माणका लागि संबिधानसभाको निर्वाचन ।

९. देशमा शान्ति र प्रगतिको चाहनालाई मूर्त रुप दिने प्रयास ।

१०.राजतन्त्रको अन्त्य हुनु ।

११.जनताले नै जन विद्रोह चाहेका रहेछन् किनभने जनताले नै संकिधानसभाको निर्वाचनमा मत दिएर माओवादी पार्टीलाई सबैभन्दा ठूलो पार्टीको रुपमा स्थापित गरे ।

१२. राजनीतिमा जनसहभागिता जनाउनु ।

हामीले उपरोक्त वमोजिम माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको थालनीले नेपाली राजनीतिमा पारेको प्रभवलाई र त्यसको अन्त्यपछिको अवस्था समेतका बारेमा तुलनात्मक रुपले अध्ययन गरिसकेका छौं । अव अन्त्यमा हामी के भन्न सक्छौं भने सशस्त्र विद्रोह/द्वन्द्व तथा संघर्षले भन्दा शान्तिपूर्ण र प्रभावकारी जनआन्दोलन धेरै फलदायी हुँदो रहेछ भनी निष्कर्ष निकाल्न सक्छौं । जुन २०५२ सालपछिको माओवादी सशस्त्र विद्रोह/द्वन्द्व तथा संघर्षले देशमा निकै मात्रमा जनधनको क्षति हुन गायो भने र २०६२/ ६३ को जनआन्दोलनले त्यति ठूलो क्षति

विना नै पनि देशमा जनताले चाहे जस्तो परिवर्तन आउन सफल भयो । यसबाट के स्पष्ट हुन जान्छ भने हिंसात्मक विद्रोहले तथा आन्दोलनले भन्दा कैयौं गुणा फलदायी र सफलता शान्तिपूण जनआन्दोलनबाट पनि हासिल गर्न सकिने रहेछ र जनताका सामु समन्तवादी तानाशाहहरु पनि झुक्न बाध्य हुँदा रहेछन् भन्ने सन्देश एक्काइसौं शताब्दिमा नेपालले विश्व समुदायलाई दिएको छ । यो विश्व राजनीति इतिहासमा नै नौलो आयामको रुपमा रहेको छ ।

# परिच्छेद–पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१. निष्कर्षहरु

१. ने.क.पा.(माओवादी) ले हिंसात्मक एवं सशस्त्र विद्रोह/द्वन्द्वको बाटो राज्यो भने सरकारले हिंसालाई निवारण गर्ने नाममा प्रतिहिंसाको कदम चलायो र राज्य आतंकित भयो ।

२. जनक्रान्तिका नाममा माओवादीले संचालन गरेको हिंसात्मक एवं सशस्त्र विद्रोहका क्रममा गरेका हत्या, हिंसा, अपहरण, कुटपिट, वेपत्ता, जवरजस्ती चन्दा असुली र सरकारी पक्षले हिंसा दवाउने क्रममा गरेको हत्या, बलात्कार, यातना, वेपत्ता, गैर कानूनी गिरफ्तार जस्ता क्रियाकलापहरुले व्यापक रुपमा नागरिकका नागरिक अधिकार तथा मौलिक हक एवं मावन अधिकार हनन भएको पाईन्छ ।

३. २०४६ साल अघिका दिनहरुमा नेपालमा राजनैतिक शक्ति केन्द्रक रुपमा राजतन्त्र वा दरवार रहेको थियो भने २०४६ सालको राजनीतिक परिवर्तन पछिका दिनहरुमा नेपाली कांग्रेस र ने.क.पा. (एमाले) जस्ता राजनैतिक दलहरु दरवारको वरिवरि घुमिरहेर कसले दरवारलाई खुशी पारी राजनीतिक शक्ति आफ्नो हातमा लिने भन्ने प्रतिस्पर्धामा नै तल्लिन रहे । यसरी नेपालको राजनीतिक शक्ति र सत्ता श्रोतको आधार नेपाली जनताको चाहाना नभएर दरवार तथा तत्कालिन ठूला भनाउँदा राजनीतिक दलहरु नै बन्न पुगका थिए ।

४. वर्तमान परिवेशमा राष्ट्र र जनताको हितमा कार्य गर्न सम्पूर्ण आन्दोलनकारी लोकतान्त्रिक गणतन्त्रवादी राजनीतिक दलहरु एवं शक्तिहरु बीच बढ्दो पारस्परिक अविश्वास र असमझदारीले गर्दा आन्दोलनबाट प्राप्त उपलब्धी तथा लोकतान्त्रिक रगणतन्त्रको संस्थागत विकास गर्नमा अन्यौलता सिर्जना हुँदै गएको छ भन्न सकिन्छ ।

५. प्रमुख ठूला राजनैतिक दलहरु आ–आफ्नो बचर्शवव्यापी संकीर्ण सोंच र सुर तालमा लागेका छन । आफु र आफ्नो दललाई फाईदा पुग्ने भएपछि अरुलाई जे सुैकै होस् भन्ने मानसिकताले ग्रशित भएर चल्ने पुरानो सामन्ती संस्कार नवसामन्ती संस्कारको रुपमा गहण गरी गैर म्मिवार प्रवृत्तिवाट राजनीतिक दलहरु मुक्त हुन नसकेसम्म देशको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रमा कुनै उन्नती र प्रगति हुन पनि

सक्दैन । देश र जनताको हित हुने र अग्रगतितर्फ गई देशमा जनचाहना अनुरुप आमूल परिवर्तन होला र सुधार होला भनेर भरोसा गर्न सकिंदैन ।

६. अहिले यस्तो स्थिति सोंच्नु पर्ने अवस्था आएकोछ कि विगतमा भए गरिएका अत्यन्त महत्वपूर्ण मानिएका १२ बुँदे समझदारी लगायतका विभिन्न राजनैतिक सहमती र सम्झौताहरुबाट सम्झौता एवं सहमतीका पक्षहरु त्यसबाट विमुख हुँदै सम्झौता र सहमतीको पालना गनरी उल्लंघन गर्ने कार्य भैरहेकाले गर्दा कतै विस्तृत शान्ति सम्झौता पनि गलत त थिएन भनी सोच्नु पर्ने बेला आएकोछ ।

७. पूर्व अभ्यास र मेहनत विना हतारमा सहमती र समझदारी तथा सम्झौता गर्ने पक्षहरुले जनताका बीचमा जाहेर गरेका सार्वजनिक प्रतिवद्धताहरुको पालना गर्न र गराउन के कति कारणले तथा कुन कुराले अवरोध सृजना गरेको छ ? त्यो जनताका सामुन्ने बताउन सकेका छैनन् ।

८. संक्रमणकालिन अवस्था लम्बिएकाले र चरमचुलीमा पुगेकाले पनि नेपाली राजनीतिमा सहमती र सहकार्यको विकल्प छैन तर राजनैतिक दलहरु सहमती त धेरै गरेका छन् त्यसलाई कार्यान्वयन भने पटक्कै गरेको पाईंदैन ।

९. विस्तृत शान्ति सम्झौता र अन्तरिम संबिधान, समेतले परिकल्पना गरेको संक्रमणकाललाई टुङ्गोमा पुर्‍याउन र माओवादी सशस्त्र विद्रोहको/द्वन्द्वको पूर्ण रुपमा समाधानका लागि राजनीतिक सहमती अनुरुप गठन गर्ने भनिएका आयोगहरु **सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता सम्बन्धी आयोग** हालसम्म पनि गठन गरिएका छैनन् । त्यसको प्रमुख कारण दलीय स्वार्थ नै हो ।

१०. **सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता सम्बन्धी आयोग** हालसम्म पनि गठन नगर्नुले द्वन्द्वका समयमा आफुहरु नै पीडक भएकाले कतै आफुहरु पनि कारवाहीको भागीदार भईने र आफन्तहरु पनि पर्न सक्ने कारण हुन सक्छ ।

११. तत्कलीन संयुक्त जनमोर्चा नेपाल, ले सरकार समक्ष राखेका राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित सचालीस सूत्रीय मागहरु प्रति राज्यले ध्यान नदिएका कारण माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको शुरुवात भएको थियो ।

१२. संरचनागत असमानता, राज्ययन्त्र र संरचनाहरुमा बहुसंख्यकरुको बहिस्करणका साथै जातीय आधारमा गरिने भेदभाव तथा छुवाछुतको प्रथा र प्रचलित जातीय असमानता, सामाजिक समस्याहरुले विद्रोहलाई वढावा दिनमा मद्दत पुर्‍यायो । त्यसै गरी विभिन्न

वर्गहरु, सम्पन्न र विपन्न, शिक्षित र अशिक्षित, शोषक र शोषित, महिला र पुरुष एवं धर्म र जात बीचको भेदभाव पनि माओवादी विद्रोह/सशस्त्र द्वन्द्वको उत्पत्ति एवं विकास र विस्तार हुनुको अर्को प्रमुख कारण हो भन्न सकिन्छ ।

१३. २०४६ सालपको परिवर्तन पछिका दिनहरुमा नेपाली जनतामा उच्च आकांक्षाहरु पलाएका थिए त्यसप्रति राजनीतिक दलहरु वेखवर भए र राजनीतिको मुलप्रवाहमा रहेका दलहरु शक्ति संघर्षमा र सत्ता प्राप्तीको लडाईंमा समय र शक्ति खेर फाली निष्प्रभावी संयुक्त सरकारको निरन्तर परिवर्तनमा लागि रहनुले पनि माओवादी सशस्त्र विद्रोह/द्वन्द्वलाई नै सहयोग पुग्न गयो ।

१४. जनसमर्थन र हतियार केहि पनि नभएको अवस्थाबाट माओवादीले शुरु गरेको विद्रोह/सशस्त्र द्वन्द्वले केही वर्षहरुभित्रमा नै देशका विभिन्न जिल्ला सदरमुकामहरुमा आक्रमण गर्दै भाग्दै गर्न सफल भए र सक्षम सेनाको निर्माण समेत गरे । त्यसपछि ठूलो संख्यामा पूर्णकालिन योद्धाहरुलाई जनमुक्ति सेनामा परिणत गरे जसका माध्यमबाट स्थानीय जनतालाई नियन्त्रणमा राख्न र राज्यको संयन्त्र स्थानीय तहबाट हटाउन सफल भए ।

१५. माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको खासगरी लडाकु शक्तिको आश्चर्यजनक रुपमा तीव्र बृद्धि र विकास हुनु धेरै सन्दर्भमा स्वाभाविक पनि छ । किनकि एकातिर ग्रामिण क्षेत्रको ठूलो भू–भागमा राज्यको उपस्थिति नहुनु वा दिनानुदिन घट्दै जानु र अर्कोतिर ग्रामिण जनताको स्थानीय प्रशासन तथा प्रहरीसँग सम्बन्ध राम्रो नहुनु वा अस्वस्थकर हुनु पनि हो । जसले गर्दा माओवादी विद्रोहलाई उचाईंमा पुऱ्याउन मद्दत पुग्यो । तत्कालिन शाही नेपाली सेना परिचालन नगरेसम्मको अवधिमा नेपाल प्रहरी एक्लैले माओवादीसँग लड्नु परेकाले सो समयावधिमा प्रहरीले ठूलो क्षति व्यहोर्नु परेको थियो । साथै प्रहरीसँग रहेका हातहतियारहरु ठूलै मात्रमा माओवादीको कब्जामा पुगे ।

१६. १२ वर्षे माओवादी विद्रोह/सशस्त्र द्वन्द्वको अवधिमा पीडित भएका व्यक्तिहरुको यकिन विवरण र संख्या निर्धारण हुन त बाँकी नै छ ता पनि शाही नेपाली सेनाको परिचालन पश्चात व्यक्तिलाई गैर न्यायिक हत्या गर्ने, वेपत्ता पार्ने जस्ता कार्यमा तीब्रता आई मानव अधिकार हननका घटनाहरुमा बृद्धि हुन आएकाले १३,००० भन्दा बढी व्यक्तिहरुले ज्यान गुमाएका र १,००० भन्दा बढी व्यक्तिहरु वेपत्ता पारिएका र करिव ८०० को हाराहारीमा अपाङ्गता बनाईएको तथ्य सर्वत्र स्वीकार्य भएको पाईन्छ ।

१७. २०४६ सालको जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरको थियो तर सत्ता सञ्चालन पद्धती, बानी व्यवहार, विभेद र बहिस्करणको अन्त्य गर्ने कार्यमा थोरै मात्रमा प्रगति भयो जुन शासन प्रणाली र सत्ता टिकाउनका लागि आवश्यक पनि थियो । २०४६ साल पछिको सरकारले भ्रष्टाचार, नाचावाद, कृपावाद र संरक्षणवादलाई समाप्त पार्नुको साटो झन त्यसैलाई नै निरन्तरता दिई मन्त्रीहरुले समेत भ्रष्टाचार गर्नमा प्रतिष्प्रर्धा गरेको देखियो र उनिहरु उपर अख्तियारले मुद्दा समेत चलायो । परम्परागत काठमाण्डौ केन्द्रित राजनीतिको शैलीले नै निरन्तरता पायो र विकेन्द्रिकरण नगरी उपत्यका बाहिरलाई केवल राजस्व संकलन र श्रोत परिचालनका रुपमा मात्र सीमित गरियो ।

१८. मिति २०६३।०८।०५ गते तत्कालिन सरकार र ने.क.पा.(माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र बेपत्ता नगरिकहरुको स्थिति सार्वजनिक गर्ने भनी सहमती गरिएको थियो । तर साढे पाच वर्ष वित्दा समेत उक्त प्रतिवद्धता कार्यान्वयन हुन नसक्नुले विस्तृत शान्ति सम्झौताको कमजोरीको उदाहरणका रुपमा चित्रण गर्न सकिन्छ । साथै उक्त सम्झौता अनुसार सत्य निरुपण तथा मेलमिलाप आयोग समेत गठन गर्ने प्रतिवद्धता जनाएको थियो त्यो समेत हालसम्म गठन नगर्नुले पीडतहरुले न्याय पाउनबाट बञ्चित भएका छन् भने पीडकहरुले उन्मुक्ति पाईरहेका छन् । यसले गर्दा देशमा दण्डहीनताको संस्कृति मौलाउने काम भएको छ ।

१९. राजतन्त्र विरोधी सङ्घर्षले राष्ट्रव्यापी रुप लियो र त्यसले अन्ततः माओवाली सहितको शान्तिपूर्ण जनक्रान्तिको स्वरुप ग्रहण गर्न पुगेर नेपालको २४० वर्षदेखि नेपालमा शासन गर्दै आएको शाही राजतन्त्रलाई नेपाली जनताको आँधीबेहरीपूर्ण संघर्षका सामु झुक्न बाध्य बनायो, राजा ज्ञानेन्द्र आफैले विघटन गरेको प्रतिनिधिसभाको पुनर्स्थापना गर्न बाध्य भए । २०४७ सालको संबिधान खारेज गरियो र अन्तरिम संविधानको निर्माण गरी अन्तरिम व्यवस्थापिका संसदको माध्यमबाट अन्तरिम सरकारको गठन गरी त्यही मार्फत ऐतिहासिक संबिधानसभाको निर्वाचन समेत सम्पन्न गरियो । साथै संबिधानसभाको पहिलो बैठकबाट राजतन्त्रलाई सदाका लागि विदा गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण गरिसकेको छ ।

२०. विगत १२ वर्षे माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको समयमा भए गरिएका मानवता विरोधी अपराधीका दोषीहरुलाई कानूनी कारवारी गर्न र देशमा मौलाई रहेको दण्डहीनताको

संस्कृति अन्त्यका लागि र भविष्यमा पनि कसैले अपराधिक कृयाकलाप गर्ने हिम्मत गर्न नसकोस भनी समयमै सचेत भई सर्बोच्च अदालतबाट मिति २०६३।०२।१८ गते माननीय न्यायाधीशद्वय श्री खिलराज रेग्मी र श्री कल्याण श्रेष्ठको संयुक्त ईजलाशबाट चक्र बहादुर कटुवाल समेतको हकमा परेका बन्दीप्रत्यक्षीकरण मुद्दामा नेपाल सरकारका नाममा पीडित पक्षलाई तत्काल आवश्यक राहत स्वरुप रकम दिने र पीडकको हकमा वर्तमान समयमा कानुनको अभावले गर्दा कारवाही गर्न नसकिने देखिंदा त्यस्ता अपराधहरुलाई अन्तराष्ट्रिय कानुनी मापदण्ड अनुसार संबोधन हुने गरी कानुन बनाउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश समेत जारी भएको पाईन्छ।

## ५.२ सुझावहरु

१. माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको व्यवस्थापन गरेर मात्र हुँदैन यसलाई छिटो भन्दा छिटो रुपान्तरणका माध्यमबाट समाधान नै गरिनु पर्दछ।

२. देशमा राजनीतिक परिवर्तन भै लोकतान्त्रिक गणतन्त्रको समेत स्थापना भएकाले त्यसको अनुभूती नेपाली जनतालाई गर्न दिनु पर्दछ, अन्यथा जनतामा असन्तुष्ट बढ्न गई पुनः राजनैतिक परिवर्तनका लागि अर्को आन्दोलन गर्नु नपरोस।

३. नेपाली जनता सार्वभौमसत्ता सम्पन्न भएकाले जनतालाई केन्द्र विन्दुमा राखेर सदियौंदेखि देशमा रहेका विभिन्न समस्याहरुको समधान गर्न जनमुखी संबिधानको निमार्ण गरी जारी गरिनु पर्दछ।

४. संबिधानसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनैतिक दलहरु एक आपसमा समझदारी, सहयोग, समन्वय एवं सद्भाव र सहकार्यका साथ अगाडि बढेर समस्याको समाधान गरिनु पर्ने देखिन्छ।

५. शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि, नयाँ नेपालको निमार्ण गर्न, संबिधानसभाबाट नयाँ संबिधान जारी गर्न र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नका लागि प्रमुख राजनैतिक दलहरु कार्यसूचीमा राखेर सबै राजनैतिक दलहरुले समृद्ध नेपालको निर्माणका लागि अग्रसर हुनु पर्दछ।

६. **सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता सम्बन्धी आयोग** हालसम्म पनि गठन नगर्नुले देशमा दण्ड हीनताको संस्कृतिले प्रश्रय पाएको छ र द्वन्द्वका समयमा पीडित हुन पुगेका जनताहरुले न्याय पाउन सकेका छैनन भने तत्कालीन अवस्थाका पीडकहरु पहिचान

गरी उनीहरुलाई जीम्मेवार वनाई उनीहरुलाई कानूनी दायरामा ल्याई कारवाहीको भागीदार बनाउनु पर्ने हुन्छ र पीडितका परिवासजनलाई उचीत क्षतिपूर्ति राज्यले दिनु पर्ने हुन्छ ।

७. जुन समाजमा दमन, शोषण, अन्याय अत्याचार, गरिवी सामन्तीसोंच तथा परम्परागत मुल्य र मान्यताहरु रहेका हुन्छन् र समय सापेक्ष रुपमा राजनीतिक, आर्थिक, समाजिक, सांस्कृतिक परिवर्तन हुँदैन त्यहाँ परिवर्तनका लागि संघर्ष, विद्रोह वा द्वन्द्व हुन्छ ।

९. नेपालमा शान्ति र न्यायको सुनिश्चितताका लागि तदर्थवादलाई नअंगाली संक्रमणकालीन न्यायको व्यापक अवधारणालाई अंगाल्नु आवश्यक छ । विगत विद्रोह /सशस्त्र द्वन्द्वका समयमा मानव उल्लंघनका घटना के कसरी कहाँ कहाँ किन घटे भनी सत्य तथ्य पत्ता लगाउनका लागि शक्ति सम्पन्न आयोगको गठन गर्नु पर्दछ जसले गर्दा भविष्यमा यस्ता भयावह घटनाहरु नदोहोरिउन् । साथै वेपत्ता नागरिकहरुको स्थिति पनि सार्वजनि हुनै पर्दछ । अपराधीहरुको सुनुवाई सामान्य अदालत अर्थात राष्ट्रिय अदालतबाट गरिनु पर्दछ र आममाफी दिईनु हुँदैन ।

१०. सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरु उपर कडा भन्दा कडा कानूनी कारवाही गरी दण्डित गरी दण्डहीनताको नाम नामेसी रहन दिनु हुँदैन र नातावाद, कृपावादको संस्कारलाई पूर्ण रुपमा अन्त्य गरीसक्षम र योग्यतालाई प्राथमिकता दिनु पर्दछ ।

११. देशमा विद्यमान सामन्ती भूस्वामित्वको अन्त्य गरी वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्नु पर्दछ र हरेक क्षेत्रमा रहेका सामन्तवादी सोंच र चिन्तनलाई समाप्त पार्नका लागि सामान्तवादका सबै स्वरुपहरुको अन्त्य गरी राजनीतिक, आर्थिक एवं सामाजिक रुपान्तरणका लागि आवश्यक कार्यक्रमहरु तय गरी लागू गर्नु पर्दछ ।

१२. वर्गीय, जतिय, भाषिक, लैङ्गिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गरी महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय,पिछडिएका क्षेत्र लगायतका समस्याहरुलाई समाधान गर्न राज्यको वर्तमान केन्द्रिकृत र एकात्मक ढाँचाको संरचनाको अन्त्य गरी राज्यको पुनर्संरचना गरी सबै जात जाति भाषा भाषीहरु सबैलाई राज्यका हरेक निकाय र अङ्गमा समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था गरिनु पर्दछ ।

१३. विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक

सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार राजनीतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेही, जनसहभागीता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रको अवधारणालाई पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरिनु पर्दछ ।

१४. सुकुम्वासी, कमैया, हलिया, हरवाचरवा लगायतका आर्थिक एवं सामाजिक रुपले पछाडि परेका वर्ग वा समुदायलाई जग्गा लगायत आवश्यक आर्थिक, सामाजिक सुरक्षाको प्रवन्ध राज्यबाट गरिने नीतिको व्यवस्था गर्नुका साथै आम नागरिकको शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुताको अधिकार स्थापित गर्ने कार्य समेत राज्यले गर्नु पर्दछ ।

१५. राष्ट्रिय उद्योगधन्दा तथा साधन र श्रोतको संरक्षण र प्रवर्धन गरी देशको आर्थिक,सामाजिक तथा सांस्कृतिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो सम्मुन्नत र आर्थिक रुपले समृद्धशाली बनाउन एक साझा विकासको अवधारणा सहितको दीर्घकालिन नीति बनाई लागू गर्नु पर्दछ ।

१६. श्रमिकका पेशागत अधिकारहरुको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागि लगानी बृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरुको व्यापक बृद्धि गर्ने नीति तय गर्नु पर्दछ ।

१७. तत्कालिन माओवादी विद्रोह/सशस्त्र द्वन्द्वमा समयमा विद्रोही पक्षबाट र राज्यपक्षबाट गरिएका सर्वसाधारण नागरिकहरुको धनजाको लुटपाटको तथा आगजनिको लेखाजोखा समेत खोजविन गरी उनिहरुलाई आन्तरिक रुपमा विस्थापित गराईएकोमा अव सबैभन्दा छिोटो घर फर्कने वातावरण तयार पारी आवश्यक सहयोग राज्यबाट गरिनु पर्दछ । साथै लुटिएको धनसम्पत्ति फिर्ताको योजना बनाईनु पर्दछ र सोही मुताविक कार्ययोजना बनाई कार्यान्वयन गरिनु पर्दछ ।

१८. नेपाली समाजमा शुरु भएको जनक्रान्तिको प्रक्रिया अहिले पनि जारी नै छ, यो शान्ति प्रकृयालाई अन्तिम रुप दिने, राज्यको पुनर्संरचना गर्ने, नयाँ लोकतान्त्रिक र जनचाहना अनुरुपको संबिधान निर्माण गरी देशको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक परिवर्तन गर्दै सामन्तवादका अवशेषहरुलाई उन्मूलन गरी जनतालाई परिवर्तनको महशुसको आभाष दिलाई संक्रमणकाललाई छिटो भन्दा छिटो अन्तिम टुङ्गोमा पुऱ्याउनु पर्ने दायित्व प्रमुख राजनीतिक दलहरुको काँधमा जीम्मेवारी र अविभारा आएको छ ।

१९. साथै नेपाल सरकारले रोम विधानलाई अनुमोदन गरी त्यसको पक्ष राष्ट्र बन्नु पर्दछ ता कि भविष्यमा मानव अधिकारको उल्लंघन कर्तालाई अन्तर्राष्ट्रिय अदालतमा समेत मुद्दा चलाउन सकियोस र देशमा न्यायपूर्ण समाजको स्थापना हुन गै जनतामा न्याय प्रति नै विश्वास र भरोसा उत्पन्न होस् ।

# सन्दर्भसूची


उप्रेती, डा. बिष्णु राज (२०६१), *नेपालमा माओवादी सशस्त्र द्वन्द्व कारण, असर र समाधानका प्रयासहरु,* काठमाण्डौ, भृकुटी एकेडेमी पब्लिकेशन्स

उप्रेती, डा.बिष्णु राज (२०६२), *द्वन्द्व व्यवस्थापन,* काठमाण्डौ, भृकुटी एकेडेमी पब्लिकेशन्स

के.सी., सुरेन्द्र (२०५६), *नेपालमा कम्युनिष्ट आंन्दोलनको इतिहास (पहिलो भाग) द्वितीय संस्करण,* काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, रेवतीरमण (२०६२) *राजनीति सुकुमाकर,* श्रीमती सरस्वती खनाल

गौतम, गोविन्दराज (२०६०), *नेपालको राजनितिमा संकटकालः संवैधानिक व्यवस्था र मानव अधिकारको स्थिति एक विश्लषण, अनुसन्धान प्रतिवेदन,* अनुसन्धान समिति, पोखरा, पृथ्वी नारायण क्याम्पस,

ढुङ्गाना, रामचन्द्र (२०५७), *संक्षिप्त नेपाली कोश,* काठमाडौं, साझा प्रकाशन

थापा, सूर्य (२०६२), *नेपालमा राजतन्त्र र दलहरु बीचको संघर्ष,* काठमाडौं, नवयूग प्रकाशन प्रा.लि. ।

दीक्षित, कुन्द (२०६४), *लडाइँमा जनता,* काठमाडौं, नेपा–लय प्रा.ली.

दाहाल, गिरधारी (२०६२), *सुदृढ नेपालको निम्ति राज्यको पुनः संरचना, जर्नल अफ पोलिटिकल साईन्स, भोलम-IX* पोखरा, पृथ्वीनारायण क्याम्पस, राजनीतिक शास्त्र विभाग,

*नेपाल मानव अधिकार वर्ष पुस्तक* (२०५२), काठमाडौं, इन्सेक

*द्वन्द्वपीडित पाश्वचित्र, मानव अधिकार स्थिति सूचक,* वर्ष १८, अङ्क २ (२०६७), काठमाडौं, इन्सेक

*नेपाल अधिराज्यको संविधान (२०४७),* काठमाडौं, श्री ५ को सरकार, कानुन तथा न्याय मन्त्रालय , कानुन किताव व्यवस्था समिति

*नेपाली वृहत शब्दकोश (२०५६)* , काठमाडौं, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान,

नेपाल सरकार (२०६५), *तथ्य र तथ्यांक,* काठमाण्डौ, शान्ति तथा पुनर्निमाण मन्त्रालय

*नेपाल सरकार र नेपाल कम्युनिष्टपार्टी (माओवादी) बीच भएको विस्तृत शान्ती सम्झौता २०६३, ( अनूसूचीहरु सहित),* काठमाण्डौ, शान्ति सचिवालय

*नेपालको अन्तरिम संबिधान (२०६३) (टिप्पणी सहित),* काठमाण्डौ, प्रेरणा प्रकाशन

*नेपालमा वेपत्ता भएका व्यक्तीहरुः वेपत्ता भएकाबारे जान्न पाउनु एक अधिकार (२०६६),* काठमाडौं, रेडक्रसको अन्तराष्ट्रिय समिति

*नेपालको सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सम्बन्धी* प्रतिवेदन (२०६५), राष्ट्रिय मानव अधिकार आयोग

नेपाली, सोमबहादुर (२०६१), *नेपालमा राजनैतिक द्वन्द्व,* अनुसन्धान प्रतिवेदन, अनुसन्धान समिति, पोखरा, पृथ्वी नारायण क्याम्पस

पराजुली, लोकनाथ (२०६४), *शाही शासन कालमा बन्दीप्रत्यक्षीकरणको अवस्था, अनुसन्धान प्रतिवेदन, अनुसन्धान समिति,* पोखरा, पृथ्वी नारायण क्याम्पस

पोखेल, हरिराज (२०६०), *नेपालमा संकटकाल पछिको राजनैतिक अवस्था : एक अध्ययन अनुसन्धान प्रतिवेदन,* अनुसन्धान समिति, पोखरा, पृथ्वी नारायण क्याम्पस

पौडेल, अग्नीधर (२०६२), *संक्रमण कालिन नेपाल : निर्णायक राजनैतिक मोडमा जर्नल अफ पोलिटिकल साईन्स, भोलम-IX*, पोखरा, पृथ्वीनारायण क्याम्पस, राजनीतिक शास्त्र विभाग

बराल, उमानाथ (२०५९), *नेपालको राजनीतिक द्वन्द्व र यसको व्यवस्थापन, जर्नल अफ पोलिटिकल साईन्स, भोलम V–VI,* पोखरा, पृथ्वीनारायण क्याम्पस, राजनीतिक शास्त्र विभाग

बराल, उमानाथ (२०६२) *जनआन्दोलन - २ को सन्देश: संविधान सभा, समावेशी लोकतन्त्र र राज्यको पुन: संरचना, जर्नल अफ पोलिटिकल साईन्स, भोलम-IX* पोखरा, पृथ्वीनारायण क्याम्पस, राजनीतिक शास्त्र विभाग

रेग्मी, पद्ममशरण (२०६१), *माघ १९ को शाही कदम: नेपाली राजनितिमा यसको प्रभाव जर्नल अफ पोलिटिकल साईन्स, भोलम-VIII,* पोखरा, पृथ्वीनारायण क्याम्पस, राजनीतिक शास्त्र विभाग

रोय, अनिर्वन (२०६५), *प्रचण्ड एक अज्ञात विद्रोही,* काठमाडौ, युग पब्लिकेसन प्रा.ली.संविधानसभा सदस्य निर्वाचन (२०६४), *निर्वाचन परिणाम पुस्तिका २०६५,* काठमाडौं, निर्वाचन आयोग

शर्मा, आदित्य (२०६३), *माओवादी माग र मान्यताहरु,* काठमाडौं, पैरवी प्रकाशन,

*शन्तिवार्ता वुलेटिन (२०६३),* काठमाण्डौ, शान्ति सचिवालय

*शान्ति शिक्षामाला* (२०६६), काठमाडौं, इन्सेक

*सशस्त्र प्रहरी बल ऐन (२०५८),* काठमाडौं श्री ५ को सरकार, कानुन तथा न्याय मन्त्रालय , कानुन किताव व्यवस्था समिति

श्रेष्ठ, डा. शंकर कुमार(२०५०), *नेपाली कानुनी शब्दकोष* , काठमाडौं, पैरवी प्रकाशन

# अनुसूचीहरु

## अनुसूची–१

तत्कलीन संयुक्त जनमोर्चा नेपालका चालीस सूत्रीय मागहरु

(संजमोको केन्द्रीय प्रतिनिधिमण्डलले तत्कालीन संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर प्रस्तुत गरिएका मागहरु)

२०५२ माघ २१ गते

श्री सम्माननीय प्रधानमन्त्री ज्यु,

प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार काठमाडौं

विषय–ज्ञापनपत्र

महोदय,

२०४६ सालमा जनआन्दोलनको परिणाम स्वरुप निरंकुश राजतन्त्रामक निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भएर राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको स्थापना भएको ६ वर्ष पूरा हुँहैछ । यस बीचमा त्रि–पक्षीय अन्तरिम सरकार, नेपाली कांग्रेसको एकमना सरकारले राज्य सत्ताको सञ्चालन गरिसकेका छन् । परन्तु देश र जनताको स्थिति उँभो लाग्नुको सट्टा दिनहु उँधो लाग्दै गएको कुराको पुष्टि नेपाल संसारको दोश्रो सबभन्दा गरिब देशमा झरेको , निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्याको अनुपात ७१ प्रतिशत पुगेको, पूर्ण बेरोजगारहरुको संख्या १० प्रतिशतभन्दा बढी र अर्ध तथा छद्म बेरोजगारहरुको संख्या ६० प्रतिशतभन्दा बढी पुगेको, विदेशी ऋण र व्यापार घाटा प्रतिवर्ष चुलिंदै गएर देश टाट पल्टने स्थितिमा पुगेको, देशभित्र विदेशीहरु र खासगरी भारतीय विस्तारवादीहरुको आर्थिक र सांस्कृतिक अतिक्रमण दिनहुँ बढ्दै गएको, धनी र गरिब, सहर र गाउँ बीचको फाटो झन् झन् फराकिलो हुँदै गएको आदिबाट हुन्छ । अर्कोतिर यस बीचमा कुनै न कुनै रुपले सरकारमा पुगेका संसदीय पार्टीहरु देश र जनताको हितप्रति समर्पित रहनुको सट्टा विदेशी साम्राज्यवादी तथा विस्तारवादी मालिकहरुको आशिर्वाद प्राप्त गरेर कुर्सीमा टिकिरहने प्रयास मै निर्लिप्त गरहेको कुरा उनीहरु सबैले साम्राज्यवादीहरुले आफ्नो स्वार्थ सिद्ध गर्न तयार गरेको कथित निजीकरण र उदारीकरणको आर्थिक नीति आँखा चिम्लेर स्वीकारगरेको र हालै आएर भारतीय विस्तारवादलाई नेपालको जलसम्पदाको एकाधिकार सुम्पन कथित 'राष्ट्रिय सहमती' कायम गरेकोबाट पुष्टि हुन्छ । यसै क्रममा संयुक्त जनमोर्चा नेपालले २०४८ चैत्र २४ गतेदेखि कहिले

एक्लै त कहिले अन्य पक्षहरुसन्ग संयुक्त भएर राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित तत्कालीन मागहरु पूरा गराउन विभिन्न प्रकारका संघर्षहरु गर्दै आएको छ । तर विभिन्न समयमा बनेका सरकारले ती मागहरु पूरा गर्नुको सट्टा उल्टै आन्दोलनकारीहरुमाथि भीषण दमन गर्ने र सयौं जनाको ज्यान लिने काम गर्दै आए, जसको सबभन्दा नाङ्गो रुप केही महिना पहिले रोल्पामा भएको सशस्त्र प्रहरी अपरेशनमा देखापर्‍यो । यसै सन्दर्भमा कतिपय हामीले पहिलेदेखि उठाउँदै आएका र कतिपय तत्कालीन सन्दर्भमा अत्यावश्यक हुन आएका राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित मागहरु वर्तमान गठबन्धन सरकारसमक्ष पुनः एकपटक निम्नवमोजिम प्रस्तुत गरेका छौं ।

हाम्रा मागहरु

(क) राष्ट्रियतासँग सम्बन्धित मागहरु

१. सन् १९५० को नेपाल–भारत सन्धिलगायतका सम्पूर्ण असमान सन्धि सम्झौताहरु खारेज गरिनुपर्छ ।

२. राष्ट्रघाती टनकपुर सम्झौतालाई ढाकछोप गर्न र नेपालको पम्पूर्ण जलसम्पदामाथि भारतीय विस्तारवादलाई एकाधिकार सुम्पन २०५२ माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकोले उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ ।

३. नेपाल भारत खुल्ला सिमाना नियन्त्रण र व्यवस्थित गरिनुपर्छ । नेपालभित्र भारतीय नम्बर प्लेटका गाडिहरु चलाउन तत्काल रोक लगाउनुपर्छ ।

४. गोरखा भर्तीकेन्द्र रद्द गरिनुपर्छ र नेपालीहरुलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ ।

५. नेपालभित्र विविध क्षेत्रमा कामको निम्ति स्वदेसी कामदारहरुलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारहरुलाई काममा लगाउनुपर्दा 'वर्क परमीट' प्रथा लागू गरिनुपर्छ ।

६. नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पूँजीको आधिपत्य अन्त्य गरिनुपर्छ ।

७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनुपर्छ ।

८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदुषण र अतिक्रमणको हन्त्य गरिनुपर्छ ।

९. एन.जी.ओ./आई. एन.जी.ओ. आदिको नाउँमा देशभित्र साम्राज्यवादी विस्तारवादी घुसपैठको अन्त्य गरिनुपर्छ ।

(ख) जनतन्त्रसँग सम्बन्धित मागहरु

१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरुद्वारा नयाँ संबिधान निर्माण गरिनुपर्छ ।

११. राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त्य गरिनुपर्छ ।

१२. सेना, प्रहरी, प्रशासन पूर्ण रुपले जनताको नियन्त्रणमा हुनुपर्छ ।

१३. सुरक्षा ऐनलगायतका सबै दमनकरी ऐनहरु खारेज गरिनुपर्छ ।

१४. राजनीतिक प्रतिशोधका कारणले झुट्टा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछाप लगायतका जिल्लाहरुका सम्पूर्ण वन्दीहरु तत्काल रिहा गरिनुपर्छ ।

१५. जिल्ला जिल्लामा भइरहेकोसशस्त्र प्रहरी अप्रेसन, दमन र राज्य आतंक तुरुन्त बन्द गरिनुपर्छ ।

१६. विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापा मगर, प्रभाकर सुवेदी लगायतका व्यक्तिहरुको बारेमा निष्पक्ष छानविन गरी अपराधीहरुलाई कडा कारवाही गरिनुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गरिनुपर्छ ।

१७. जन–आन्दोलनको क्रममा मारिएकाहरुलाई सहिद घोषणा गरिनुपर्छ सहिद परिवार तथा घाइते र अपाङ्गहरुलाई उचित क्षतिपूर्ति दिई हत्याराहरुमाथि कडा कारवाही गरिनुपर्छ ।

१८. नेपाललाई धर्म–निरपेक्ष राज्य घोषित गरिनुपर्छ ।

१९. महिलाहरुमाथि समान अधिकार दिनुपर्छ ।

२०. सबै खाले जातिय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ । जनजातिहरुको बाहुल्य भएका क्षेत्रहरुमा ातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ ।

२१. दलितहरुमाथि भेदभाव अन्त्य गरिनुपर्छ । छुवाछुत प्रथा पूर्ण रुपले बन्द गरिनुपर्छ ।

२२. सबै भाषा–भाषीहरुलाई समान अवसर र सुविधा दिइनुपर्छ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ ।

२३. वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ । सरकारी सञ्चार माध्यमहरु पूर्ण रुपले स्वायत्त हुनुपर्छ ।

२४. बुद्धिजीवी,साहित्यकार,कलाकार र सांस्कृतिककर्मीहरुको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ ।

२५. पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ, पिछडिएका इलाकाहरुलाई क्षेत्रीय स्वयत्तता प्रदान गरिनुपर्छ । गाउँ सहरबीच सन्तुलन कायम गरिनुपर्छ ।

२६. स्थानीय निकायहरुलाई अधिकार र साधन सम्पन्न बनाईनुपर्छ ।

(ग) जनजीविकाको प्रश्नसँग सम्बन्धित मागहरु

२७. जमिन जोत्नेको हुनुपर्छ । सामन्तहरुको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरुमा वितरण गरिनुपर्छ ।

२८. दलाल तथा नोकरशाही पूँजीपतिहरुको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ । अनुत्पादक क्षेत्रमा अल्झिएको पूँजीलाई औद्योगिकीकरणमा लगाउनुपर्छ ।

२९. सबैलाई रोजगारीको ग्यारेज्टी गरिनुपर्छ । रोजगारी नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ ।

३०. उद्योग, कृषि लगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरुको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ ।

३१. सुकुम्बासीहरुलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ । वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुम्बासीहरुलाइ उठीबास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ ।

३२. गरिब किसानहरुलाई पूर्ण रुपले ऋण मुक्त गरिनुपर्छ । कृषि विकास बैकबाट साना किसानहरुले लिएको ऋण मिनाहा गरिनुपर्छ । साना उद्योगहरुलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ ।

३३. मल, बीउ सस्तो र सुलभ हुनुपर्छ । किसानहरुलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ ।

३४ बाढी पीडित र सुख्खाग्रस्त क्षेत्रहरुमा उचित राहतको व्यवस्था गरिनुपर्छ ।

३५. सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ । शिक्षा क्षेत्रमा व्याप्त व्यापारिकरणको अन्त्य गरिनुपर्छ ।

३६. महँगी नियन्त्रण बन्द गरिनुपर्छ । महँगीको अनुपातमा ज्याला बृद्धि गरिनुपर्छ र दैनिक उपभोगका वस्तुहरु सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ ।

३७. गाउँगाउँमा खानेपानी,बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ ।

३८. कुटीर तथा साना उद्योगहरुलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ ।

३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घुसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्छ ।

४०. अनाथ, अपाङ्ग, बृद्ध र बालबालिकाहरुकोउचित संरक्षणको व्यवस्था गरिनुपर्छ ।

नेपाल राष्ट्र र जनताको जीवनसँग अत्यावश्यक रुपले जोडिएका उपरोक्त मागहरु यथाशिघ्र पूरा गर्नेतर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकारसमक्ष हाम्रो हार्दिक आग्रह छ । आगामी २०५२ फागुन ५ गतेसम्म सरकारको तर्फबाट यसबारे कुनै सकारात्मक पहल नभएमा हाम्रो  विद्यमान राज्यसत्ताको बिरोधमा सशक्त सङ्घर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौं ।

धन्यवाद

डा. बाबुराम भट्टराई

अध्यक्ष

केन्द्रीय समिति, संयुक्त जनमोर्चा,नेपाल

श्रोतः–शर्मा,आदित्य माओवादी माग र मान्यताहरु, पैरवी प्रकाशनःकाठमाण्डौ ।

# अनुसूची–२

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सात राजनीतिक दलबीच भएको १२ बुँदे समझदारीपत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्र (Domocracy) बीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरुको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसदभित्रका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं ।

समझदारी भएका बुँदाहरु

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निमित्त प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं । निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरंकुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरुले निरंकुश राजन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने सझदारी भएको छ ।

२. आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र

प्रतिवद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा सम्बाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिवद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

४. प्रतिश्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.(माओवादी) ले आफ्नो प्रतिवद्धता प्रष्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरु अघि बढाउने प्रतिवद्धता व्यक्त गरेको छ ।

५. ने.क.पा. (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरुको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरुलाई निर्वाध ढङ्गले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती कमजोरीहरुको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा. (माओवादी) ले प्रतिवद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अव त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त भएको छ ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्य मान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिवद्धता गरिएको छ ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आव्हान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरु नै राष्ट्रियताका वास्तविक पहरेदार हुन । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरु पूर्णरुपले प्रतिवद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसंग मैत्री सम्बन्धर छिमेकी मुलुकहरु खासगरी भारत र चीनसंग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरुले मण्डले राष्ट्रबादको हौवा खडा गर्ने र राजनीतिक दलहरुको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरु र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथदिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ-संगठनहरु सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजिवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक आव्हान गर्दछौं ।

१२. विगतमा दलहरुबीच भएका अनुपयुक्त व्यवहारको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानविनको माग गरेका घटनाहरुको सम्बन्धमा छानविन गर्ने र दोषी पाइएमा दोषीलाई कारवाही गरी सार्वजनिक रुपमा जानकारी गराउने साझा प्रतिवद्धता व्यक्त भएको छ । अब

उप्रान्त दलहरुबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्बादको माध्यमबाट समस्याहरुको समाधान गर्ने समझदारी भएको छ ।

मिति : २०६२ मंसिर ७ गते

श्रोतः शान्तिवार्ता बुलटिनःशान्ति सचिवाल, सिंहदरवारः काठमाण्डौ ।

# अनुसूची–३

## सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको दोश्रो समझदारी–पत्र

नेपालमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरु र ने.क.पा.(माओवादी) वीच गत २०६२ मंसिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन र राष्ट्रिय स्वाधिनताका ऐतिहासिक १२ बुँदे समझदारी कायम भएको कुरा सर्वविदितै छ । सो १२ बुँदे समझदारीपछि देशमा तीब्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणाम स्वरुप निरंकुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्णरुपले असफल भएबाट सो समझदारी आाम जनसमुदायबाट अनुमोदित भैसकेको कुरामा कुनै शंका रहन्न । साथै सो समझदारीप्रति अन्तर्राष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ । यो स्थितिमा यो समझदारीको सबै पक्षबाट दृढतापूर्वक कार्यान्वयन गर्नका निम्ति पुनः दृढ प्रतिवद्धता व्यक्त गर्दछौं ।

यहाँ हामी पुनः स्मरण गराउन चाहन्छौं कि “आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापना गर्न र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतीका आधारमा संबिधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संबिधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. ( माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतीको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।”

उक्त प्रक्रियागत आधारमा हुने संबिधान सभाको निर्वाचन मार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्णरुपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नको निमित्त चालु शान्तिपूर्ण आन्दोलनको कार्यक्रमहरुमा सक्रिय रुपले सहभागी भएर सफल पार्न हामी

सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरु, नागरिक समाज, पेशागत समूह, जनवर्गीय संगठनहरु, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरु र आम जनसमुदायमा हार्दिक अपील गर्दछौं । त्यसरी नै नेपालमा निरंकूश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा शान्ति बहाली गर्ने राजनीतिक दलहरुको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपील गर्दछौं ।

| | |
|---|---|
| ...................... | ...................... |
| (गिरिजाप्रसाद कोइराला) | (अमृतकुमार बोहरा) |
| सभापति | का.वा. सभापति |
| नेपाली कांग्रेस | ने.क.पा. (एमाले) |
| ...................... | ...................... |
| (शेरबहदुर देउवा) | (लिलामणि पोखरेल) |
| सभापति | उपाध्यक्ष |
| नेपाली कांग्रेस (प्रजातान्त्रिक) | जनमोर्चा नेपाल |
| ...................... | ...................... |
| (नारायणमान विजुक्छे) | (राजेन्द्र महतो) |
| अध्यक्ष | महामन्त्री |
| नेपाल मजदूर किसान पार्टी | नेपाल सद्भावना पार्टी |

......................

(नन्दकुमार प्रसाई)

अध्यक्ष

संयुक्त वाममोर्चा

श्रोतः ऐ. ऐ.

# अनुसूची–४

श्री ५ ज्ञानेन्द्रको वैशाख ११, २०६३ को सम्बोधन

प्यारा देशवासीहरु,

नेपाल अधिराज्यको राज्यशक्तिको श्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरुको समाधान गर्न तत्कालिन प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको संबिधान २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधि सभालाई यसै घोषणा मार्फत पुनस्थापित गरिबक्सेका छौं । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवम् समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी वहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरुलाई आह्वान गर्दछौं । पुनस्थापित प्रतिनिधि सभाको बैठक २०६३ साल बैशाख १५ गते शुक्रवार दिनको १ बजे संसदभवन, सिंहदरवारमा बस्ने गरी आह्वान गरीबक्सेका छौं ।

नेपाल र नेपालीको बृहत्तर हित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ ।

जनआन्दोलनमा जीवन गुमाएका प्रति समवेदना र घाइते एवम् आहत भएका सबैप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल

श्रोतः ऐ. ऐ.

# अनुसूची–५

२०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा,२०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिता प्रति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै, शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल-नेकपा (माओवादी) बीचको बाह्रबुँदे समझदारी अनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनर्संरचना सहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने संकल्प गर्दै, मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै, "राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत् अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याहरुको समाधान गर्न" २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिहरुलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिहरुलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरु प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ, र राज्यशक्ति यही प्रतिनिधिसभा मार्फत् प्रयोग हुने भएकोले देहायको घोषणा गर्दछ -

१. व्यवस्थापिकाका सम्बन्धमा

१.१ नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ । कानून निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ ।

१.२ संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

१.३ प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहाय बमोजिम हुनेछ -

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिशमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रनिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ ।

१.४ प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ ।

२. कार्यकारिणीका सम्बन्धमा

२.१ नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ । "श्री ५ को सरकार"लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ ।

२.२ प्रतिनिधिसभा सदस्य नरहेका व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन् ।

२.३ मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ । मन्त्रिपरिषद् र मन्त्रीहरु सामूहिक रुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन् । प्रशासन, सेना, प्रहरी लगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन् ।

२.४ सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ ।

३. सेनाका सम्बन्धमा

३.१ "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ ।

३.२ राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

३.३ नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

३.४ सेनाको परमाधिपति सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ ।

३.५ सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।

४. राजपरिषद्का सम्बन्धमा

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरे बमोजिम हुनेछ ।

५. राजदरवार सम्बन्धमा

५.१ राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

५.२ श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ ।

५.३ श्री ५ को निजी सम्पत्ति र आयमाथि कानून बमोजिम कर लाग्नेछ ।

५.४ श्री ५ बाट भए गरेका कामहरुका वारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइने छ ।

५.६ राजदरवारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरे बमोजिम हुनेछ ।

६. मुलकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिने छ ।

७. प्रचलनमा रहेको “राष्ट्रिय गान” लाई बैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।

८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।

९. विविध

(क) राज्यका सवै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यस प्रति निष्ठावान रही सवैले आ-आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधिसभाबाट तोकिएको ढांचामा तोकिएको शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासंग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनैपनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ङ) उपरोक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहने छ ।

श्रोतः ऐ. ऐ.

# अनुसूची–६

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३।२।१२ मा गोकर्णमा सहमती भएको युद्धविराम आचार-संहिता

प्रस्तावना

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै; मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै, सात राजनीतिक दल एवं ने.क.पा. माओवादीबीच भएको १२ बुँदे समझदारीलाई पूर्णरुपले पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै; प्रतिस्पर्धात्मक वहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै; नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभाव विना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै, नेपाल सरकार र ने.क.पा.माओवादीवीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरुप देहायको आचार संहिता जारी गरिएको छ :

भयमुक्त नागरिक जीवनको सुनिश्चितता

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन विछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ति नगर्ने तथा सुराकी नगर्ने ।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।

५. हात हतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकता अनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

जनतामा विश्वासको वातावरण निर्माण

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्ब्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने ।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरुले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको वाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दवाव नदिने ।

जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा

८. युद्ध विराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरु नगर्ने । तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरु गर्न सकिने ।

९. जनताका आधारभूत सेवा र सुविधा निर्वाधरुपले संचालन हुन दिने ।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडी बढाउने कुरामा कुनै वाधा व्यवधान नपुऱ्याउने ।

११ खाद्यान्न, औषधि, विकास निर्माणका सामग्रीहरु तथा दैनिक उपभोगका वस्तुहरु ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने ।

शिक्षण संस्था, अस्पताल तथा औद्यौगिक प्रतिष्ठानहरुको सुसञ्चालन

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरु तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरुपले संचालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग

१३. युद्धविराम, आचार संहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

१४. संचार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने

१५. कसैको इच्छा विपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

रिहाई र पुनर्स्थापन

१६. विभिन्न व्यक्तिहरुमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरुलाई रिहाई गर्दै जाने ।

१७. वेपत्ता नागरिकहरुको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

१८. विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने ।

१९. द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

वार्ता सहजीकरण

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरुको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने ।

अनुगमन

२१. दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

विविध

२२. आचार संहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको सामाधान गरिने ।

२३. प्रस्तावनाको भावना अनुरुप यो आचार संहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने।

२४. यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

२५. आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने ।

| | |
|---|---|
| नेकपा(माओवादी)का तर्फबाट | नेपाल सरकारका तर्फबाट |
| नाम : कृष्णबहादुर महरा | नाम :कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।२।१२ | मिति : २०६३।२।१२ |

श्रोतः ऐ. ऐ.

# अनुसूची–७

प्रेस वक्तव्य

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ । बैठकमा सहमति भएका बुँदाहरु निम्नप्रकार छन-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचार संहितालाई दृढता र इमान्दारीताका साथ कार्यान्वयन गर्ने ।

२. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै तदनुरुप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने ।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्र संघलाई अनुरोध गर्ने ।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक धिकारहरुको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरुप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरु विघटन गर्ने ।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरुमा सहमतिका आधारमा निर्णय लिने ।

६. नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभाव विना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने । निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने ।

७. संविधान सभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरुको समाधान गर्ने गरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने । लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्ने ।

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरुसंग सम्बन्धित सबै कार्यहरु अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ ।

ने.क.पा. (माओवादी)का तर्फबाट
प्रचण्ड
अध्यक्ष
ने.क.पा. (माओवादी)

सात राजनीतिक दलको तर्फबाट
श्री गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री तथा सभापति
नेपाली कांग्रेस
श्री माधाव कुमार नेपाल
महासचिव
ने.क.पा. (एमाले)
श्री शेर बहादुर देउवा
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)
श्री अमिक शेरचन
उप–प्रधानमन्त्री तथा
अध्यक्ष जनमोर्चा नेपाल
श्री नारायणमान विजुक्छे
अध्यक्ष
नेपाल मजदूर किसान पार्टी
श्री भरत विमल यादव
उपाध्यक्ष
नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
श्री प्रभुनारायण चौधरी
मन्त्री तथा अध्यक्ष
वाममोर्चा नेपाल

मिति : २०६३।०३।०२ गते ।
श्रोतः ऐ. ऐ.

# अनुसूची–८

## संयुक्त राष्ट्र सङ्घसमक्ष नेपाल सरकारद्वारा प्रेषित पाँच बुँदे पत्र

Excellency,

I Have the honour to my letter dated July 2, 2006 requesting the cooperation of the United Nations in the ongoing peace process in Nepal . In this context, I am happy to acquaint you that aUnited Nations team, which left Kathmandu a week ago, held extensive yet fruitful consultations with all concerned stakeholders of peace process here in Nepal . The UN team, as I understand, is likely to submit its report to you on Nepal.

In the mean time, Excellency, I wish to inform you that further to the Eight- Point understanding between the Seven Party Alliance (SPA) and the Communist Party of Nepal -Maoist) -CPN-M) of June 16, 2006 and the commitment expressed by the Government of Nepal -GON) to the Agreement , the GON and the CPN-M hereby request the United Nations to provide its assistance as follows with a view to creating a free and fair atmosphere for the eledtion of a Constituent Assembly and the entire peace process :

1. Continue its human rights monitoring through the Office of the High Commissioner for Human Rights in Nepal ) -OHCHR,Nepal)
2. Assist the monitoring of the Code of Conduct during the Ceasefire.
3. On the basis of the agreement to seek UN assistance in the “the management of arms and armed personnel of both the sides”, deploy qualified civilian personnel to monitor and verify the confinement of CPN-M combatants and their weapons within designated cantonment areas. Later the modalities for all arrangements, including of arms and ammunitions, will be worked out among the parties and the UN.
4. Monitor rhe Nepal Army to ensure that it remains in its barracks and its weapons are not used for or against any side. The modalities will be worked out among the parties and the UN.
5. Provide election observation for the election of the Constituent Assembly in consultation with the parties.

Please accept, Excellency, the assurances of my highest consideration.

Excellency Kofi A. Annan (G.P. Koirala)

Secretary General,

United Nations, NY

United States of America

श्रोतः नेपाल सरकार र नेपाल कम्युनिष्टपार्टी(माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता, २०६३ (अनुसूचीहरु सहित):शान्ति समिति,शान्ति सचिवालय, सिंहदरवार:काठमाण्डौ ।

# अनुसूची–९

## संयुक्त राष्ट्र सङ्घसमक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी)द्वारा प्रेषित पाँच बुँदे पत्र

Excellency,

I Have the honour to my letter dated July 24, 2006 requesting the cooperation of the United Nations in the ongoing peace process in Nepal . In this context, I am happy to acquaint you that aUnited Nations team, which left Kathmandu a week ago, held extensive yet fruitful consultations with all concerned stakeholders of peace process here in Nepal . The UN team, as I understand, is likely to submit its report to you on Nepal.

In the mean time, Excellency, I wish to inform you that further to the Eight- Point understanding between the Seven Party Alliance -SPA) and the Communist Party of Nepal -Maoist) -CPN-M) of June 16, 2006 and the commitment expressed by the Government of Nepal -GON) to the Agreement , the GON and the CPN-M hereby request the United Nations to provide its assistance as follows with a view to creating a free and fair atmosphere for the eledtion of a Constituent Assembly and the entire peace process :

1. Continue its human rights monitoring through the Office of the High Commissioner for Human Rights in Nepal ) -OHCHR,Nepal)
2. Assist the monitoring of the Code of Conduct during the Ceasefire.
3. On the basis of the agreement to seek UN assistance in the “the management of arms and armed personnel of both the sides”, deploy qualified civilian personnel to monitor and verify the confinement of CPN-M combatants and their weapons within designated cantonment areas. Later the modalities for all arrangements, including of arms and ammunitions, will be worked out among the parties and the UN.
4. Monitor rhe Nepal Army to ensure that it remains in its barracks and its weapons are not used for or against any side. The modalities will be worked out among the parties and the UN.
5. Provide election observation for the election of the Constituent Assembly in consultation with the parties.

Please accept, Excellency, the assurances of my highest consideration.

Excellency Kofi A. Annan
Secretary General,
United Nations, NY
United States of America

(Prachanda)
Chairman,
Central Committee
CPN (Maoist)

श्रोतः ऐ. ऐ.

# अनुसूची–१०

## नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता

प्रस्तावना

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै, सात राजनीतिक दल र ने.क.पा.(माओवादी) वीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २५ बुँदे आचारसंहिता, २०६३ साल कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठकका निर्णयहरु लगायत नेपाल सरकार र ने.क.पा.(माओवादी) वीच सम्पन्न सवै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्र संघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिवद्धताको पुनर्पुष्टि गर्दै, देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्दै, प्रतिष्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्यमान्यता प्रतिको पूर्ण प्रतिवद्धतालाई दोहोऱ्याउदै, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै, २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै, संविधान सभामार्फत् नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रुपान्तरण गर्न दुबै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै, नेपाल सरकार र नेकपा (

माओवादी)का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिवद्धताकासाथ नेपाल सरकार र नेकपा (माओवादी)का बीच यो विस्तृत शान्ति संझौता सम्पन्न गरिएको छ ।

१. प्रारम्भिक

१.१ यस सम्झौताको नाम " विस्तृत शान्ति सम्झौता, २०६३" रहेको छ । छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिने छ ।

१.२ यो संझौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणा मार्फत् आजैका मितिदेखि लागु हुनेछ ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने गराउने छन् ।

१.४ अनुसूचीमा सङ्लग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्ष बीच भएका सबै सहमति, समझदारी, आचारसंहिता र निर्णयहरु यस सम्झौताको अभिन्न अङ्ग मानिने छन् ।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकता अनुसार पछि गरिने सहमति र सम्झौताहरु पनि यसैका अंग मानिने छन् ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :-

(क) "युद्धविराम" भन्नाले नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच एक अर्कालाई लक्षित गरी रिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरुको परिचालन, सुदृढीकरण, आक्रामक एवं हिंसात्मक कारवाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ ।

(ख) "अन्तरिम संविधान" भन्नाले संविधान सभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मको लागि जारी गरिने "नेपालको अन्तरिम संविधान २०६३" लाई जनाउँछ ।

(ग) "अन्तरिम मन्त्रीपरिषद्"भन्नाले अन्तरिम संविधान बमोजिम गठन हुने "अन्तरिम मन्त्रीपरिषद्"लाई जनाउँछ ।

(घ) "दुवै पक्ष"भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ

(ङ) "प्रचलित कानुन" भन्नाले नेपालको अन्तरिम संविधान २०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ । तर यस परिभाषाले अन्तरिम संविधान २०६३ जारी हुनु अघिको कानुनी व्यवस्थालाई वाधा पुऱ्याउने छैन ।

(च) 'प्रमाणीकरण' भन्नाले संयुक्त राष्ट्र संघले सेना, लडाकु र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ ।

३. राजनीतिक -आर्थिक- सामाजिक रुपान्तरण र द्वन्द्व व्यवस्थापन :

दुबै पक्ष देहायबमोजिम राजनीतिक-आर्थिक- सामाजिक रुपान्तरणको नीति तथा कार्यक्रम अवलम्वन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढङ्गले व्यवस्थापन गर्न सहमत छन्

३.१. २०६३ कार्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरुको बैठकका निर्णयहरु (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने ।

३.२ अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका-संसद गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपमा संविधान सभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यवहारिक प्रत्याभूति गर्ने ।

३.३ मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा नरहने । स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने । राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरु (जस्तै विभिन्न स्थानका दरबारहरु, वन तथा निकुञ्जहरु, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु आदि) राष्ट्रियकरण गर्ने । राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण वहुमतले टुंगो लगाउने ।

३.४ विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरुको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्वन गर्ने ।

३.५ वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति,मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय,पिछडिएका क्षेत्र लगायतका समस्याहरुलाई संवोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।

३.६ सामन्तवादका सवै रुपहरुको अन्त्य गर्ने आर्थिक सामाजिक रुपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।

३.७ सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्वन गर्ने ।

३.८ राष्ट्रिय उद्योगधन्दा र साधनश्रोतको संरक्षण र प्रवर्धन गर्ने नीति अनुसरण गर्ने ।

३.९ शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सवै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।

३.१० सुकुम्वासी, कमैया, हलिया, हरवाचरवा लगायतका आर्थिक सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।

३.११ सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरु उपर कडा कार्वाही गरी दण्डित गर्ने नीति लिने ।

३.१२ देशको आर्थिक-सामाजिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रुपले समृद्धशाली वनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।

३.१३ श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरुको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

४. सेना र हतियार व्यवस्थापन

संविधान सभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रिकरण तथा पुनर्संरचना गर्न विगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, पच्चीस बुँदे आचारसंहिता, संयुक्त राष्ट्र संघलाई पठाइएको पाँच बुँदे पत्र र कार्तिक २२ गते सम्पन्न शीर्ष नेताहरुको बैठकका निर्णयहरु अनुरुप निम्न कामहरु गर्ने -

माओवादी सेनाको सम्बन्धमा -

४.१. २०६३ साल साउन २४ गते नेपाल सरकार र ने.क.पा.(माओवादी) को तर्फबाट संयुक्त राष्ट्र संघलाई पठाइएको पत्रमा व्यक्त प्रतिवद्धता अनुसार माओवादी सेनाका लडाकुहरु (Combatants) निम्न लिखित स्थानहरुमा अस्थायी शिविरहरु (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्र संघद्वारा उनीहरुको प्रमाणीकरण र अनुगमन गर्ने ।

मुख्य शिविरहरु निम्न स्थानहरुमा रहनेछन् :

१. कैलाली २. सुर्खेत ३. रोल्पा ४. नवलपरासी

५. चितवन ६. सिन्धुली ७. इलाम

मुख्य शिविरहरु वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरु रहनेछन् ।

४.२. माओवादी सेनाका लडाकुहरु शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठा वाहेक अन्य सवै हतियारहरु शिविर भित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीका लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, ने.क.पा.(माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने ।

४.३. माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा बसिसकेपछि उनीहरुको रसदपानी लगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने ।

४.४ माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिममन्त्रीपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने ।

४.५ माओवादी नेताहरुको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

नेपाली सेनाको सम्बन्धमा -

४.६ संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरु कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरु सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्वन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीको लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने ।

भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, नेपाल सरकार र ने.क.पा.(माओवादी) को सहमतिले तयार गर्ने ।

४.७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरु गर्ने ।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरुको सुरक्षा लगायतका कामहरुलाई निरन्तता दिने ।

५.युद्धविराम

५.१ सैन्य कारवाही र सशस्त्र परिचालनको अन्त्य :

५.१.१. दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिवद्धता व्यक्त गर्दछन् :-

क) प्रत्यक्ष वा अप्रत्यक्षरुपमा एक अर्कोप्रति लक्षित कुनै पनि किसिमको हात हतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

ख) दुबै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियारसहित या रहित रुपमा अर्को पक्षको हातहतियार खानतलासी वा वरामदी गर्ने कार्य,

ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दवाव पुऱ्याउने कार्य,

घ) एक अर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

ङ) हत्या तथा हिंसात्मक कारवाहीहरु

च) अपहरण/पक्राउ/ थुनछेक/बेपत्ता पार्ने कार्य

छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

ज) हवाई आक्रमण वा बम्बारी,

झ) जमिन मुनी बारुद विछ्याउने कार्य (माइनिङ्ग) र विध्वंसात्मक कार्य (स्यावोटेज),

ञ) एक अर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य ।

५.१.२ दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगठ्ठा तथा विष्फोटक पदार्थ ओसार पसार वा एक अर्का विरुद्ध सैनिक हर्कत गर्ने छैनन् ।

तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हात हतियार, विष्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थ जस्ता सामानहरु गैरकानूनी रुपमा ओसार पसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा वरामदी गर्न सक्नेछ ।

५.१.३ कुनै पनि व्यक्ति वा समूह अवैध हात हतियार, गोलीगठ्ठा र विष्फोटक पदार्थ साथमा लिई आवतजावत गर्ने छैनन् ।

५.१.४ दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरुको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एक अर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्कृय र निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन् ।

५.१.५ कुनै पनि नागरिक सभा वा राजनैतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्व्याट पोशाकसहित उपस्थित हुने छैनन् ।

५.१.६ नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति संझौताको मर्म र भावना अनुरुप तथा प्रचलित कानूनबमोजिम कानून व्यवस्था र शान्ति सुव्यवस्था एवं अपराध अनुसन्धानको कार्य चालु राख्नेछ ।

५.१.७ एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई 'शत्रु' भनी सम्बोधन गर्न र व्यवहार गर्न समेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन् ।

५.१.८ सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरु लगत खडा गरी तत्काल फिर्ता गर्न दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

५.२ स्थिति सामान्यीकरणका उपायहरुः

५.२..१ इच्छा विपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असूली गर्न पाइने छैन ।

५.२..२ आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

५.२.३ दुवै पक्षद्वारा वेपत्ता पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको बास्तविक नाम,थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४ दुबै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५ दुबै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गंभीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६ दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिवद्धताकासाथ देशमा विद्यमान सबै स्वरुपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेकोछ

५.२.७ दुवै पक्ष विभिन्न व्यक्तिहरुलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् ।

५.२.८ दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरु पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरुलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन् ।

५.२.९ उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरु आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकुल वातावरण श्रृजना गर्ने कार्यमा सबै राजनितिक दलहरु, नागरिक समाज र स्थानीय संघ संस्थाहरु समेतको सहयोगमा व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न गराउन दुबै पक्ष सहमत छन् ।

५.२.१० दुवै पक्ष परिवारका कुनै सदस्य एक अर्का पक्षसँग सम्वद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरुमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दवाव नदिन प्रतिबद्धता जाहेर गर्दछन् ।

५.२.११ नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरुलाई देशको कुनै पनि भागमा स्वतन्त्र रुपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको क्रममा तिनीहरुलाई कुनै पनि किसिमको वाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरुको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन् ।

५.२.१२ संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय दातृ समुदाय लगायत नेपाल स्थित कूटनैतिक नियोग,राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, प्रेस, मानव अधिकारवादीहरु, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरुलाई नेपाल राज्यभित्र कानुन बमोजिम निर्वाध आवत जावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् ।

५.२.१३ दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरु शिष्ट र मर्यादित ढङ्गले संचालन गर्न प्रतिबद्ध छन् ।

६. युद्ध समाप्ति

६.१ २०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) वीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार (माओवादी) वीच चालु युद्धविरामलाई स्थायी रुप दिदै २०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौं ।

६.२ सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको २०६३ साल कार्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरु दीर्घकालीन शान्तिको लागि मूल नीतिगत आधार हुनेछन् ।

६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा आइसकेपछि सहमति, संझौता र कानुन प्रतिकूल हतियार राख्न, प्रदर्शन, डरत्रास र कुनै पनि रुपमा हिंसा र हतियारको प्रयोग गर्न कानूनतः दण्डनीय हुनेछ ।

६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न र पक्ष विपक्षमा लाग्न पाउने छैनन् । तर उनीहरुलाई मताधिकारबाट बञ्चित गरिनेछैन ।

७. मानव अधिकार, मौंलिक अधिकार र मानवीय कानूनको परिपालना

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै दुबै पक्ष देहायका विषयहरुमा आफ्नो सहमति जनाउँछन् :

७.१ मानव अधिकार :

७.१.१ दुवै पक्षले मानव अधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानूनप्रतिको प्रतिवद्धताको पुनःपुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन् ।

७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिवद्ध छन् ।

७.१.३ दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुर्‍याउने जिम्मेवार व्यक्तिहरु माथि कानुन अनुसार निष्पक्ष छानवीन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहिनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातना पीडित तथा वेपत्ता पारिएकाहरुको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारवाही समेत गर्नेछन् ।

७.१.५ दुवै पक्षले धर्म निरपेक्षताको मूल्य मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन् ।

७.२ बाँच्न पाउने अधिकार :

७.२.१. दुबै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । कसैलाई पनि यो आधारभूत अधिकारबाट बञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइने छैन ।

७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार

७.३.१. दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन् । यस सिलसिलामा कानून बमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित व्यक्ति लगायत कोही पनि यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् । कानुनतः नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ ।

७.३.२. दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानूनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन् । दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरुका परिवारजन, कानूनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससंग सम्बन्धित जानकारी दिन सहमत छन् ।

७.३.३ दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोबासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरु आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरुले चाहे अनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिवद्धता व्यक्त गर्दछन् ।

७.४ नागरिक तथा राजनीतिक अधिकार

७.४.१ दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषण विरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिवद्ध छन् ।

७.४.२ दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधि मार्फत् सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन् ।

७.४.३ दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिवद्ध छन् ।

७.५ आर्थिक- सामाजिक अधिकार

७.५.१ व्यक्तिले स्वतन्त्ररुपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवन यापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिवद्ध छन् ।

७.५.२. दुवै पक्ष सबै जनताको खाद्य सुरक्षा सम्बन्धी हकको सम्मान एवम् प्रत्याभूति गर्न प्रतिवद्ध छन् । खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसारपसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन् ।

७.५.३ दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन् । दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुऱ्याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरुको औषधि उपचार गर्न एवं पुर्नस्थापनाको कार्य गर्न प्रतिवद्धता व्यक्त गर्दछन् ।

७.५.४ दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिवद्ध छन् । दुबै पक्ष शिक्षासम्बन्धी हकको उल्लंघन नहुने कुराको सुनिश्चितता गर्न सहमत छन् । शिक्षण संस्थालाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरुलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य व्यारेक नराख्न सहमति व्यक्त गर्दछन् ।

७.५.५.कानून बमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

७.५.६ दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्वल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदावाजीको हक एवं सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरुलाई शान्तिपूर्ण रुपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम संगठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन् ।

७.६ महिला तथा बालबालिकाको अधिकार

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरुको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा बालबालिका विरुद्ध हुने वालश्रम लगायतका सबै खाले हिंसात्मक कार्यहरुमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरुलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रुपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरु तुरुन्त उद्धार गरिने छन् र तिनीहरुको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

७.७. वैयक्तिक स्वतन्त्रताको अधिकार

७.७.१. दुबै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिना हातहतियार भेला हुने स्वतन्त्रता,, आवागमनको स्वतन्त्रता, आफूखुशी पेशा व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक

कृयाकलापमा सहभागी हुने स्वतन्त्रता, कानुनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय व्यवस्था सञ्चालन गर्न गराउन सहमत छन् ।

८. मतभेद निरुपण तथा कार्यान्वयन संयन्त्रः

८.१ दुवै पक्ष विगतमा भए गरेका त्रुटिहरुलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रुपमा सच्यांउदै लैजाने गरी वैयक्तिक एवम् सामुहिक रुपमा उत्तरदायी हुने सहमति प्रकट गर्दछन् ।

८.२ राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकता अनुसार संयन्त्रहरुको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्री परिषद्ले तय गरे बमोजिम हुनेछ ।

८.३ दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी सम्वाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छन् ।

८.४ यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र नेकपा ( माओवादी) वीच भएका सबै निर्णय, सहमति र समझदारीहरु कार्यान्वयन गर्न अन्तरिम मन्त्रीपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचना सम्बन्धी उच्चस्तरीय सुझाव आयोग लगायत आवश्यकता अनुसारका अन्य संयन्त्रहरुको गठन गर्ने र तिनीहरुको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुबै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।

९. कार्यान्वयन तथा अनुगमन

यस सम्झौतामा उल्लेख गरिएका सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनको लागि निम्न व्यवस्था गर्न दुवै पक्ष सहमत भएका छन् -

९.१ दुवै पक्ष संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयबाट यस संझौतामा उल्लेखित मानवअधिकार सम्बन्धी प्रावधानहरुको अनुगमनको कामलाई निरन्तरता दिन सहमत छन् ।

९.२ दुबै पक्ष संयुक्त राष्ट्र संघको नेपाल स्थित मिशनबाट पूर्व प्रेषित पाँच बुँदे पत्र र यस संझौतामा उल्लेख भए अनुसार सैन्य तथा हतियार व्यवस्थापनको अनुगमन गराउन सहमत छन् र त्यस कार्यमा सहयोग पुऱ्याउन प्रतिवद्धता व्यक्त गर्दछन् ।

९.३ दुबै पक्ष संयुक्त राष्ट्र संघबाट संविधान सभाको निर्वाचनको पर्यवेक्षण गराउन सहमत छन् ।

९.४ राष्ट्रिय मानव अधिकार आयोगले कानून बमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्झौतामा उल्लेख गरिएका मानव अधिकार अनुगमन सम्बन्धी कार्यहरु पनि सम्पादन गर्नेछ । आयोगले आफ्नो कार्य सम्पादन गर्ने क्रममा मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

९.५ माथि उल्लेखित सबै निकायले दिएका प्रतिवेदनहरु बुझ्न, अनुरोध गरेका सूचनाहरु उपलब्ध गराउन तथा तिनले दिएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयन सहमति र छलफलको आधारमा गर्न दुवै पक्ष सहमत छन् ।

१०. विविधः

१०.१ कार्तिक २२ गतेको निर्णयको मर्म र शान्ति संझौताको भावना अनुरुप सरकार वा राज्य संयन्त्रका कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरुपको संयन्त्र संचालन नगर्न दुवै पक्ष सहमत छन् ।

१०.२ दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार अन्य पूरक सहमतिहरुमा हस्ताक्षर गर्न मञ्जुर गर्दछन् ।

१०.३ दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिने छ । संशोधन गर्न चाहेमा सो को लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुवै पक्ष सहमत छन् । त्यसरी

सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यता प्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय कानूनको मापदण्ड तथा शान्ति स्थापनाको मूल मर्मभन्दा न्यून हुने छैन ।

१०.४ यो संझौताको कुनै व्याख्यामा कुनै विवाद उत्पन्न भएमा यो संझौताको प्रस्तावना र अनुसूचीमा सङ्लग्न दस्तावेजहरुका आधारमा दुबै पक्ष सम्मिलित संयुक्त संयन्त्रले व्याख्या गर्ने छ र यो व्याख्या अन्तिम हुनेछ ।

१०.५ अन्तरिम व्यवस्थापिका -संसद गठन भए पछि यस संझौतामा उल्लेखित ‘दुई पक्ष’ को अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ । यसपछि यस संझौतामा उल्लेखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने गराउने दायित्व अन्तरिम मन्त्रीपरिषद्ले व्यवस्था गरे

बमोजिम हुनेछ । संभ्कौताको पालना तथा कार्यान्वयनमा सहयोग पुर्‍याउनु सबै राजनीतिक दलहरुको कर्त्तव्य तथा जिम्मेवारी हुनेछ ।

१०.६ सिङ्गो मुलुक संविधान सभाको निर्वाचनको मुख्य अभियानमा केन्द्रित भइरहेको बेला आफ्ना समस्या र मागहरुलाई संवाद र वार्ताको माध्यमबाट समाधान गर्न तथा संविधान सभाको निर्वाचन तथा शान्ति सुरक्षाको स्थितिलाई सहयोग पुर्‍याउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१०.७ सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै संविधान सभाको निर्वाचनद्वारा नयाँ लोकतान्त्रिक नेपालको निर्माण तथा दिगो शान्ति स्थापनाको यो ऐतिहासिक अभियानमा सकृय सहभागिता जनाई सफल बनाउन राजनीतिक दल, नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय सङ्गठनहरु, पत्रकार जगत, वुद्धिजीवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक अपील गर्दछौं ।

१०.८ पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापनाको यो अभियानमा नेपाललाई सहयोग पुर्‍याउन सबै मित्र राष्ट्रहरु तथा संयुक्त राष्ट्र सङ्घ लगायत अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आग्रह गर्दछौं ।

देश र जनताको भविष्यप्रतिको जिम्मेवारी बोध गर्दै र यस विस्तृत शान्ति सम्झौता प्रति पूर्ण प्रतिबद्ध हुंदै हामी-नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौं ।

| | |
|---|---|
| प्रचण्ड | गिरिजाप्रसाद कोइराला |
| अध्यक्ष | प्रधानमन्त्री |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | नेपाल सरकार |

हस्ताक्षर मिति :-२०६३/८/५

श्रोतः ऐ. ऐ.

# अनुसूची–११

संविधानसभा सचिवालयको सूचना

गणतन्त्रको कार्यान्वयन गर्ने सम्बन्धी संविधानसभाको पहिलो बैठकबाट पारित प्रस्ताव

नेपाली जनताले २००७ साल पहिलेदेखि पटक–पटक गर्दै आएका ऐतिहासिक संघर्ष, क्रान्ति र जन–आन्दोलन मार्फत अभिव्यक्त जनादेशको सम्मान गर्दै, प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न, राजनीतिक दलहरुका बीच भएको सहमती तथा नेपालको अन्तरिम संबिधान, २०६३को धारा १५९ को उपधारा (२) अनुरुप इतिहासले सुम्पेको अभिभारालाई आत्मसात् गर्दै, नेपाल सरकार, मन्त्रिपरिषदको तर्फबाट माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले संविधानसभाको पहिलो बैठकमा प्रस्तुत गर्नु भएको गणतन्त्रको कार्यान्वयन गर्ने सम्बन्धी देहाय वमोजिमको प्रस्ताव संविधानसभाको पहिलो बैठकले बहुमतबाट पारित गरेको हुंदा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ : –

१. सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजैका मितिदेखि एक संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ ।

२. मुलुकमा विधिवत् लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएकोले यससँग बाझिने सबै संबैधानिक प्रावधान, कानून र प्रशासनिक व्यवस्था आजैका मितिदेखि बाझिएको हदसम्म खारेज भएको मानिने छ । यो घोषण पारित हुनु भन्दा तत्काल अघि प्रचलित कानून, परम्परा, रीति, सामाजिक तथा साँस्कृतिक व्यवहार एवं अभ्यासमा रहेका तत्कालिन राजा र निजका परिवारका सदस्यलाई आम नेपाली नागरिकलाई भन्दा भिन्न रुपमा प्राप्त सम्पूर्ण  अधिकार, सुविधा, हैसियत तथा उपाधि स्वतः अन्त्य हुनेछ ।

३. नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् घोषित भएको भएको अवस्थामा राष्ट्रपतिको व्यवस्था लगायतका अत्यावश्यक प्रावधानलाई संबैधानिक रुपमा संस्थागत गर्न नेपालको अन्तरिम संबिधान, २०६३ मा आवश्यक संशोधन विधेयक पेश गरिएको छ । राष्ट्रपतिको निर्वाचन प्रणाली लगायत अन्य आवश्यक विषयमा संबिधान संशोधन सम्बन्धी अर्को विधेयक पेश गरिने छ ।

४. नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् प्रवेश गरी नयाँ युग आरम्भ भएको ऐतिहासिक अवसरमा यो बैठक सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अपर्ण गर्दछ । यस अवसरमा सम्पूण नेपाली जनतालाई हार्दिक बधाई ज्ञापन गर्दै आज र अब उप्रान्त प्रत्येक सालको जेठ १५ गते गणतन्त्र दिवशलाई हर्षोल्लासपूर्ण वातावरणमा व्यापक रुपमा विधिवत कार्यक्रमहरुका साथ मनाउन देश भित्र र बाहिर रहनु भएका सम्पूर्ण नेपालीहरुमा यो बैठक हार्दिक आह्वान गर्दछ ।

५. नेपालमा लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भइसकेको सन्दर्भमा नारायणहिटी दरवार परसर तथा यस भित्र रहेको सम्पूण सम्पदालाई ऐतिहासिक संग्रहालय लगायत राष्ट्रिय हितमा उपयोग गर्न नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने छ ।

श्रोतःनेपाल राजपत्रः खण्ड ५८)(अतिरिक्ताङ्कः ५ ख)

# अनुसूची–१२

संबिधानसभा सदस्य निर्वाचन, २०६४ को परिणामः–

(क) संविधानसभा सदस्य निर्वाचन २०६४ (प्रत्यक्ष/बहुमतीय निर्वाचन प्रणाली अन्तर्गत)

| क.स. | राजनीतिक दलको नाम | उम्मेदवार संख्या | प्राप्त सिट संख्या |
|---|---|---|---|
| १ | ने.क.पा. (माओवादी) | २४० | १२० |
| २ | नेपाली कांग्रेस | २४० | ३७ |
| ३ | ने.क.पा. (एमाले) | २१२ | ३३ |
| ४ | मधेशी जनअधिकार फोरम, नेपाल | १०३ | ३० |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ९४ | ९ |
| ६ | सद्भावना पार्टी | ८७ | ४ |
| ७ | जनमोर्चा नेपाल | २०३ | २ |
| ८ | नेपाल मजदुर किसान पार्टी | ९८ | २ |
| ९ | राष्ट्रिय जनमोर्चा | १२२ | १ |
| १० | राष्ट्रिय प्रजातन्त्र पार्टी | २३२ | ० |
| ११ | ने.क.पा. (माले) | ११६ | ० |
| १२ | राष्ट्रिय जनशक्ति पार्टी | १९८ | ० |
| १३ | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | २०४ | ० |
| १४ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) | १३६ | ० |
| १५ | नेपाल सद्भावना पार्टी (आ.) | १०४ | ० |
| १६ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ५५ | ० |
| १७ | राष्ट्रिय जनमुक्ति पार्टी | ८४ | ० |
| १८ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ४५ | ० |
| १९ | दलित जनजाति पार्टी | ५० | ० |
| २० | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल | २२ | ० |
| २१ | नेपाली जनता दल | ४० | ० |
| २२ | समाजवादी प्र. जनता पार्टी, नेपाल | ५० | ० |

| | | | |
|---|---|---|---|
| २३ | नेपाः राष्ट्रिय पार्टी | ६ | ० |
| २४ | नेपाल लोकतान्त्रिक समाजवादी दल | ११ | ० |
| २५ | ने.क.पा. (संयुक्त मार्क्सवादी) | ४८ | ० |
| २६ | लोक कल्याणकारी जनता पार्टी नेपाल | ३४ | ० |
| २७ | मंगोल नेशनल अर्गनाईजेशन | १७ | ० |
| २८ | नेपाल जनता पार्टी | २५ | ० |
| २९ | राष्ट्रीय जनता दल | ८ | ० |
| ३० | ताम्सालिङ नेपाल राष्ट्रीय दल | २२ | ० |
| ३१ | राष्ट्रिय जनता दल नेपाल | १७ | ० |
| ३२ | राष्ट्रीय विकास पार्टी | २१ | ० |
| ३३ | मुस्कान सेना नेपाल पार्टी | ३४ | ० |
| ३४ | ने.क.पा. (मार्क्सवादी) | ८ | ० |
| ३५ | नेपाल राष्ट्रिय विसान पार्टी | १३ | ० |
| ३६ | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) | ११ | ० |
| ३७ | समाजवादी पार्टी नेपाल | ५ | ० |
| ३८ | नव जनवादी मोर्चा | १५ | ० |
| ३९ | शान्ति पार्टी नेपाल | १२ | ० |
| ४० | सशक्ति नेपाल | ६ | ० |
| ४१ | राष्ट्रवादी युवा मोर्चा | ५ | ० |
| ४२ | नेपाल समता पार्टी | १४ | ० |
| ४३ | लिग नेपाल शान्ति एकता पार्टी | १० | ० |
| ४४ | जनमुक्ति पार्टी, नेपाल | ३ | ० |
| ४५ | हिन्दू प्रजातान्त्रिक पार्टी | ४ | ० |
| ४६ | लिवरल समाजवादी पार्टी | ३ | ० |
| ४७ | नेपाल जनभावना पार्टी | २ | ० |
| ४८ | नेपाल राष्ट्रिय जनकल्याण पार्टी | ३ | ० |
| ४९ | नेपाल दलित श्रमिक मोर्चा | १ | ० |

| | | | |
|---|---|---|---|
| ५० | नेपाल साम्यवादी दल | १ | ० |
| ५१ | नेपाल राष्ट्रिय लोकतान्त्रिक दल | २ | ० |
| ५२ | नेपाल शान्ति क्षेत्र परिषद् | ३ | ० |
| ५३ | राष्ट्रवादी एकता पार्टी | २ | ० |
| ५४ | नवनेपाल प्रजातान्त्रिक दल | २ | ० |
| ५५ | स्वतन्त्र | ८१६ | २ |
| जम्मा | | ३,९४६ | २४० |

(ख) संविधानसभा सदस्य निर्वाचन २०६४ (समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत)

| क्र.स. | राजनीतिक दलको नाम | उम्मेदवार संख्या | प्राप्त सिट संख्या |
|---|---|---|---|
| १ | ने.क.पा. (माओवादी) | ३३३ | १०० |
| २ | नेपाली कांग्रेस | ३२९ | ७३ |
| ३ | ने.क.पा. (एमाले) | ३३२ | ७० |
| ४ | मधेशी जनअधिकार फोरम, नेपाल | १०० | २२ |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ९७ | ११ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २६० | ८ |
| ७ | ने.क.पा. (माले) | १७६ | ८ |
| ८ | जनमोर्चा नेपाल | ३२० | ५ |
| ९ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ६७ | ५ |
| १० | सद्भावना पार्टी | १०० | ५ |
| ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | २२१ | ४ |
| १२ | राष्ट्रिय जनशक्ति पार्टी | २७८ | ३ |
| १३ | राष्ट्रिय जनमोर्चा | ३३३ | ३ |
| १४ | नेपाल मजदुर किसान पार्टी | ८६ | २ |
| १५ | राष्ट्रिय जनमुक्ति पार्टी | १०० | २ |
| १६ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) | ३२८ | २ |
| १७ | नेपाल सद्भावना पार्टी (आ.) | ६८ | २ |
| १८ | नेपाली जनता दल | ८७ | २ |

| | | | |
|---|---|---|---|
| १९ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ९४ | २ |
| २० | समाजवादी प्र. जनता पार्टी, नेपाल | १७४ | १ |
| २१ | दलित जनजाति पार्टी | ७२ | १ |
| २२ | नेपाल परिवार दल | ७१ | १ |
| २३ | नेपाः राष्ट्रिय पार्टी | ७२ | १ |
| २४ | नेपाल लोकतान्त्रिक समाजवादी दल | ८० | १ |
| २५ | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल | ४२ | १ |
| २६ | नेपाल राष्ट्रीय विकास पाटी | ४२ | ० |
| २७ | समाजवादी पार्टी नेपाल | ३५ | ० |
| २८ | राष्ट्रीय जनता दल | ३३ | ० |
| २९ | नेपाल समता पार्टी | ३५ | ० |
| ३० | ने.क.पा. (संयुक्त मार्क्सवादी) | १०० | ० |
| ३१ | ने.क.पा. (मार्क्सवादी) | ३७ | ० |
| ३२ | हिन्दू प्रजातान्त्रिक पार्टी | ६१ | ० |
| ३३ | नव जनवादी मोर्चा | ३३ | ० |
| ३४ | राष्ट्रिय किसान पार्टी | ३८ | ० |
| ३५ | मुस्कान सेना नेपाल पार्टी | ५४ | ० |
| ३६ | लिग नेपाल शान्ति एकता पार्टी | ५९ | ० |
| ३७ | नेपाल जनभावना पार्टी | ४५ | ० |
| ३८ | नेपाल शान्ति क्षेत्र परिषद् | ५९ | ० |
| ३९ | राष्ट्रिय युवा मोर्चा | ५७ | ० |
| ४० | नेपाल राष्ट्रिय लोकतान्त्रिक दल | ३६ | ० |
| ४१ | राष्ट्रवादी एकता पार्टी | ४९ | ० |
| ४२ | नेपाली कांग्रेस (राष्ट्रवादी) | ३९ | ० |
| ४३ | जनमुक्ति पार्टी, नेपाल | ७९ | ० |
| ४४ | सशक्ति नेपाल | ६३ | ० |
| ४५ | राष्ट्रिय जनता दल नेपाल | ७६ | ० |

| | | | |
|---|---|---|---|
| ४६ | शान्ति पार्टी नेपाल | ६८ | ० |
| ४७ | नेपाल जनता पार्टी | ५१ | ० |
| ४८ | लोककल्याणकारी जनता पार्टी नेपाल | ८६ | ० |
| ४९ | मंगोल नेशनल अर्गनाईजेशन | ४६ | ० |
| ५० | नेपाल साम्यवादी दल | ४१ | ० |
| ५१ | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) | ५६ | ० |
| ५२ | नेपाल दलित श्रमिक मोर्चा | ४६ | ० |
| ५३ | ताम्सालिङ नेपाल राष्ट्रीय दल | ५० | ० |
| ५४ | नवनेपाल प्रजातान्त्रिक दल | ३६ | ० |
| जम्मा | | ३०१६ | ३३५ |

श्रोतः निर्वाचन आयोग:२०६५, संबिधानसभा सदस्य निर्वाचनः २०६४, निर्वाचन परिणाम पुस्तिका ।